महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन २०८२


सारांश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन २०८२

सारांश



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

प्राक्कथन



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) को प्रावधान तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लेख भएका वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनका साथै यो सारांश प्रतिवेदनसमेत तयार गरिएको छ। यस प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति, भविष्यमा गर्नुपर्ने सुधार लाई अलग अलग परिच्छेदमा प्रस्तुत गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश सरोकारवालालाई सुसूचित गराउन एवं पारदर्शिता प्रवर्धन गर्न उल्लिखित प्रतिवेदनहरू कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ।

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गत सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र सङ्घीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको आर्थिक वर्ष २०८०।८१ र बक्यौतासमेतको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणलाई व्यवस्थित र दिशानिर्देश गर्न वार्षिक लेखापरीक्षण योजना र सोको आधारमा निकाय र कार्यालयगत लेखापरीक्षण योजना तयार गरी उक्त योजनाअनुसार लेखापरीक्षण ऐन, मानदण्ड, मार्गदर्शन एवं निर्देशिकाको पालना गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। कार्यालयले जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरेको छ। जोखिममा आधारित सूचकको आधारमा बढी जोखिमयुक्त निकाय र कार्यालयहरूको स्थलगत रूपमा विस्तृत र न्यून जोखिमयुक्त कार्यालयको संक्षिप्त कार्यविधि अवलम्बन गरी दूर लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणका सम्पूर्ण क्रियाकलापलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत अभिलेखीकरण तथा व्यवस्थापन गरिएको छ।

पूर्ण सरकारी स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षण गर्न कानुनबमोजिम प्रमाणपत्र प्राप्त पेसागत लेखापरीक्षकलाईसमेत सहभागी गराउनुका साथै अधिकांश स्वामित्व भएका सङ्गठित संस्थामा लेखापरीक्षक नियुक्ति सम्बन्धमा परामर्श प्रदान गरिएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त विषय छनोट गरी कार्यमूलक, वातावरणीय तथा सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम प्राप्त प्रतिक्रियासमेतबाट फस्यौंट हुन नसकेका विषय विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराई वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। लेखापरीक्षण गुणस्तर कायम गर्न सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफएम रेडियो र कार्यालयको वेबसाइटमार्फत सूचना प्राप्ति तथा प्रसारण, लेखापरीक्षण प्रवेश र बहिर्गमन बैठकको अनिवार्यतालगायतका व्यवस्था गरिएको छ। कार्यमूलक लेखापरीक्षणलाई प्रभावकारी बनाउन लेखापरीक्षणमा नागरिक समाजका संस्थाको सहभागिता गराइएको छ। यसै गरी लेखापरीक्षण गुणस्तर कायम गर्न लेखापरीक्षकको आचारसंहिता निर्धारण एवं सोको कार्यान्वयन स्थितिको अनुगमनको व्यवस्था गर्नुका साथै लेखापरीक्षणका प्रत्येक चरणमा सुपरिवेक्षकबाट अनुगमन एवं सुपरिवेक्षण र केही लेखापरीक्षण फाइलको छनौट गरी स्वतन्त्र तवरले गुणस्तर समीक्षा गरिएको छ। लेखापरीक्षणकै क्रममा निकाय तथा कार्यालय प्रमुख, स्थानीय तहका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख र सरोकारवालाहरूसँग भर्चुअल माध्यमबाट

छलफल गरी पृष्ठपोषण लिइएको र प्राप्त सुझावअनुसार लेखापरीक्षण प्रक्रियामा सुधार गरिएको छ। अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोगमा सञ्चालित आयोजनाहरूको सहयोग सम्झौता बमोजिम लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ।

यो वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको रु.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट विभिन्न सैद्धान्तिक बेरुजुका अतिरिक्त रु.९१ अर्ब ६० करोड लगती बेरुजु देखिएको छ। सोमध्ये ३ हजार ९३ सङ्घीय सरकारी कार्यालयको रु.३१ खर्ब ६ अर्ब १६ करोड लेखापरीक्षणबाट रु.४७ अर्ब ७४ करोड अर्थात् १.५४ प्रतिशत बेरुजु देखिएको छ। प्रदेशतर्फ १ हजार १६५ कार्यालयको रु.३ खर्ब ८ अर्ब ५६ करोडको लेखापरीक्षणबाट रु.४ अर्ब २० करोड अर्थात् १.३६ प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७५३ र बक्यौता ८ समेत ७६१ को रु.११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षणबाट रु.२५ अर्ब ३२ करोड अर्थात् २.२६ प्रतिशत बेरुजु देखिएको छ। समिति र अन्य संस्थातर्फ ६९५ निकायको रु.५ खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण भएकोमा रु.१४ अर्ब ३३ करोड बेरुजु कायम भएको छ। त्यसैगरी ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको रु.४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रु.१५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण भएको छ।

गत वर्षसम्मको बाँकी बेरुजु रु.६ खर्ब ६९ अर्ब ८६ करोड रहेकोमा समायोजन तथा फर्स्यौट गरिएको अङ्क घटाई यो वर्षको थपसमेत रु.७ खर्ब ३३ अर्ब १९ करोड बेरुजु बाँकी रहेको छ। लेखापरीक्षणको क्रममा तथा सम्परीक्षणबाट यो वर्ष रु.१४ अर्ब ४८ करोड असुल भएको छ। कारबाही गरी टुङ्गो लगाउनुपर्ने रु.५ खर्ब ५१ अर्ब २ करोड रहेको मध्ये राजस्व बक्यौता रु.४ खर्ब ७२ अर्ब ३५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान रु.६ अर्ब २५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण रु.१४ अर्ब ३३ करोड, जमानत बसी दिएको ऋणको भाखा नाघेको सावाँ ब्याज रु.४९ अर्ब ३७ करोड र लेखापरीक्षण बक्यौता रु.८ अर्ब ७१ करोड रहेको छ।

सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शिता, निष्ठा प्रवर्धन गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य हो। यस प्रतिवेदनको परिच्छेद २ अन्तर्गत लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थितिमा **लेखापरीक्षणको दृष्टिमा सार्वजनिक उत्तरदायित्व** शीर्षक राखी एक पृष्ठमा समग्र विषयको सारसंक्षेप उल्लेख गरिएको छ। त्यसै गरी लेखापरीक्षणको प्रारम्भिक एंव अन्तिम प्रतिवेदनका बेहोरामा सुझावहरू समावेश गरिएकोमा उक्त सुझाव एवं गत विगतको लेखापरीक्षणको अनुभवसमेतलाई दृष्टिगत गरी यस प्रतिवेदनको परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधारहरू समावेश गरिएको छ। सुझावहरूलाई शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, सूचना प्रविधि र सुशासनसमेत ८ शीर्षकमा प्रस्तुत गरिएको छ। उक्त सुझावहरूको कार्यान्वयनमा सार्वजनिक निकायहरूले प्रभावकारी भूमिका निर्वाह गर्नेमा म विश्वस्त छु।

कार्यालयबाट संस्थागत र पेशागत क्षमता विकास, गुणस्तर अभिवृद्धि, आन्तरिक सुशासन, एवं सरोकालवालाहरूसँगको सम्बन्ध मजबुत तथा पेशागत आचरण पालना र कार्यव्यवहारमा सुधारलगायतका कार्य भइरहेका छन्। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षण मानदण्ड, मार्गदर्शन र निर्देशिकाहरूको अवलम्बन गरी लेखापरीक्षण कार्यप्रणालीमा सुधार गरिएको छ। कार्यालयलाई उपलब्ध सीमित साधन स्रोतको महत्तम उपयोग गरी निर्धारित नतिजा प्राप्त हुने गरी कार्यसञ्चालन गरिएको छ। लेखापरीक्षणका सुझाव कार्यान्वयन एवं यसको प्रभाव अभिवृद्धिका लागि सङ्घीय संसद र प्रदेश सभाअन्तर्गतका सार्वजनिक लेखा समिति तथा अन्य संसदीय समितिहरूसँग निरन्तर छलफल, सम्पर्क एवं समन्वय गरिएको छ। सोका अतिरिक्त लेखा उत्तरदायी अधिकृत, स्थानीय तहका पदाधिकारी तथा कर्मचारी, विभिन्न पेसाविद्, उद्योगी एवं व्यापारी सङ्गठनका प्रतिनिधि,

सरोकारवाला, लेखापरीक्षण सल्लाहकार समिति, पत्रकारहरूसँग अन्तरक्रिया एवं छलफल गरी पृष्ठपोषण लिइएको छ। पृष्ठपोषणबाट प्राप्त सुझावका आधारमा यस कार्यालयको कार्यनीति एवं भावी रणनीतिक योजना तर्जुमा भइरहेको छ। लेखापरीक्षण गुणस्तर अभिवृद्धि गरी जनअपेक्षा अनुरूप कार्यसम्पादन गर्नका लागि हाल उपलब्ध साधन स्रोत नपुग भएकोले आवश्यक स्रोत साधन प्राप्तिमा नेपाल सरकारबाट सहयोगको अपेक्षा गरेको छु।

नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठन (एसोसाई) र ती सङ्गठनका विभिन्न कार्य समूहमा सहभागी भई लेखापरीक्षणका असल अभ्यास अवलम्बन गर्ने, आपसी अनुभव आदान-प्रदान गर्ने तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा कार्यालयको प्रतिनिधित्व गर्ने कार्य भइरहेको छ। सर्वोच्च लेखापरीक्षण संस्थाबिच ज्ञान, सीप र अनुभव आदान-प्रदान एवं आपसी सहयोग अभिवृद्धिमार्फत लेखापरीक्षण गुणस्तरमा सुधार गर्ने कार्यलाई निरन्तरता दिइएको छ। आगामी दिनमा समेत अन्तर्राष्ट्रिय सङ्गठन, संस्था, तिनका कार्य समूहसँगको आबद्धता अझ सबल र प्रगाढ बनाइनेछ।

अन्तमा, प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयन भई सरकार तथा सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्धनमार्फत सुशासन कायम गर्न सहयोग पुग्ने विश्वास लिएको छु। सोका लागि प्रतिनिधिसभा सार्वजनिक लेखासमिति र प्रदेश सभाका लेखा समितिमा प्रतिवेदन उपर समयमा नै छलफल गरी सम्बन्धित सरकारी निकायहरूलाई आवश्यक निर्देशनको अपेक्षा गरेको छु। लेखापरीक्षणको कार्य सम्पन्न गर्न सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, सङ्घीय संसद तथा प्रदेशसभा, तीनै तहका सरकारका पदाधिकारी, विकास साझेदार, सल्लाहकार समिति, नागरिक समाज, सञ्चारकर्मी तथा अन्य सरोकारवालाबाट प्राप्त मार्गदर्शन तथा विभिन्न माध्यममार्फत आम नागरिकबाट प्राप्त पृष्ठपोषणप्रति आभार व्यक्त गर्दछु। समग्र लेखापरीक्षण कार्य सम्पन्न गर्न एवं वार्षिक प्रतिवेदन तयार गर्न कार्यालयका कर्मचारीले पूरा गरेको जिम्मेवारीको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
प्राक्कथन		
लेखापरीक्षणको उद्देश्य,क्षेत्र, पद्धति		१
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	५
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति**	९
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश**	१५
१.१	संघीय मन्त्रालय तथा निकाय	१५
१.२	प्रदेश मन्त्रालय तथा निकाय	३९
१.३	स्थानीय तह	४२
१.४	कार्यमूलक तथा विशेष लेखापरीक्षण	४५
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति**	४९
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	५३

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१(१) मा राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय अदालत, महान्यायाधिवक्ताको कार्यालयलगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ। संविधानको धारा २४१(५) बमोजिम अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण सङ्घीय कानुनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ८ मा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने विषय र दफा ९ मा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरू उल्लेख छ। त्यसैगरी दफा १९ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयहरू र दफा २१ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्ने सम्बन्धमा उल्लेख छ।

२. **उद्देश्य -** संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सङ्घीय कानुनद्वारा तोकिएका कार्यालय वा निकायको वित्तीय विवरण, आर्थिक कारोबार, सेवा प्रवाह, कानुनको परिपालना कार्यसम्पादन अवस्था र प्राप्त उपलब्धिको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, र औचित्यसमेतको आधारमा परीक्षण गरी देखिएका व्यहोरा र सुझाव समेटिएको प्रतिवेदन जारी गर्नु तथा सरकार र सार्वजनिक निकायमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। लेखापरीक्षणको उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको छ।

वित्तीय लेखापरीक्षण

- विनियोजन ऐन तथा अन्य ऐनबमोजिम तोकिएको सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखिएको तथा निर्दिष्ट समयमा प्रतिवेदन गरेको,
- तीनवटै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरूप वित्तीय विवरण तयार भएको तथा उक्त विवरणले आर्थिक कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- सम्बन्धित निकायले समयमा बजेट निकासा गरेको,
- खर्च गर्न अधिकार प्राप्त अधिकारीको स्वीकृति भएको,

- सिर्जना भएको दायित्व समयमा भुक्तानी भएको,
- आम्दानी वा खर्च भएका कलमहरूको पुष्ट्याईं हुने प्रमाण यथेष्ट भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको साँवा, ब्याज, लाभांशलगायतको लेखा राखेको,
- आन्तरिक लेखापरीक्षण सन्तोषजनकबाट भएको र प्रतिवेदनको कार्यान्वयन गरेको,
- राजस्व तथा सरकारी कोषमा जम्मा हुनुपर्ने रकम कानुनबमोजिम निर्धारण, असुली, दाखिला र लेखाङ्कन भएको,
- शोधभर्ना लिने कार्य समयमा गरेको।

परिपालनाको लेखापरीक्षण

- प्रचलित कानुनको परिपालना गरी स्रोत साधनको प्राप्ति एवं परिचालन गरेको,
- आर्थिक कारोबार गर्दा ऐन कानुनको परिपालना गरेको,
- खर्च गर्दा दुरूपयोग हुन नपाउने गरी पर्याप्त कानुनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था भएको र सोको अनुसरण गरेको,
- राजस्व चुहावट नियन्त्रण तथा धरौटीसम्बन्धी प्रचलित कानुनको पर्याप्तता भएको र त्यसको पालना गरेको,
- आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भएको र त्यसको अनुशरण गरेको,
- प्रचलित कानुनले अनुगमन गर्नुपर्ने व्यवस्था गरे अनुरुप अनुगमन गरेको र अनुगमनबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गरेको,
- तीनै तहमा प्रचलित कानुनबमोजिम बाँडफाँट भएको राजस्व, अनुदान तथा रोयल्टीको उपयोग र परिचालन कानुनसम्मत भएको,
- बेरुजुको लगत र फर्स्यौटको अभिलेख अद्यावधिक राखेको, बेरुजु फर्स्यौट गर्न प्रयास गरेको

कार्यमूलक लेखापरीक्षण

- मितव्ययी तवरले खर्च गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- लेखा वा प्रतिवेदनबमोजिम भौतिक प्रगति भएको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको सङ्गठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य र नीतिअनुरूप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरूप भएको,
- सङ्गठन र कार्यक्रमको उपलब्धि किटान गर्ने आधार स्पष्ट भएको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको तथा कामको गुणस्तर र परिमाण मापदण्ड अनुरुप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धिसमेतको विश्लेषण गरी खर्च गरेको र लागतको तुलनामा उपयुक्त प्रतिफल प्राप्त भएको।

विशेष लेखापरीक्षण (सूचना प्रविधि/वातावरणीय)

- वित्तीय कारोबार, अभिलेख र प्रतिवेदन सूचना प्रविधिमा आधारित बनाउने व्यवस्था गरेको,

- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले खरिद, विकास एवं प्रभावकारी उपयोग गरेको,
- वातावरणसम्बन्धी कानुन, कार्यविधि र मापदण्डको पालना भए नभएको र वातावरणीय असरलाई न्यून गर्ने प्रयास भएको।

३. **लेखापरीक्षणको क्षेत्र** - नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ मा लेखापरीक्षण क्षेत्र निर्धारण गरिएको छ। राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै सङ्घीय र प्रदेश सरकारी कार्यालय साथै तीनै तहका सरकारका पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण, विश्वविद्यालय तथा सङ्घीय कानुनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकिएको संस्था वा अन्य निकाय लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। सोबमोजिम २०८०।८१ को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा विभिन्न वर्षका सूचनाहरू सङ्कलन गरी सोको विश्लेषण गरिएको छ।

लेखापरीक्षणमा निकायहरूको आन्तरिक नियन्त्रण प्रणाली, खर्च व्यवस्थापन, राजस्व निर्धारण, सङ्कलन, दाखिला र वित्तीय विवरणसँग सम्बन्धित विषयहरूको परीक्षण एवं मूल्याङ्कन गरिएको छ। वित्तीय व्यवस्थापनको सन्दर्भमा बजेट व्यवस्थापन, जिन्सी व्यवस्थापन, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, खर्चमा मितव्ययिता, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिपालना स्थितिलगायतको परीक्षण गरिएको छ। लेखापरीक्षण गर्दा वातावरणीय पक्ष, लैङ्गिक, दिगो विकास लक्ष्य प्राप्ति सूचकका अतिरिक्त सेवा प्रवाह एवं जिम्मेवारी र जवाफदेहिता पालना जस्ता पक्षको मूल्याङ्कन समेत गरिएको छ।

४. **लेखापरीक्षण पद्धति** - वार्षिक लेखापरीक्षण योजना र सोसँग सामञ्जस्य हुने गरी मन्त्रालय/ निकायगत लेखापरीक्षण योजना तथा कार्यालयगत लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षणलाई व्यवस्थित गरिएको छ। लेखापरीक्षण चरण भित्रका क्रियाकलापहरूलाई विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा अभिलेखीकरण र व्यवस्थापन गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको लेखापरीक्षण संक्षिप्त विधिबाट वित्तीय विवरण र सोसँग सम्बन्धित प्रमुख कागजात नाम्स प्रणालीमा अपलोड गरी दूर लेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।

समग्र एवं निकायगत जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त तथा सान्दर्भिक प्रमाण सङ्कलन गर्न लेखापरीक्षणको एकाइगत योजनामा उल्लेख गरी नमुना छनोटका आधारमा लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा केही विषयमा नागरिक समाजसमेतलाई संलग्न गराइएको छ। यस्तो लेखापरीक्षणमा प्रमाण सङ्कलन गर्न अन्तर्वार्ता, प्रश्नावली तयार, सरोकारवालासँग सामूहिक छलफललगायतका विधि अपनाइएको छ। लेखापरीक्षणमा विशेषतः प्रक्रियामूलक, समस्यामूलक र नतिजामूलक पद्धति अवलम्वन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग छलफल, गुणस्तर आश्वस्तता निर्देशिकाबमोजिम प्रारम्भिक प्रतिवेदन जारी पूर्व एवं पश्चातको पुनरावलोकनका कार्यहरू गरिएको छ।

५. **वार्षिक प्रतिवेदन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) मा महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदनका साथै यो सारांश प्रतिवेदनसमेत तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद रहेका छन्। प्रतिवेदनको परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरिएको छ। स्थानीय तह ७५३ र बक्यौता ८ समेत ७६१ को रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। यसै गरी सङ्गठित संस्था, कार्यमूलक तथा विशेष, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षणका प्रमुख बेहोरालाई समेत यस प्रतिवेदनमा संक्षिप्त रुपमा समेटिएको छ।

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	(रु. करोडमा)
(क)	वित्तीय लेखापरीक्षण		
	१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता ३ समेत)	३०९३	३१०६१६
	२. प्रदेश मन्त्रालय तथा निकाय	११६५	३०८५६
	३. स्थानीय तह (बक्यौता ८ समेत)	७६१	१११८४६
	४. समिति र अन्य संस्था (प्रदेशतर्फको १२५ समेत)	६९५	५२२१३
	५. सङ्गठित संस्था	४५	४४०७०५
(ख)	कार्यमूलक लेखापरीक्षण ११	-	-
(ग)	वातावरणीय लेखापरीक्षण १	-	-
(घ)	सूचना प्रविधि लेखापरीक्षण १	-	-
(ङ)	विशेष लेखापरीक्षण २	-	-
	जम्मा	**५७५९**	**९४६२३६**

यो वर्ष ३ हजार ९३ सङ्घीय मन्त्रालय तथा निकायको रु.३१ खर्ब ६ अर्ब १६ करोड, १ हजार १६५ प्रदेश मन्त्रालय तथा निकायको रु.३ खर्ब ८ अर्ब ५६ करोड, स्थानीय तह ७५३ र गत वर्षको बक्यौता ८ समेत ७६१ को रु.११ खर्ब १८ अर्ब ४६ करोड, ६९५ समिति र अन्य संस्था समेतको रु.५ खर्ब २२ अर्ब १३ करोड र ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको रु.४४ खर्ब ७ अर्ब ५ करोडसमेत रु.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक विषयको सूचना प्रविधि र दुई विषयको विशेष लेखापरीक्षण गरिएको छ।

१. **सङ्घीय मन्त्रालय तथा निकाय** - यो वर्ष ३ हजार ९३ सङ्घीय सरकारी निकायको विनियोजन खर्च/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. करोडमा)

क्र. सं.	कारोबार शीर्षक	लेखापरीक्षण सम्पन्न रकम
१	विनियोजन खर्च	११७९९२
२	राजस्व	१३८७७२
३	धरौटी	७८४७
४	अन्य कारोबार	४६००५
	जम्मा	**३१०६१६**

गत वर्षसम्म सङ्घीय सरकारी कार्यालयतर्फ ३ हजार ४९ एकाइको रु.८ अर्ब ८७ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष १२ एकाइले रु.३ अर्ब १० करोडको लेखापरीक्षण गराएका छन्।

२. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष ७ प्रदेशअन्तर्गत १ हजार १६५ निकायको रु.३ खर्ब ८ अर्ब ५६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश कार्यालयतर्फ २१ एकाइको रु.१ अर्ब १ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यी निकायले लेखापरीक्षण गराएका छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराका सारांश परिच्छेद ३ मा समावेश छ।

३. **स्थानीय तह -** यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० समेत (विगतको बक्यौता ८ गरी ७६१ आर्थिक वर्ष) स्थानीय तहको रु.११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **समिति र अन्य संस्था -** यो वर्ष ६९५ समिति र अन्य संस्था (प्रदेशतर्फको १२५ समेत) को रु.५ खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण गरिएको छ।

५. **सङ्गठित संस्था** - यो वर्ष ४३ सङ्गठित संस्था को ४५ आर्थिक वर्षको रु.४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संस्थाको ४७ आर्थिक वर्षको रु.१५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ।

६. **अन्य कोष** - यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.३३ अर्ब १७ करोड ४५ लाख र यो वर्षको आम्दानी रु.३ खर्ब ९४ अर्ब ७० करोड २८ लाखसमेत रु.४ खर्ब २७ अर्ब ८७ करोड ७३ लाख आम्दानी भएकोमा रु.३ खर्ब ७४ अर्ब ७ करोड ३१ लाख खर्च भई वर्षान्तमा रु.५३ अर्ब ८० करोड ४२ लाख मौज्दात रहेको छ।

७. **कार्यमूलक तथा विशेष लेखापरीक्षण** - यो वर्ष ११ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको सूचना प्रविधि र २ विषयको विशेष लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषय देहायानुसार छन्:

सि.नं.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	खनिज अन्वेषण उत्खनन् स्थिति	खानी तथा भूगर्भ विभाग	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
२	विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति	विद्युत विकास विभाग	ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय
३	शीत भण्डार व्यवस्थापन कार्यक्रम	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
४	लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति	आयोजना निर्देशनालय	खानेपानी तथा शहरी विकास मन्त्रालय
५	हुलाकी राजमार्ग निर्माण अवस्था	हुलाकी राजमार्ग निर्देशनालय	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
६	स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था		सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
७	विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापनको	नागरिक उड्डयन प्राधिकरण	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
८	कृषि तथा पशु बीमा कार्यक्रमको प्रभावकारिता	नेपाल बीमा प्राधिकारण	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
९	सहुलियतपूर्ण कर्जा र व्याज अनुदानको स्थिति	नेपाल राष्ट्र बैङ्क	अर्थ मन्त्रालय
१०	लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता	लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजना	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
११	काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन	उपत्यका ट्राफिक प्रहरी कार्यालय	गृह मन्त्रालय
वातावरणीय लेखापरीक्षण			
१२	औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन	बालाजु औद्योगिक क्षेत्र	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सूचना प्रविधि लेखापरीक्षण			
१३	वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली	वैदेशिक रोजगार विभाग	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
विशेष लेखापरीक्षण			
१४	गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
१५	अर्थतन्त्रको अवस्था		अर्थ मन्त्रालय

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

८. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रु. लाखमा)

शीर्षक/क्षेत्र	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	९५४३१६७	९९१५०६८	११४१७८४१	९२९१२६४	८१.३७
पुँजीगत खर्च	२१६२१३१	२३४६२४७	३०२०७४४	१९२०२७४	६३.५७
वित्तीय व्यवस्था (साँवा व्याज भुक्तानी)	१३९४७१०	१९५१९५५	३०७४५३६	२७२२४७८	८८.५५
जम्मा	**१३१००००८**	**१४२१३२७०**	**१७५१३१२१**	**१३९३४०१६**	**७९.५६**
सामान्य सार्वजनिक सेवा	५२१७६९३	५२५८८५१	६३०५५०६	४७१२९३०	७४.७४
रक्षा	५३२९७०	६००१३८	५७३०४३	५८५७७०	१०२.२२
सार्वजनिक शान्ति सुरक्षा	७२३८४८	७९७६४४	७१२०२३	७२३३६१	१०१.५९
आर्थिक मामिला	३३१२४६३	४२११६७०	३९०९६९६	४६९२१४१	१२०.०१
वातावरण संरक्षण	५४४७६	४४५१७	८५९५६	२९०६३	३३.८१
आवास तथा सामुदायिक सुविधा	३५०५७२	४२२९४७	६६०२८६	३१३८८५	४७.५४
स्वास्थ्य	७४९३३६	५२०६७०	१०२७६९५	४९३६८८	४८.०४
संस्कृति तथा धर्म	४६९१८	५८१०५	६६६१९	४११७६	६१.८१
शिक्षा	४२६१६६	५२८६९५	१९७७७५५	५२५३३२	२६.५६
सामाजिक सुरक्षा	१६८५५६६	१७७००३३	२१९४५४२	१८१६६७०	८२.७८
जम्मा	**१३१००००८**	**१४२१३२७०**	**१७५१३१२१**	**१३९३४०१६**	**७९.५६**

९. **खर्चको स्थिति** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

चालु खर्च					पुँजीगत खर्च		
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ	१७४१२७०	१८.७४	१	भौतिक पूर्वाधार तथा यातायात	७६१७११	३९.६७
२	गृह	८३७९७९	९.०२	२	सहरी विकास	२८७८९५	१४.९९
३	रक्षा	६५१९२३	७.०२	३	रक्षा	२४१२५९	१२.५६
४	कृषि तथा पशुपन्छी विकास	३५२२०७	३.७९	४	ऊर्जा, जलस्रोत तथा सिँचाइ	२२७६४४	११.८५
५	शिक्षा, विज्ञान तथा प्रविधि	३२५२४६	३.५०	५	गृह	७८९७०	४.११
६	स्वास्थ्य	२४७१०८	२.६६	६	खानेपानी	७७८४६	४.०५
७	परराष्ट्र	६५२०६	०.७०	७	स्वास्थ्य	३०७५१	१.६०
८	भौतिक पूर्वाधार तथा यातायात	६१३०१	०.६६	८	अर्थ	२७५३३	१.४३
९	सर्वोच्च अदालत	५७२५०	०.६२	९	कृषि तथा पशुपन्छी विकास	२४६९४	१.२९
१०	सञ्चार तथा सूचना प्रविधि	५२०६५	०.५६	१०	वन तथा वातावरण	२३४६८	१.२२
११	अन्य मन्त्रालय तथा निकायहरू	४८९९७०९	५२.७३	११	अन्य मन्त्रालय तथा निकायहरू	१३८५०३	७.२१
	जम्मा	**९२९१२६४**	**१००**		**जम्मा**	**१९२०२७४**	**१००**

चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रु.२ खर्ब ७२ अर्ब २५ करोड रहेको छ। ७ प्रदेश र ७५३ स्थानीय तहलाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ।

१०. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारको २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. लाखमा)

स्रोत	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	११५१८१९०	१२८१७५७८	१४८८६२००	१२५१०५४७	-२.४०
वैदेशिक अनुदान	२७४८१७	२३३८२२	४९९४३०	२३२८८८	-०.४०
वैदेशिक ऋण	१३०७००१	११६१८७०	२१२७४९१	११९०५८१	२.४७
जम्मा	**१३१०००० ८**	**१४२१३२७०**	**१७५१३१२१**	**१३९३४०१६**	**-१.९६**

१०.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रु.१२ खर्ब ५१ अर्ब ५ करोडमध्ये राजस्वबाट रु.९ खर्ब ६० अर्ब १६ करोड (७६.७४ प्रतिशत) बेहोरिएको छ।

१०.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १८ निकायअन्तर्गत रु.४९ अर्ब ९४ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.२३ अर्ब २९ करोड (४६.६३ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १३ निकाय अन्तर्गत रु.२ खर्ब १२ अर्ब ७५ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.१ खर्ब १९ अर्ब ६ करोड (५५.९६ प्रतिशत) प्राप्त भएको छ।

११. **सार्वजनिक ऋण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार गरेको नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०८०।८१ अनुसार नेपाल सरकारको २०८१ आषाढ मसान्तसम्मको सार्वजनिक ऋण रु.२४ खर्ब ३४ अर्ब ९ करोड ९९ लाख रहेको छ। सोमध्ये वैदेशिक ऋण रु.१२ खर्ब ५३ अर्ब १९ करोड ८० लाख (५१.४९ प्रतिशत) र आन्तरिक ऋण रु.११ खर्ब ८० अर्ब ९० करोड १९ लाख (४८.५१ प्रतिशत) रहेको छ।

१२. **राजस्व** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारले उपयोग गरेको राजस्वको स्रोतअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ विवरण तथा २०८०।८१ को अनुमान र यथार्थ विवरण स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०७८।७९ को यथार्थ	२०७९।८० को यथार्थ	२०८०।८१ को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	**९८९६२१७**	**८९९१७६१**	**१२४८६२००**	**९६०१६३४**	**७६.९०**
१. कर राजस्व	८५६२६४०	७४८४२००	११३१५५७९	८२०६९७०	७२.५३
२. अन्य राजस्व, बेरूजु रकम र अन्य प्राप्ति	१३०५१९३	१३८९४२०	११७०६२१	१३२२०५४	११२.९४
३. साँवा फिर्ता	२८३८४	११८१४१	-	७२६१०	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ६.७८ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०८०।८१ को राजस्व असुलीमा बेरूजु रकम र अन्य प्राप्ति रु.१ अर्ब ३२ करोड २१ लाख समेत समावेश छ। बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रु.७ अर्ब २६ करोड १० लाख प्राप्त भएको छ।

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.९१ अर्ब ५९ करोड ७९ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु. लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**१८३३२४**	**७६८५**	**३५०११**	**७५२३१**	**३०१२५१**	**३२.८९**
२. नियमित गर्नुपर्ने	**२७९२८६**	**२८०५५**	**१९३९८२**	**५९९१९**	**५६१२४२**	**६१.२७**
२.१ अनियमित भएको	१९२९३	९१३८	९७१७५	२५५०६	१५१११२	१६.५०
२.२ प्रमाण कागज पेस नभएको	२५९९८६	१८९१३	९६५०४	३४०७५	४०९४७८	४४.७०
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	७	४	३०३	३३८	६५२	०.०७
३. पेस्की	**१४८२०**	**६२६०**	**२४२४९**	**८१५७**	**५३४८६**	**५.८४**
जम्मा बेरुजु	**४७७४३०**	**४२०००**	**२५३२४२**	**१४३३०७**	**९१५९७९**	**१००.००**

उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

२. **लेखापरीक्षण र बेरुजु अङ्क** - यो वर्ष ५ हजार ७५९ सरकारी निकाय, सङ्गठित संस्था, समिति र अन्य संस्था समेतको रु.९४ खर्ब ६२ अर्ब ३६ करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र बेरुजु स्थिति निम्नानुसार छः

(रु. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता ३ समेत)	३०९३	३१०६१५७६	४७७४३०	१.५४
२. प्रदेश मन्त्रालय तथा निकाय	११६५	३०८५६११	४२०००	१.३६
३. स्थानीय तह (बक्यौता ८ समेत)	७६१	१११८४६३०	२५३२४२	२.२६
४. समिति र अन्य संस्था (प्रदेशतर्फ १२५ समेत)	६९५	५२२१३९१	१४३३०७	२.७४
जम्मा	**५७१४**	**५०५५३२०८**	**९१५९७९**	**१.८१**
५. सङ्गठित संस्था	४५	४४०७०४७३	-	-
कुल जम्मा	**५७५९**	**९४६२३६८१**	**९१५९७९**	

सङ्गठित संस्था ४५ को रु.४४ खर्ब ७ अर्ब ४ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को अतिरिक्त ४२ संस्थाको ४५ आर्थिक वर्षको लागी परामर्श दिइएकोमा परामर्श

दिइएका लेखापरीक्षकले रु.१५ खर्ब ७७ अर्ब ४८ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न गरेका छन्। सङ्गठित संस्थाको बेरुजु सम्बन्धित सङ्गठित संस्थाको बोर्डले नै फर्स्यौट गर्ने भएकोले सो बेरुजुको अङ्कगत लगत राखिएको छैन।

३. **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रु.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा ९.४५ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३४२६६९१	०	१४९३९६	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश सरकारी कार्यालयहरू	२८४६८४	०	२१८६५	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१९३४५८३	८२	९५०१६	१८३९६४९	२५३२४२	२०९२८९१
समिति र अन्य संस्था (प्रदेश समेत)	१०५२६८१	१४९	१६६६३	१०३६१६७	१४३३०७	११७९४७४
जम्मा	**६६९८६३९**	**२३१**	**२८२९४०**	**६४१५९३०**	**९१५९७९**	**७३३१९०९**

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.५ खर्ब ५१ अर्ब १ करोड ७८ लाख रहेको छ।

(रु. लाखमा)

क.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश)	९८७५५	(११६२१)	८७१३४
२	राजस्व बक्यौता	४३५४२८२	३६९२१०	४७२३४९३
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१६०९४५	(९८४३४)	६२५११
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	५५९३४	८७३६९	१४३३०३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४६४१२७	२९६१०	४९३७३७
	जम्मा	**५१३४०४३**	**३७६१३४**	**५५१०१७८**

५. **बेरुजु विश्लेषण** - सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

५.१. यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.९४ खर्ब ६२ अर्ब ३६ करोड ८१ लाखको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.९९ अर्ब २३ करोड ६३ लाख बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.७ अर्ब ६३ करोड ८४ लाख (कुल बेरुजुको ७.७० प्रतिशत) सम्परीक्षण गराएबाट रु.९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु फर्स्यौट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौट गर्न बाँकी कुल बेरुजु रु.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजु फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजु फर्स्यौट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फर्स्यौट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३७ मा औँल्याइएको बेरुजुका सम्बन्धमा ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको

दफा ५० मा बेरुजु फर्स्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ।

प्रदेशको सन्दर्भमा सम्बन्धित प्रदेश आर्थिक कार्यविधि ऐनले गरेको व्यवस्थाअनुसार प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्रीलाईसमेत बेरुजु सम्बन्धमा जानकारी गराइएको छ।

५.३. सङ्घीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	२४६७९३०६	१२९१४४	२०७९६३	१०	३३७११७	७०.६१	१.३७
२	भौतिक पूर्वाधार तथा यातायात	११५६०१३	२३०७२	३१३११	९९८१	६४३६४	१३.४८	५.५७
३	रक्षा	९४३७५६	१६०४५	५३४	१३५	१६७१४	३.५०	१.७७
४	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४०१५६२	१३९५	१३६६८	२	१५०६५	३.१६	३.७५
५	परराष्ट्र	२०४२९९	५३	१०४७६	४	१०५३३	२.२१	५.१६
६	ऊर्जा, जलस्रोत तथा सिँचाइ	३५१०४४	२८४५	२४०७	१३२८	६५८०	१.३८	१.८७
७	शहरी विकास	३६३८४१	२४०६	३२१०	५९३	६२०९	१.३०	१.७१
८	सञ्चार तथा सूचना प्रविधि	१४४६२४	४९७७	४६	०	५०२३	१.०५	३.४७
९	उद्योग, वाणिज्य तथा आपूर्ति	६२८४३	१५५२	२२९७	०	३८४९	०.८१	६.१२
१०	स्वास्थ्य तथा जनसंख्या	१२८८८९	५०	२३१०	०	२३६०	०.४९	१.८३
११	अन्य	२६२५३९९	१७८५	५०६५	२७६६	९६१६	२.०१	०.३७
	जम्मा	**३१०६१५७६**	**१८३३२४**	**२७९२८६**	**१४८२०**	**४७७४३०**	**१००**	**१.५४**

उल्लिखित दश मन्त्रालयमा सङ्घीय सरकारी कार्यालयतर्फको कुल बेरुजुको ९७.९९ प्रतिशत र अन्यको २.०१ प्रतिशत रहेको छ।

५.४. प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.३६ प्रतिशत बेरुजु कायम भएकोमा सबैभन्दा बढी मधेश प्रदेशको २.५७ प्रतिशत र सबैभन्दा घटी बागमती प्रदेशको ०.८२ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.२६ प्रतिशत बेरुजु कायम भएको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६९२, ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने एक रहेका छन्।

५.५. यो वर्ष ३ हजार ९३ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार १०५ कार्यालय (३५.७३ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १६५ को लेखापरीक्षण गरेकोमा ३३३ कार्यालय (२८.५८ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन।

५.६. यो वर्ष ५ हजार १९ सङ्घीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौतासमेत) १ लाख ६९ हजार ५५६ दफा बेरुजु देखिएकोमा ७९ हजार ७८९ दफा सैद्धान्तिक र ८९ हजार ७६७ दफा लगती बेरुजु कायम भएको छ।

५.७. सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट सङ्घीय सरकारी कार्यालयतर्फका २७ निकाय/मन्त्रालयअन्तर्गतका कार्यालयले

लेखापरीक्षणको क्रममा रु.४५ करोड १७ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि २३ निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रु.४८ करोड ५३ लाख तथा गत विगतको बेरुजु सम्परीक्षणको क्रममा २१ निकाय/मन्त्रालय मातहतका कार्यालयले रु.१० अर्ब ९७ करोड ४१ लाख, समिति तथा अन्य संस्थाले रु.२७ करोड ७७ लाख, प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाले रु.५२ करोड ९ लाख र स्थानीय तहले रु.१ अर्ब ७७ करोड ४४ लाखसमेत रु.१४ अर्ब ४८ करोड ४१ लाख असुल गराएका छन्।

यो वर्षको सङ्घीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्नुपर्ने औँल्याएको बेरुजु रु.१८ अर्ब ३३ करोड २४ लाखमध्ये १० मन्त्रालय/निकायको रु.१८ अर्ब २८ करोड २५ लाख (९९.७३ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.४ करोड ९९ लाख (०.२७ प्रतिशत) देखिएको छ।

५.८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (४) ले म्याद ननाघेको पेस्की रकमलाई बेरुजु नमानिने उल्लेख छ। सरकारी निकायहरुले गत विगत वर्षदेखिको म्याद नाघेको र म्याद ननाघेको पेस्की रकम खुलाई अद्यावधिक अभिलेख नराखेको कारण पेस्कीको अवस्था विश्लेषण गर्न सकिएन।

लेखापरीक्षणको दृष्टिमा सार्वजनिक उत्तरदायित्व

शासकीय प्रबन्ध

- सरकारको कार्यक्षेत्र एवं खर्चमा स्पष्टता ल्याउन कानुन निर्माण/संशोधन हुनुपर्ने,
- अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनको लागि जिम्मेवारी सहितको खाका तयार गर्नुपर्ने,
- सार्वजनिक सङ्गठित संस्थाका कार्यकारीको सेवा सुविधा कानुनमा नै स्पष्ट गर्नुपर्ने,
- तीनै तहले आफ्नो कार्यक्षेत्रको राजस्व परिचालन गर्न क्षेत्र र दायरा सुनिश्चित गर्नुपर्ने,
- स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनको बेरुजु फर्स्यौटको संयन्त्र तय गर्नुपर्ने,
- तीन वटै तहको बजेट घाटा व्यवस्थापन र वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनुपर्ने ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- खरिद गुरुयोजना अनुसार प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय हुनेगरी सम्पत्ति खरिद गर्नुपर्ने,
- सम्पन्न भएका आयोजनाका यन्त्र, उपकरण एवं सम्पत्तिको उपयोग हुनेगरी हस्तान्तरण गर्नुपर्ने,
- छोटो समयमा प्रयोगकर्ता परिवर्तन हुँदा नयाँ खरिद नगरी मौजुदा सम्पत्ति उपयोग गर्नुपर्ने,
- कार्य सञ्चालनका लागि सामान्य खरिदमा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने,
- सबै प्रकारका सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा पाम्समा राख्नुपर्ने,
- मुआब्जा प्रदान गरेका जग्गा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- जफत भएका तथा प्रयोगविहीन रहेका सवारीसाधनको उपयोग वा लिलाम बिक्री गर्नुपर्ने ।

अर्थतन्त्र

- राज्यलाई तिर्नु बुझाउनुपर्ने रकम पूर्वानुमानयोग्य र बहनयोग्य बनाउनुपर्ने,
- डिजिटल/विद्युतीय भुक्तानीलाई प्रश्रय दिई अनौपचारिक आर्थिक क्रियाकलापलाई निरुत्साहित गर्नुपर्ने,
- उद्योग र व्यापार व्यवस्थित गर्न सार्वजनिक सेवामा लाग्ने समय र शुल्क निश्चित गर्नुपर्ने,
- लगानी वातावरण सहजताकालागि सम्बद्ध क्षेत्रका नीति एवं कानुनबिच तादात्म्यता कायम गर्नुपर्ने,
- विशेष आर्थिक क्षेत्रमा उत्पादन उन्मुख वातावरण तयार गरी निकासी प्रवर्धन गर्नुपर्ने,
- कर्जा र निक्षेप अनुपात विश्लेषणबाट ब्याज तथा अतिरिक्त प्रिमियमको प्रभाव मूल्याङ्कन गर्नुपर्ने,
- सङ्गठित संस्थाले सहायक कम्पनीमा सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिने व्यवस्था हुनुपर्ने,
- सङ्गठित संस्थाले दीर्घकालीन आर्थिक दायित्वका विषयमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने,
- सङ्गठित संस्थाहरूमा कोष बेगरका दायित्व सिर्जना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने ।

सार्वजनिक वित्त व्यवस्थापन

- राष्ट्रिय बजेट प्रणाली बाहिरका कोष खडा गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्ने,
- प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम/योजना बजेटमा समावेश हुनुपर्ने,
- विद्युतीय वित्तीय कारोबारलाई करको दायरामा ल्याउनुपर्ने,
- राजस्व छुटबाट परेको असर/प्रभाव मूल्याङ्कन गरी सोमा पुनरावलोकन गर्नुपर्ने,
- समयमै राजस्व नतिर्ने करदातालाई पछिल्ला वर्षमा दिइने छुट सुविधाबारे पुनरावलोकन हुनुपर्ने,
- राय/परामर्श दिने निकायले विषय, कानुनी प्रावधान र प्रयोजन समेत खुलाई राय दिनुपर्ने,
- जटिल प्रकृतिका कार्य र प्रविधि हस्तान्तरणको लागि मात्रै वैदेशिक परामर्श सेवा लिनुपर्ने,
- लागत, उपलब्धि, जोखिम र फिर्ता गर्ने क्षमता विश्लेषण गरी वैदेशिक सहायता लिनुपर्ने,
- विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अनुदान प्रदान गर्नुपर्ने,
- तीनै तहका गैरबजेटरी निकायको कारोबारलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्ने,
- सेवा प्रवाह मितव्ययी, पारदर्शी र व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने ।

सार्वजनिक प्रशासन

- क्षमता विकासका लागि राष्ट्रसेवकलाई वार्षिकरूपमा न्यूनतम समयावधिको तालिम प्रदान गर्नुपर्ने,
- सार्वजनिक संस्थामा छरितो र प्रविधियुक्त संरचनाका आधारमा दरबन्दी निर्धारण गर्नुपर्ने,
- न्यूनतम सेवा अवधि नपुगी सरुवा गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्ने,
- गुणस्तर, समयसीमा, शुल्क र प्रक्रिया व्यवस्थित बनाई अनुमानयोग्य सेवा प्रवाह हुनुपर्ने,
- लक्षितवर्गलाई सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्ने,
- फेसलेस ब्युरोक्रेसी, विद्युतीय शासन, एकल सेवा केन्द्र जस्ता नवीन अवधारणा कार्यान्वयन गर्नुपर्ने,
- विशिष्ट ज्ञान उपयोग गर्न समय लचकता तथा बहुकार्यालय जिम्मेवारी हुने व्यवस्था गर्नुपर्ने,
- नागरिक सचेतना वृद्धि तथा पृष्ठपोषण मार्फत सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने,
- समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य समेतको आधारमा सेवा प्रवाह तय गर्नुपर्ने ।

विकास व्यवस्थापन

- दिगो विकास लक्ष्य हासिल गर्न सरकार र अन्यक्षेत्रबिच समन्वय एवं सहकार्य गर्नुपर्ने,
- विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्ने,
- पूर्व तयारी बेगर खरिद गर्दा प्रतिफल प्राप्तिमा ढिलाइ भएकोले सोमा सुधार हुनुपर्ने,
- नवप्रवर्तन र प्रविधि अनुरूप सार्वजनिक निर्माण लागत घटाउन विद्यमान नर्म्स अद्यावधिक गर्नुपर्ने,
- अधुरा आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गर्नुपर्ने,
- खरिद सम्झौताको ग्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्ने,
- जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने प्रवृत्ति नियन्त्रण हुनुपर्ने,
- खरिदका क्रममा राजस्व छुट दिने, नदिने विषय बोलपत्रसम्बन्धी कागजातमा उल्लेख हुनुपर्ने ।

सूचना प्रविधि

- सूचना प्रविधिका नवीनतम् क्षेत्र समेटन आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधि खरिदसम्बन्धी नर्म्स तयार गरी लागत अनुमान यथार्थपरक बनाउनुपर्ने,
- पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरी सूचना प्रविधि प्रणाली विकास गर्नुपर्ने,
- एकीकृत डाटा सेन्टरमार्फत सबै सार्वजनिक निकायले सेवा लिने व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधिको नियन्त्रण र सुरक्षामा एकद्वार प्रणालीका लागि छुट्टै नलेज सेन्टर हुनुपर्ने,
- भीएपीटी परीक्षण लगायतका मापदण्ड पुरा भएपश्चात् सूचना प्रणाली प्रयोगमा ल्याउनुपर्ने,
- एकै प्रकारका कामको लागि सबै निकायले एउटै सूचना प्रविधि प्रणाली खरिद गर्नुपर्ने,
- सार्वजनिक निकायका वेबसाइट र मोबाइल एप्लिकेशनमा एकरुपता कायम गर्नुपर्ने ।

सुशासन

- विद्युतीय माध्यमको प्रयोग गरी छिटो, छरितो र अनुमानयोग्य सेवा उपलब्ध गराउनुपर्ने,
- सार्वजनिक सेवा प्रवाहमा नागरिकको निगरानीलाई मजबुत बनाउनुपर्ने,
- निष्ठा प्रवर्धनका लागि पदीय आचरण पालना गर्ने संस्कृतिको विकास गर्नुपर्ने,
- वैदेशिक/आन्तरिक भ्रमण स्वीकृत गर्दा औचित्य पुष्टि गर्ने र सोको निर्णय समयमै गर्नुपर्ने,
- स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा उच्च प्रतिफल र गुणस्तर कायम हुनुपर्ने,
- कर भन्सार महशुलसँग सम्बन्धित विवादको निरुपण कानुनद्वारा तोकिएको अवधिमै गर्नुपर्ने,
- सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधालाई पारदर्शी गर्नुपर्ने ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सङ्घीय मन्त्रालय तथा निकाय

१. **सङ्घीय सञ्चित कोष -** सङ्घीय सञ्चित कोषको वित्तीय विवरणअनुसार २०८०।८१ मा समग्र राजस्व, अनुदान, ऋण (आन्तरिक र बाह्य) तथा गत वर्षको नगद दाखिला र अन्य समायोजनसमेत रु.१३ खर्ब ४६ अर्ब ३१ करोड १३ लाख प्राप्तिमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थासमेतमा रु.१३ खर्ब ९३ अर्ब ४० करोड १६ लाख खर्च भई रु.४७ अर्ब ९ करोड ३ लाख ऋणात्मक मौज्दात रहेको देखिन्छ। यो वर्षको उक्त ऋणात्मक मौज्दातमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रु.१ खर्ब ८१ अर्ब २६ करोड ७४ लाख समायोजन गर्दा रु.२ खर्ब २८ अर्ब ३५ करोड ७७ लाख ऋणात्मक मौज्दात रहेको छ। नेपाल सरकारको अन्य सरकारी कोष तथा खाताहरूमा यस वर्षको अन्त्यमा रु.१ खर्ब ४० अर्ब ९४ करोड ७० लाख मौज्दात रहेको छ। त्यस्तै प्रदेश सञ्चित कोष रु.५० अर्ब ९० करोड ९८ लाख र स्थानीय सञ्चित कोष रु.६० अर्ब ५० करोड ८१ लाखले धनात्मक रहेका छन्।

त्यस्तै यस वर्ष धरौटी तथा अन्य कोषहरूको मौज्दात समायोजन गर्दा रु.४० अर्ब ५१ करोड ६४ लाख ऋणात्मक हुन गई गत वर्ष सम्मको ऋणात्मक नगद तथा बैङ्क मौज्दात रु.४६ अर्ब ८९ करोड ४२ लाख समेत सङ्घीय सरकारको नगद तथा बैङ्क मौज्दात रु.८७ अर्ब ४१ करोड ७ लाख ऋणात्मक रहेको छ।

२. **समग्र आर्थिक अवस्था -** पन्ध्रौं आवधिक योजनाअनुसार मुलुकको प्रमुख आर्थिक परिसूचकहरू देहायबमोजिम छन्:

(प्रतिशतमा)

विषय	लक्ष्य (पन्ध्रौं योजना)	प्रगति		
	२०८०।८१	२०७८।७९	२०७९।८०	२०८०।८१
आर्थिक वृद्धिदर (औसत)	१०.३	५.८४	१.८६	३.८७
कुल राजस्व/गार्हस्थ उत्पादन	३०.०	२३.०	१८.७८	१८.५६
कुल सरकारी खर्च/गार्हस्थ उत्पादन	४३.३	२६.७	२६.४२	२४.६९
चालु खर्च/गार्हस्थ उत्पादन	१७.९	१९.८	१८.७	१६.६९
पुँजीगत खर्च/गार्हस्थ उत्पादन	१८.६	४.५	४.३४	३.३६
वैदेशिक अनुदान/गार्हस्थ उत्पादन	३.०	०.४	०.४	०.३९
वैदेशिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन	५.७	२.५	१.९०	२.१७
आन्तरिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन	४.३	४.८	४.७६	४.११
व्यापार घाटा/गार्हस्थ उत्पादन	३५.३	३५.५	२७.०	२५.२५
निर्यात /गार्हस्थ उत्पादन	१५.७	४.१	२.९	२.६७
आयात /गार्हस्थ उत्पादन	५१.०	३९.६	३०.०	२७.९२
बजेट घाटा/गार्हस्थ उत्पादन	१०.०	५.४	९.६	७.४२

स्रोतः अर्थ मन्त्रालय २०८०।८१

अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार पन्ध्रौं योजनामा आर्थिक वृद्धिदरको लक्ष्य औसत १०.३ प्रतिशत रहेकोमा सोको वृद्धिदर ३.८७ प्रतिशतमात्र रहेको छ। पन्ध्रौं योजनामा कुल गार्हस्थ उत्पादनको १८.६ प्रतिशत पुँजीगत खर्च गर्ने लक्ष्य रहेकोमा ३.३६ प्रतिशत मात्र खर्च भएको देखिन्छ। यो वर्ष राजस्वको लक्ष्य कुल गार्हस्थ उत्पादनको ३० प्रतिशत निर्धारण गरिएकोमा असुली करिब १८.५६ प्रतिशत

रहेको छ। योजना अवधिमा अपेक्षा गरेअनुरूप राजस्व असुली भएको छैन। राजस्व परिचालनलाई गति दिन समग्र कर प्रणालीमा सुधार तथा प्रशासनिक दक्षता अभिवृद्धि गर्नुपर्दछ।

३. **राजस्व अनुमान र असुली** - अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको अवस्था देहायअनुसार छः

(रु. करोडमा)

विवरण	२०७८।७९			२०७९।८०			२०८०।८१		
	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	२८९५०	२६००९	८९.८०	३४९०६	२५३८१	७२.७१	३६२१२	२८३४६	७८.२८
मूल्य अभिवृद्धि कर	३१६३६	३१४२८	९९.३०	३९८४७	२८६६३	७१.९३	४२५८९	३१०४६	७२.८९
अन्तः शुल्क	१८२१७	१६६७८	९१.६०	२१७२८	१४३०७	६५.८४	२०७२२	१४६३५	७०.६३
भन्सार महसुल	२७८९२	२४१७८	८६.७०	३३०५७	१८२१२	५५.०९	३०७४४	२०१०२	६५.३९
अन्य कर	११३६५	१३३४९	११७.४६	१०७७७	१४५०२	१३४.५७	११९८७	१४१४६	११८
जम्मा	**११८०६०**	**१११६४२**	**९४.६०**	**१४०३१५**	**१०१०६५**	**७२.०३**	**१४२२५४**	**१०८२७५**	**७६.११**

स्रोतः अर्थ मन्त्रालय

उल्लिखित विवरणअनुसार २०८०।८१ मा राजस्व लक्ष्य रु.१४ खर्ब २२ अर्ब ५४ करोड रहेकोमा रु.१० खर्ब ८२ अर्ब ७५ करोड (७६.११ प्रतिशत) मात्र असुल भएको देखिन्छ। लक्षित राजस्व सङ्कलन गर्ने गरी कार्यसम्पादन गर्नुपर्दछ।

४. **राजस्व छुट** - आर्थिक ऐन, २०८० को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिन सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक ऐन, २०८० को अनुसूची १ को दफा १४ तथा दफा १५ मा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने व्यवस्था छ। भन्सार विभागको तथ्याङ्क प्रणाली (आसिकुडा) को तथ्याङ्कअनुसार २०८०।८१ मा भन्सार राजस्वतर्फ रु.७९ अर्ब ८७ करोड ३९ लाख छुट दिएको देखिन्छ। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फ समेत छुट दिएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारी गर्दा भन्सार महसुल रु.४ अर्ब ८७ करोड ९९ लाख र मूल्य अभिवृद्धि करसमेत छुट भएको छ।

आर्थिक ऐन, २०८० को दफा १८(२) बमोजिम अर्थ मन्त्रालयले २०८० फागुन मसान्तसम्म विभिन्न मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानसमेतको रु.३४ अर्ब २७ करोड ५२ लाख पैठारी मूल्यमा रु.६ अर्ब ६० करोड ९९ लाखसमेत विगत ४ वर्षमा रु.२० अर्ब ६२ करोड ६९ लाख राजस्व छुट दिएको छ। त्यस्तै दफा १८(३) बमोजिम वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाको लागि आयोजना विकास सम्झौताको सर्तको अधीनमा रही रु.४३ अर्ब ५६ करोड ४८ लाख ३० हजार पैठारी मूल्यका मालवस्तुमा रु.७ अर्ब ५२ करोड ९८ लाख ८५ हजार राजस्व छुट दिएको देखिन्छ। यसरी सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट दिएको वस्तु तथा रकमको अद्यावधिक अभिलेख अर्थ मन्त्रालयले राखेको छैन।

सम्बन्धित आयोजनाले बोलपत्र आह्वान गर्नु अगावै मास्टरलिष्ट स्वीकृत गराएको अवस्थामा मात्र छुट दिने र सुविधामा पैठारी भएका मालवस्तुको उपयोग सोही आयोजनामा भए/नभएको अनुगमनसमेत हुनुपर्ने तथा राजस्व छुटको दायरा बढ्दै गएकोले सो को प्रभाव विश्लेषण गर्नुका साथै राजस्व छुटको एकीकृत तथ्याङ्क संसदमा पेस गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

५. **राजस्व तथा साँवा ब्याज बक्यौता -** अर्थ मन्त्रालय र मातहतका निकायले रु.४ खर्ब ३५ अर्ब २२ करोड राजस्व तथा भाखा नाघेको ऋणको साँवा ब्याज असुल गर्न बाँकी रहेको छ। सो मध्ये राजस्व बक्यौता रु.२ खर्ब ५४ अर्ब ४ करोड रहेकोमा रु.१ खर्ब २३ अर्ब ८० करोड (४८.७३ प्रतिशत) को सम्बन्धमा करदाताहरू न्यायिक पुनरावलोकनमा गएको देखिँदा बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको देखिन्छ। नेपाल सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा ब्याज रु.१ खर्ब ८१ अर्ब १८ करोड रहेको छ।

भाखा नाघेको ऋणको सावाँ र ब्याजमध्ये नेपाल विद्युत प्राधिकरणको रु.१ खर्ब २४ अर्ब ४ करोड (६८.४७ प्रतिशत) रहेको छ। यस्तै हाल सञ्चालनमा नरहेका १४ संस्थानको रु.१ अर्ब २२ करोड ५० लाख सावाँ तथा ५ संस्थानको रु.२४ करोड ६४ लाख ब्याजको भाखा नाघेको छ। यसैगरी १२ स्थानीय तहमा रु.१ अर्ब १८ करोड ६२ लाख ऋण लगानी गरेकोमा सावाँ रु.१ अर्ब १८ करोड ३० लाख र ब्याज रु.१ अर्ब ७७ करोड ३८ लाखको भाखा नाघेको छ। भाखा नाघेको सावाँ र ब्याज रकम तथा राजस्व बक्यौता लगायतका रकमहरू कानुनी प्रक्रियाबमोजिम असुल गर्नुपर्दछ।

६. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा विभाज्य कोषमा जम्मा भएको रोयल्टीको रकम वार्षिक रूपमा बाँडफाँट गर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार २०८१ आषाढ मसान्तमा सङ्घीय विभाज्य कोषमा रु.६ अर्ब ७२ करोड ६४ लाख, प्रदेश विभाज्य कोषमा रु.२९ करोड ६७ लाख र स्थानीय विभाज्य कोषमा रु.७६ करोड ५४ लाखसमेत रु.७ अर्ब ७८ करोड ७५ लाख बाँडफाँट गर्न बाँकी देखिन्छ। विभाज्य कोषमा रहेको रकम समयमा नै बाँडफाँट गरी सम्बन्धित सञ्चित कोषमा पठाउनुपर्दछ।

७. **रोयल्टी बक्यौता** - विद्युत ऐन, २०४९ को दफा ११ मा जलविद्युत आयोजनाले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विद्युत विकास विभागको अभिलेखअनुसार विभिन्न जलविद्युत आयोजनाबाट २०७९।८० सम्म रु.२८ करोड ६९ लाख ९५ हजार र यो वर्ष १६१ जलविद्युत कम्पनीबाट रु.३ अर्ब ५८ करोड ९७ लाख ७ हजारसमेत कुल रोयल्टी रु.३ अर्ब ८७ करोड ६७ लाख २ हजारमध्ये रु.३ अर्ब ४४ करोड ४४ लाख ४६ हजार असुल गरी रु.४३ करोड २२ लाख ५६ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। आयोजनाले तिर्नुपर्ने रोयल्टी समयमा प्राप्त नभएकोमा ब्याज तथा जरिबाना लिने गरेको देखिँदैन। रोयल्टी बक्यौताको ब्याज तथा हर्जाना सम्बन्धमा कानुनी व्यवस्था गरी रोयल्टी रकम असुल गर्नुपर्दछ।

८. **पर्वतारोहण रोयल्टी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गरी नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिने उल्लेख छ। मन्त्रीपरिषद्को २०७५।४।१० को निर्णयबाट २०८०।४।९ सम्मको लागि देशभरका ६ हजार मिटर उचाइसम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर सङ्कलन गर्न नेपाल पर्वतारोहण सङ्घलाई जिम्मेवारी दिएकोमा २०८०।७।२३ मा उक्त अवधि पुनः ५ वर्षको लागि थप गरिएको छ। नेपाल पर्वतारोहण सङ्घबाट रोयल्टीबापत रु.१० करोड ३६ लाख ७९ हजार यसै वर्ष प्राप्त भएकोमा रु.५ करोड २० लाख ६१ हजार पछिल्लो वर्ष प्राप्त भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त विवरणमा गत विगत वर्षको रु.९ करोड ६३ लाख २६ हजार रोयल्टीसमेत उक्त सङ्घले बुझाउन बाँकी रहेकोले सो रोयल्टी असुल गर्नुपर्दछ।

९. **क्यासिनो रोयल्टी तथा इजाजत नवीकरण -** क्यासिनो नियमावली, २०७० को चौथो संशोधन २०७६ को नियम १० मा इजाजत दस्तुर र नियम १२ र १३ मा नवीकरण दस्तुर लाग्ने व्यवस्था छ। वार्षिक रूपमा बुझाउनुपर्ने रोयल्टी नबुझाएका कारण गत वर्षसम्म ६ क्यासिनोको रु.१ अर्ब ९५ करोड १६ लाख ४९ हजार बक्यौता रहेकोमध्ये यो वर्ष १ क्यासिनोको रु.१६ करोड ६५ लाख असुल भई ५ क्यासिनोको रु.१ अर्ब ७८ करोड ५१ लाख ४९ हजार बक्यौता रहेको छ। सो मध्ये २ क्यासिनो हाल सञ्चालनमा नरहेको र ३ क्यासिनो संस्कृति पर्यटन तथा नागरिक उड्डययन मन्त्रालयको निर्णयले खारेज भएकोमा सर्वोच्च अदालतको आदेशानुसार यो वर्ष नवीकरण दस्तुर बापत रु.६२ लाख ५० हजार र रोयल्टीबापत रु.१२ करोड ३७ लाख ५० हजार प्राप्त भएकोले बाँकी बक्यौता हिसाब अद्यावधिक गरी असुल गर्नुपर्दछ।

१०. **दूरसञ्चार राजस्व -** दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न ९ दूरसञ्चार सेवा प्रदायक संस्थाको गतवर्षको आय बुझाउनुपर्ने रोयल्टी र जरिबानासमेत रु.१३ करोड ७ लाख, ७ सेवा प्रदायकले ग्राहकसँग मर्मत तथा विभिन्न शुल्क बापत प्राप्त गरेको आम्दानीको रोयल्टी र जरिबानासमेत रु.१ करोड ४२ लाख ५४ हजार छुट भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ। त्यस्तै दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसी बाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र नगरेमा बाँकी दस्तुरमा थप दस्तुरसमेत लाग्ने व्यवस्था छ। यो वर्ष १ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत रु.२४ करोड ३४ लाख दाखिला गर्न बाँकी देखिएकोले असुल गर्नुपर्दछ।

११. **थप दस्तुर -** दूरसञ्चार नियमावली, २०५४ को नियम (१२) मा अनुमतिपत्र नवीकरण गर्दा कबुल गरेको नवीकरण दस्तुर बुझाई दूरसञ्चार प्राधिकरणसमक्ष निवेदन दिनुपर्ने व्यवस्था छ। समयभित्र नविकरण नगरेमा थप दस्तुरसमेत लिई अनुमतिपत्र नवीकरण गर्नसक्ने व्यवस्था छ। दूरसञ्चार सेवा सञ्चालन गर्ने एक कम्पनीको दोस्रो पटकको नवीकरणको म्याद २०७६।१।२५ मा सम्पन्न हुने र सो अवधिको ३ महिना अगावै २०७५।१०।२५ सम्म नवीकरण दस्तुरबापतको रु.२० अर्ब भुक्तानी गरी नवीकरणको लागि निवेदन दिनुपर्नेमा रु.२० अर्बमध्ये रु.१८ करोड ९० लाख समयमै बुझाएको र बाँकी रु.१९ अर्ब ८१ करोड १० लाख २०८१।१।२५ मा मात्र दाखिला गरी समयमा दाखिला नगरेकोले १५ प्रतिशतले हुने थप दस्तुर रु.२ अर्ब ९७ करोड १६ लाख ५० हजार तथा एक निजी क्षेत्रको कम्पनीले २०६१।५।१६ मा १० वर्षको लागि अनुमतिपत्र प्राप्त गरेकोमा तेस्रो पटक ५ वर्षको लागि नवीकरण गर्न २०८१।२।१५ सम्म रु.२० अर्ब बुझाउनुपर्नेमा रु.६ अर्ब ४० करोडमात्र बुझाएको देखिएकोले बाँकी रु.१३ अर्ब ६० करोडको १५ प्रतिशतले हुने थप दस्तुर रु.२ अर्ब ४ करोडसमेत उल्लिखित २ कम्पनीबाट रु.५ अर्ब १ करोड १६ लाख ५० हजार असुल गर्नुपर्दछ।

१२. **युनिफाइड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०७३ को दफा ११ मा आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरसम्बन्धी व्यवस्था गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरेपछि दश वर्षको लागि सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। उक्त प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका सेवा प्रदायकले २०८०।८१ सम्ममा दाखिला गर्नुपर्नेमा नगरेकोले रु.३ अर्ब ४० करोड असुल गर्नुपर्दछ।

१३. **शुल्क निर्धारण** - विद्युत नियमन आयोग ऐन, २०७४ अनुसार विद्युत नियमन आयोगले जलविद्युत वितरण अनुमति प्राप्त व्यक्ति वा संस्थाको बिक्रीबाट प्राप्त आयको २०७८।७९, २०७९।८० र २०८०।८१ को लागि ०.३ प्रतिशत शुल्क निर्धारण गरेको छ। विद्युत बिक्रीको अनुमति पाएको नेपाल विद्युत प्राधिकरणबाट २०७८।७९ को रु.२६ करोड १४ लाख ६४ हजार, २०७९।८० को रु.३० करोड १० लाख ३७ हजार र २०८०।८१ को रु.३४ करोड ७३ लाख ९४ हजारसमेत रु.९० करोड ९८ लाख ९५ हजार आयोगको कोषमा दाखिला गरेको नदेखिएकाले उक्त शुल्क रकम असुल गरी कोषमा दाखिला गर्नुपर्दछ।

१४. **विनियोजन दक्षता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा मध्यमकालीन खर्च संरचना तयार गर्ने, दफा ७ मा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने, दफा १० मा बजेट विनियोजन गर्ने र दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था छ। नेपाल सरकारको बजेट तर्जुमाको लागि विगत ३ वर्षमा अघिल्लो वर्षको मध्यमकालीन खर्च संरचनाले गरेको अनुमान, स्रोत समितिले तोकेको सीमा, विनियोजित बजेट तथा खर्चको अवस्था निम्नानुसार देखिन्छः

(रु. करोडमा)

आर्थिक वर्ष	अघिल्लो वर्षको मध्यमकालीन खर्च संरचनाको सीमा	स्रोत समितिको सीमा	विनियोजित बजेट	यथार्थ खर्च	खर्च प्रतिशत
२०८०।८१	१९३१००	१६८८४०	१७५१३१	१३९३१६	७९.५५
२०७९।८०	१७९३१०	१७४५००	१७९३८३	१४२१३३	७९.२३
२०७८।७९	१६९७५७	१५६२५०	१६४७५८	१३१०००	७९.५१

उल्लिखित विवरणबमोजिम स्रोत समितिले तोकेको सीमाभन्दा बढी बजेट विनियोजन गरे तापनि विनियोजित बजेटको तुलनामा बजेट खर्च घट्दो क्रममा रहेकोले खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

१५. **बजेट विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। २०८०।८१ मा सुरु बजेट रु.१७ खर्ब ५१ अर्ब ३१ करोड विनियोजन भएकोमा रु.१३ खर्ब ९३ अर्ब १६ करोड (७९.५६ प्रतिशत) खर्च भएको छ। नेपाल सरकारको कुल बजेटमध्ये २०७८।७९ मा ७९.५१ प्रतिशत र २०७९।८० मा ७९.२३ प्रतिशत खर्च भएको थियो। विनियोजित बजेटको २०.४४ प्रतिशत खर्च नभएकोले बजेट यथार्थपरक बनाउनुपर्दछ।

१६. **रकमान्तर** - यो वर्ष कुल बजेट रु.१७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रहेकोमा रु.२ खर्ब ५६ अर्ब ४१ करोड ३ लाख (१४.६४ प्रतिशत) रकमान्तर भएको छ। सोमध्ये २०८१ को आषाढ महिनामा रु.२६ अर्ब ९० करोड ३४ लाख र आषाढ अन्तिम हप्तामा रु.१५ अर्ब ९८ करोड ३० लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थपघट गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा यो वर्ष पहिलो त्रैमासिक अवधिमा रु.११ अर्ब ६४ करोड ७ लाख (कुल रकमान्तरको ४.५४ प्रतिशत) रकमान्तर भएको छ।

शुरु बजेटमा व्यवस्था नभएका २३ कार्यक्रममा रकमान्तरबाट थप गरी रु.११ अर्ब ७५ करोड ९८ लाख बजेट कायम गरेको छ। त्यसैगरी यस वर्षको बजेट वक्तव्यमा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट अन्य राष्ट्रिय गौरवका आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न नपाइने

उल्लेख भएकोमा ८ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेटबाट रु.५ अर्ब २८ करोड ५० लाख राष्ट्रिय गौरव बाहेकका अन्य आयोजनाहरूमा रकमान्तर गरेको छ।

विनियोजन ऐन, २०८० को दफा ३(४) मा अनुदान सङ्केत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गरी निकासा र खर्च लेख्न सकिने व्यवस्था छ। सो व्यवस्थाअनुसार अनुदान सङ्केत ६०१ र ६०२ बाट बजेट खर्च लेखाङ्कन गर्न नमिल्नेमा ती सङ्केतबाट रु.७५ अर्ब ११ करोड १३ लाख खर्च गरेको छ।

१७. **आवधिक योजना कार्यान्वयन -** आयोगबाट स्वीकृत पन्ध्रौं योजनाले राखेका अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०८०।८१ सम्मको लक्ष्य	२०७९।८० को यथार्थ उपलब्धि	२०८०।८१ सम्मको अनुमानित उपलब्धि
१	वार्षिक औसत आर्थिक वृद्धिदर (प्रतिशत)	६.८	१०.३	२.३	३.५
२	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.८	२.७	३.०
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१४.६	१.४	१.२
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०.७	२.४	४.५
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.०	७.७	६.०
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१५९५	१४०५	१४५६
७.	गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	१८.७	९.५	२०.३	२०.३
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६२४	०.६०१	०.६०९
९.	अपेक्षित आयु (जन्म हुँदाको समयमा, वर्ष)	६९.७	७२.०	७१.३	७१.६
१०.	खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत)	८९	९९	९७	९७.०
११.	साक्षरता दर (५ वर्ष माथि, प्रतिशत)	५८	९५	७६.२०	७८.०
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	५८२०	२९६२	२९६२
१३.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	८८	१००	९६.७	९८
१४.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६५.९	८०	६९.२	७५

स्रोतः सोह्रौं योजना, मध्यमकालीन खर्च संरचना २०८१।८२

आधार वर्षको तुलनामा योजना अवधिको अन्तिम वर्षसम्म केही सूचकहरूमा सुधार आए पनि अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। पन्ध्रौं योजनाका लक्ष्यहरूको अपेक्षित रूपमा उपलब्धि हुन नसकेको अवस्थामा हाल सोह्रौं योजना कार्यान्वयनमा आएको छ। यस योजनाले राखेका लक्ष्यहरू हासिल गर्न विषयगत मन्त्रालयहरूलाई जवाफदेही बनाउँदै आयोगबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

१८. **राष्ट्रिय गौरवका आयोजना -** नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, सांस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्त्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेको छ। यो वर्षसम्म यस्ता आयोजनाको संख्या २७ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरूको २०८०।८१ सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र. सं.	आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	२०८४।८५	८४३३	४२१	६९१७	७७.३२
२	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	२०६५।६६	नखुलेको	१५००००	२९६	३३४५	नखुलेको
३	कर्णाली कोरिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला)	२०६९।७०	२०८४।८५	१८६६	७१	२५२	२२.६०
४	कोशी कोरिडोर (खाँदबारीदेखि किमाथांका)	२०६५।६६	२०८५।८६	१६२०	५७	५५८	३५.००
५	कालीगण्डकी कोरिडोर (गैडाकोट कोरला सडक खण्ड)	२०६६।६७	२०८३।८४	३५७९	२२७	१९०४	७१.३६
६	हुलाकी लोकमार्ग आयोजना	२०६६।६७	२०८३।८४	१०१६३	५२२	६४८७	६६.९१
७	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८०।८१	२७७०.२४	१९८	२००३.६८	७४.७२
८	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	५२६४	८८	२१४८.४७	४१.७९
९	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	१८९६.३०	७६	१३४३.९२	७२.२२
१०	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	३५००	१२२	८०२.०५	२२.१८
११	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना (भेरी करिडोर सिँचाई बाहेक)❖	२०६८।६९	२०८४।८५	३३१९.६६	१५०	१६५०	६५
१२	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	-	४२६५	नखुलेको
१३	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८५।८६	४९४२.३१	६४५	१५३६.४९	३४.४
१४	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	२०६७।६८	सम्पन्न	४९२९	०	५२९८	सम्पन्न
१५	पश्चिम सेती जलविद्युत आयोजना	प्रस्तावित सन २०२५	प्रस्तावित सन् २०३०	२७३८५			
१६	पशुपति क्षेत्र विकास कोष❖	२०७०।७१	निरन्तर	२२७	१९	३६९	नखुलेको
१७	लुम्बिनी विकास कोष	२०६९।७०	२०८३।८४	१३२६	४२	८३१	८८
१८	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल❖	२०७४।७५	२०७९।८०	२४८६	०	२४५८	९९.६०
१९	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	०	१०६	सुरू नभएको
२०	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल❖	२०७१।७२	२०७८।७९	३०९१	०	२९९३	सम्पन्न
२१	मेलम्ची खानेपानी आयोजना (दोस्रो चरणसमेत) ❖	२०५५।५६	२०८५।८६	२८७९	५८	३१९१	९९(पहिलो चरण) ८.६७ (दोस्रो चरण)
२२	काठमाडौं तराई मधेश द्रुतमार्ग	२०६४।६५	२०८३।८४	२११९३	१७८७	६७११	३५.३८
२३	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०७१।७२	२०९३।९४	२४९७२	९०.२१	१४९६	मापन नगरिएको
२४	विद्युत प्रसारण आयोजना (डलर मिलियन)	२०७४।७५	२०८५।८६	६९७	१३.५५	६१.३७	नखुलेको
२५	मुलपानी क्रिकेट एकेडमी तथा रंगशाला	२०८०।८१	नखुलेको				
२६	गिरिजा प्रसाद कोइराला क्रिकेट रंगशाला	२०८०।८१	२०८५।८६	नखुलेको			
२७	गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला	२०८०।८१	नखुलेको				

पुनश्चः ***पश्चिम सेती जलविद्युत आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको कार्य हालसम्म सुरुवात हुन सकेको छैन।***

❖ गत वर्षको प्रतिवेदनमा उल्लिखित लागत अनुमान तथा हालसम्मको खर्चमा समायोजन गरी अद्यावधिक गरिएको छ।

राष्ट्रिय योजना आयोगको विवरणअनुसार यो वर्ष थप भएका ३ आयोजनासमेत २७ राष्ट्रिय गौरवका आयोजनाको संशोधित मध्यमकालीन बजेट अनुमान रु.२२ खर्ब ७२ अर्ब ४२ करोड ६१ लाख रहेकोमा २०८०।८१ सम्म शतप्रतिशत वित्तीय प्रगति भएका गौतमबुद्ध विमानस्थल र माथिल्लो तामाकोशी जलविद्युत आयोजना बाहेकमा रु.४ खर्ब८७ अर्ब ३२ करोड ५६ लाख खर्च भएको देखिन्छ। राष्ट्रिय गौरवका २७ आयोजनामध्ये सम्पन्न भएका २ आयोजना, समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने ३ आयोजना, ५० देखि ८० प्रतिशत हासिल गर्ने ६ आयोजना रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ६ तथा भौतिक प्रगति नखुलेका ८

आयोजना तथा सुरु नभएका २ आयोजना रहेका छन्। आर्थिक वर्ष २०७८।७९ मै सम्पन्न भइसक्नुपर्ने पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगति ८८ प्रतिशत भए तापनि सम्पन्न हुने अवधि तोकेको छैन। रानी जमरा कुलरिया, सुनकोशी मरिन डाइभर्सन, हुलाकी राजमार्ग, काठमाडौं तराई द्रुतमार्ग, लुम्बिनी क्षेत्र विकास कोषसहित ५ आयोजना २०८०।८१ मा निर्माण सम्पन्न हुनुपर्नेमा सम्पन्न नभई म्याद थप भएको देखिन्छ।

१९. **रूपान्तरणकारी आयोजना** – पन्ध्रौं योजनाले लिएका राष्ट्रिय तथा विषय/क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल हुने गरी आर्थिक क्षेत्रको ५, सामाजिक क्षेत्रको ४, पूर्वाधार क्षेत्रको ७ र लोकतन्त्र र सुशासन क्षेत्रको १ समेत १७ आयोजनालाई रूपान्तरणकारी आयोजना घोषणा गरी कार्यान्वयनमा ल्याएको छ। उल्लिखित १७ आयोजनामध्ये ५ आयोजनामा कुनै प्रगति भएको छैन। उल्लिखित ५ आयोजना बाहेक सबै आयोजनाको प्रगति ५५ प्रतिशतभन्दा कम रहेको देखिन्छ। यो वर्ष निर्माण सम्पन्न हुनुपर्ने समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरणलगायत ६ आयोजना सम्पन्न हुन नसकी म्याद थप भएको देखिन्छ। रूपान्तरणकारी आयोजना तथा कार्यक्रमहरूको मध्यावधि समीक्षा नभएकोले हालसम्मको वित्तीय तथा भौतिक प्रगतिको अवस्था खुल्ने विवरणसमेत तयार गरेको छैन। सञ्चालित आयोजना तथा कार्यक्रमहरूको समीक्षा गरी विषयगत मन्त्रालयहरूको भूमिकालाई थप प्रभावकारी बनाउन आयोगले प्रभावकारी अनुगमन गरी समयमानै सम्पन्न गरी नतिजा प्राप्त गर्नुपर्दछ।

२०. **आयोजना बैङ्क र बजेट विनियोजन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा आयोजना बैङ्कमा प्रविष्ट नभएको आयोजनामा बजेट विनियोजन गर्न नहुने उल्लेख भएकोमा आयोजना बैङ्कमा प्रविष्ट १८ हजार १२ आयोजनामध्ये चालु अवस्थाका ७ हजार ७०५ आयोजना रहेका छन्। सो मध्ये शहरी विकास मन्त्रालयअन्तर्गतका २ हजार १८३ आयोजना तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत ३ हजार १८५ आयोजना रहेका छन। यी मन्त्रालयहरूको बैङ्कमा प्रविष्ट आयोजना र बजेट विनियोजन भएका आयोजनाहरूको विवरण देहायबमोजिम छः

मन्त्रालय	आयोजना बैङ्कमा चालु अवस्थाको आयोजना सङ्ख्या	बजेट विनियोजन भएका आयोजना सङ्ख्या	प्रविष्ट नभएकोमा बजेट विनियोजन गरिएको सङ्ख्या
भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय	३१८५	३९९०	८०५
शहरी विकास मन्त्रालय	२१८३	७१४५	४९६२

दुई मन्त्रालयको पहिलो प्राथामिकताका आयोजना ५ हजार ३६८ रहेकोमा ११ हजार १३५ आयोजनामा बजेट विनियोजन भएकोले आयोजना बैङ्कमा प्रविष्ट नभएको आयोजनाहरूमा समेत बजेट विनियोजन भएको देखिन्छ।

२१. **दिगो विकास लक्ष्य प्रगति** - दिगो विकास लक्ष्यहरूको २०२२ सम्मको उपलब्धि, २०३० को लक्ष्यको तुलनामा उपलब्धि तथा २०३० सम्म हासिल गर्न सकिने सम्भावित उपलब्धिको अवस्था देहायबमोजिम छः

क्र.सं.	विवरण	२०२२ सम्मको प्रगति अवस्था (प्रतिशत)		२०३० सम्म हासिँल गर्न सकिने अनुमानित प्रगति (प्रतिशत)
		२०२२ को लक्ष्यको तुलनामा	२०३० को लक्ष्यको तुलनामा	
१.	गरिबी अन्त्य	७८.१	५४.१	७८.६
२.	शून्य भोकमरी	६८.३	४४.९	७१.५
३.	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	४८.७	४१.५	५६.८

क्र.सं.	विवरण	२०२२ सम्मको प्रगति अवस्था (प्रतिशत)		२०३० सम्म हासिँल गर्न सकिने अनुमानित प्रगति (प्रतिशत)
		२०२२ को लक्ष्यको तुलनामा	२०३० को लक्ष्यको तुलनामा	
४.	गुणस्तरीय शिक्षा	६६.१	४३.९	७१.१
५.	लैङ्गिक समानता	५७.९	३८.०	५८.१
६.	स्वच्छ पानी र सरसफाइ	६३.५	३६.३	५७.८
७.	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	६३.५	३९.५	७०.१
८.	मर्यादित काम र आर्थिक वृद्धि	३१.५	१९.७	३४.७
९.	उद्योग प्रवर्धन र पूर्वाधार	४१.०	३०.४	४२.०
१०.	असमानता घटाउने	७२.५	४४.८	७२.३
११.	सहरहरू र समुदायको दिगोपना	९७.२	७६.१	८९.०
१२.	उपभोग र उत्पादनमा जिम्मेवारीपन	३८.६	२९.५	४३.१
१३.	जलवायुसम्बन्धी कार्य	५५.३	४३.४	५३.९
१४.	पानीमुनिको जीवन	-	-	-
१५.	भूसतहको जीवन	६९.३	५९.९	६७.५
१६.	शान्ति, न्याय र सुदृढ संस्थाहरू	५७.४	३५.८	५५.१
१७.	लक्ष्यहरूको निमित्त साझेदारी	३४.९	२२.३	३७.७
	जम्मा	**५८.६**	**४१.७**	**६०.५**

स्रोतः दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय मूल्याङ्कन, २०२४

उल्लिखित विवरणबमोजिम सन् २०२२ सम्मको लक्ष्यको आधारमा प्रगति ५८.६ प्रतिशत रहेको छ। आधाभन्दा बढी समय व्यतीत भइसक्दा पनि समग्र उपलब्धि ४१.७ प्रतिशत रहेकोले सन् २०३० सम्म ६०.५ प्रतिशत उपलब्धि हुने देखिन्छ। दिगो विकासका लक्ष्यहरूमा तोकिएको उपलब्धि हासिल गर्न आयोगले नेतृत्वदायी भूमिका खेल्नुपर्दछ।

२२. **दिगो विकास सूचक मूल्याङ्कन**- दिगो विकास लक्ष्यहरूका केही प्रमुख सूचकहरूको २०२२ सम्मको लक्ष्य प्रगतिको अवस्था देहायबमोजिम छः

सूचकको नाम	लक्ष्य	प्रगति	सूचकको नाम	लक्ष्य	प्रगति
दैनिक १.२५ डलरभन्दा कम आय हुने जनसङ्ख्या (प्रतिशतमा)	१७	मापन नभएको	सरकारी क्षेत्रको नेतृत्व तहमा महिला सहभागिता (प्रतिशतमा)	२१.३	१६.६
दैनिक १.९ डलर भन्दा कम आय हुने जनसङ्ख्या (प्रतिशतमा)	२२.९	१५	खानेपानी उपयोग गर्ने जनसङ्ख्या (प्रतिशतमा)	५०	२५.८१
गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशतमा)	१३.८	२०.२७	प्रतिव्यक्ति प्रतिघण्टा विद्युत उपभोग (किलोवाट)	५४२	३८०
सामाजिक सुरक्षा खर्च (प्रतिशतमा)	१२.९	१४.८	जलविद्युत उत्पादन र जडित क्षमता (मेगावाट)	५४१७	२७६७
मातृ मृत्युदर (प्रति लाखमा)	११६	१५१	ऊर्जामा नवीकरणीय ऊर्जाको हिस्सा (प्रतिशतमा)	२९.७	७.६
५ वर्षमुनिको शिशु मृत्युदर (प्रति लाखमा)	२७	३३	पर्यटकको प्रतिदिन औसत खर्च (अमेरिकी डलर)	६५	४०.५
नवजात शिशु मृत्युदर (प्रति लाखमा)	१६	२१	पर्यटकको औसत बसाइ (दिन)	१५.५	१३.१
प्राथामिक शिक्षामा भर्नादर (प्रतिशतमा)	९९	९७.१	जी.डी.पी. मा राजस्वको हिस्सा (प्रतिशतमा)	२४.२	१९.९
प्राथामिक शिक्षा उत्तीर्णदर (प्रतिशतमा)	९३.१	७७.१	स्थानीय बजेटबाट बजेट खर्च (प्रतिशतमा)	७७.९	६७.४
१५-२४ उमेरको साक्षरता दर (प्रतिशतमा)	९५	९३.८	जी.डी.पी. को तुलनामा सार्वजनिक ऋण (प्रतिशतमा)	३०.५	४२.७

सूचकको नाम	लक्ष्य	प्रगति	सूचकको नाम	लक्ष्य	प्रगति
लैङ्गिक असमानता सूचकाङ्क (सूचक)	०.२९	०.४५२	१५-२४ उमेरको बेरोजगारी दर (प्रतिशतमा)	२०	३८.१
निजी क्षेत्रको नेतृत्व तहमा महिला सहभागिता (प्रतिशतमा)	३४.३	२९.६१			

स्रोतः दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय मूल्याङ्कन, २०२४

उल्लिखित विवरणअनुसार दिगो विकास लक्ष्यका अधिकांश सूचकहरूमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। अपेक्षित उपलब्धि हासिल गर्नको लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न लक्ष्य केन्द्रित बजेट विनियोजन गरी खर्चको अनुगमन गर्नुपर्दछ।

२३. **नगद योजना -** आर्थिक कार्यवधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी विभिन्न निकायको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले नियमावलीको उक्त व्यवस्थाबमोजिम नगद योजना तर्जुमा गरेको पाइएन। यो वर्ष नेपाल सरकारले वैदेशिक ऋण रु.१ खर्ब १३ अर्ब २७ करोड १४ लाख र आन्तरिक ऋण रु.२ खर्ब ३४ अर्ब ४२ करोड ३४ लाख लिएको छ। सो रकमबाट रु.३७ अर्ब ४ करोड ४७ लाख प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेको छ।

प्रदेश तथा स्थानीय तहमा यो वर्ष खर्च हुन नसकी प्रदेश सञ्चितकोषमा रु.५० अर्ब ९० करोड ९८ लाख समेत अन्य विभिन्न खातामा रु.६९ अर्ब ८२ करोड ७७ लाख र स्थानीय सञ्चित कोषमा रु.६० अर्ब ५० करोड ८१ लाख समेत अन्य विभिन्न खातामा रु.७९ अर्ब ४३ करोड ३० लाख गरी कुल रु.१ खर्ब ४९ अर्ब २६ करोड ७ लाख मौज्दात रहेको छ। यसरी सङ्घीय सरकारले स्रोत अभाव देखाई ऋण लिएको तर प्रदेश एवं स्थानीय सरकारले सङ्घीय सरकारबाट प्राप्त रकमसमेत खर्च नगरी मौज्दात राखेकोले आन्तरिक ऋणको २०८०।८१ को औसत ब्याजदर ५.२७ प्रतिशतका दरले हिसाब गर्दा प्रदेश तथा स्थानीय तहमा रहेको मौज्दातका लागि रु.७ अर्ब ८६ करोड ६० लाख ब्याज भुक्तानी भएको छ। यसरी सरकारले ऋणबाट वित्तीय हस्तान्तरण गरेको रकम खर्च नभई बाँकी रहेको अवस्थामा समेत ब्याज भुक्तानी गर्नु परेको छ। मन्त्रालयले नगद योजना तर्जुमा गरी प्रदेश र स्थानीय तहमा मौज्दात रहेको रकम परिचालन गर्नुपर्दछ।

२४. **ऋण लगानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त ऋण लगानीको विवरणअनुसार गत वर्षसम्म ८३ संस्थामा रु.३ खर्ब ९७ अर्ब ६ करोड ५० लाख ऋण लगानी भएको देखिन्छ। यो वर्ष रु.४१ अर्ब ९१ करोड ३ लाख थप लगानी भएकोमा रु.७ अर्ब २६ करोड १० लाख साँवा फिर्ता भएको तथा अन्य समायोजनबाट थप भएको रु.६१ करोड ३५ लाख मिलान गर्दा वर्षान्तको ऋण लगानी हिसाब रु.४ खर्ब ३२ अर्ब ३२ करोड ७८ लाख रहेको देखिन्छ। यो वर्ष सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वार्षिक प्रतिवेदनअनुसार यो वर्ष रु.४१ अर्ब ९१ करोड ३ लाख ऋण लगानी देखिएकोमा एकीकृत वित्तीय विवरणमा रु.३४ अर्ब २९ करोड ७ लाख उल्लेख भएकोले रु.७ अर्ब ६१ करोड ९६ लाख फरक परेको सम्बन्धमा खुलासा गरेको छैन।

नेपाल सरकारले सेयर तथा ऋण लगानी गरेका संस्थानहरूमध्ये निजीकरण भएका २१ संस्थानमा रु.१ अर्ब ३१ करोड ५५ लाख सेयर लगानी र १६ संस्थानमा रु.३ अर्ब १३ करोड ५५ लाख ऋण लगानी देखाएको छ। ऋण लगानीमध्ये सावाँ रु.३ अर्ब १३ करोड ५५ लाख र ब्याज रु.३ अर्ब ५१ करोड ३ लाखको भाखा नाघेको छ। निजीकरण भएका १५ संस्थानको दायित्व भुक्तानी

गर्न नेपाल सरकारले रु.५ अर्ब ५१ करोड ३७ लाख थप लगानी गरेको छ। सार्वजनिक संस्थानसँगको ऋण हिसाब मिलान एवं राफसाफ गर्नुपर्दछ।

२५. **सञ्चित कोषमा थप व्ययभार -** नेपाल सरकारले सार्वजनिक संस्थानमा गरेको ऋण लगानी रु.४ खर्ब ३२ अर्ब ३३ करोडमध्ये वैदेशिक ऋणबाट रु.२ खर्ब ७५ अर्ब ९५ करोड लगानी गरेको छ। वैदेशिक ऋणबाट ऋण लगानी गरेका ३४ संस्थानको सावाँ रु.३१ अर्ब २२ करोड र ६ संस्थानको ब्याज रु.६८ अर्ब ६६ करोडसमेत रु.९९ अर्ब ८८ करोडको भाखा नाघेको छ। संस्थानहरूबाट ऋण सम्झौतामा उल्लिखित अवधिमा सावाँ र ब्याज फिर्ता नगरे तापनि नेपाल सरकारले भुक्तानी तालिकाअनुसार समयमा नै वैदेशिक ऋणको सावाँ र ब्याज सङ्घीय सञ्चित कोषबाट भुक्तानी गरेको छ। नेपाल सरकार र सम्बन्धित संस्थानबिच भएको सम्झौताअनुसार लगानी भएको ऋणको सावाँ र ब्याज समयमा फिर्ता नभएकोले सङ्घीय सञ्चित कोषमा थप दबाब परेको छ।

२६. **सार्वजनिक ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार २०८१ आषाढ मसान्तसम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रु.२४ खर्ब ३४ अर्ब १० करोड रहेको छ। सोमध्ये बाह्य ऋण रु.१२ खर्ब ५३ अर्ब ५० करोड (५१.४९ प्रतिशत) र आन्तरिक ऋण रु.११ खर्ब ८० अर्ब ९० करोड (४८.५१ प्रतिशत) तथा कुल गार्हस्थ उत्पादनको तुलनामा ४२.६७ प्रतिशत रहेको देखिन्छ। यो वर्ष आन्तरिक ऋणको ब्याज रु.७२ अर्ब ७७ करोड र वैदेशिक ऋणको ब्याज रु.९ अर्ब २६ करोडसमेत रु.८२ अर्ब ३ करोड भुक्तानी भएको छ। आन्तरिक र बाह्य ऋणको भारका सन्दर्भमा उपयुक्त नीति तर्जुमा गरी ऋण परिचालन गर्नुपर्दछ।

२७. **करको दायरा** - आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२ र अन्तःशुल्क ऐन २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७७।७८ सम्म	२०७८।७९ सम्म	२०७९।८० सम्म	२०८०।८१ मा थप	२०८०।८१ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१५७७३८३	१७६२४१३	१८७६३०५	१५१३७७	२०२७६८२
व्यक्तिगत स्थायी लेखा नम्बर	२४७१७२६	३०५०३०४	३६४९६१४	६१७५३२	४२६७१४६
अग्रिम कर स्थायी लेखा नम्बर	९९९८	१८०९४	२८१०७	५२२३	३३३३०
जम्मा	**४०५९१०७**	**४८३०८११**	**५५५४०२६**	**७७४१३२**	**६३२८१५८**
मूल्य अभिवृद्धि करमा दर्ता	२८५०९८	२९१३६१	३०८४७७	२६५४०	३३५०१७
अन्तः शुल्क इजाजतपत्र	१०३४२३	१३११२७	११६६७५	२०५८४	१३७२५९

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार २०७९।८० को तुलनामा यो वर्ष व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा ८.०६ प्रतिशत र मूल्य अभिवृद्धि करतर्फ ११.३५ प्रतिशत वृद्धि भएको तथा अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्ने करदाता गत वर्षको तुलनामा १७.६७ प्रतिशत रहेको देखिन्छ।

२८. **मूल्य अभिवृद्धि कर विवरण** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
डेबिट विवरण (प्रतिशत)	२२.१७	११.२६	१०.९३	११.३१	१६.२१
क्रेडिट विवरण (प्रतिशत)	४८.३८	५६.१३	५८.५३	५८.७७	५९.५९
शून्य विवरण (प्रतिशत)	२९.४५	३२.६१	३०.५४	२९.९२	२४.२०
आषाढमा डेबिट (रु.अर्बमा)	११.२३	१३.४६	१५.६५	१४.१८	१७.३०
आषाढमा क्रेडिट (रु.अर्बमा)	४२.४	४७.४४	७०.०१	६९.८५	८८.८६
क्रेडिट/ डेबिट अनुपात	३.७७	५.४९	४.५५	४.९२	५.१४

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार यो वर्षको वर्षान्तमा मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रु.१७ अर्ब ३० करोड डेबिट विवरण तथा रु.८८ अर्ब ८६ करोड क्रेडिट विवरण पेस गरेको छ। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न विद्युतीय बीजक प्रणाली, अनलाइन कनेक्टिभिटी, बिलिङ इन्फोर्समेन्ट, बजार अनुगमन जस्ता विधिको अवलम्बन गर्नुपर्दछ।

२९. **मूल्य अभिवृद्धि कर बाँडफाँट** - अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा मूल्य अभिवृद्धि कर सङ्घलाई ७० प्रतिशत, प्रदेश र स्थानीय तहलाई १५/१५ प्रतिशतका दरले बाँडफाँट गरिने व्यवस्था छ। यो वर्ष पैठारीमा संकलन भएको रु.१ खर्ब ८० अर्ब ३४ करोड ८९ लाख मूल्य अभिवृद्धि कर रकम विभाज्य कोषमा दाखिला गरी नेपाल सरकारलाई रु.१ खर्ब २६ अर्ब २४ करोड ४३ लाख र प्रदेश तथा स्थानीय तहहरूलाई रु.२७ अर्ब ५ करोड २३ लाखका दरले बाँडफाँट गरेको छ। त्यसैगरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ मा वस्तु वा सेवाको पैठारी वा प्राप्त गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्री गर्दा सङ्कलन गरेको करबाट लगातार ४ महिनासम्म र निकासीको हकमा ६० दिनसम्म मिलान नभएमा फिर्ता दिनुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले व्यापारिक वस्तुहरू पैठारी गर्दाका बखत दाखिला गरेको मूल्य अभिवृद्धि करलाई आधार मानी तीन तहका सरकारलाई बाँडफाँट गरेको छ। तर मूल्य अभिवृद्धि कर मिलान वा फिर्ताको दायित्व सङ्घीय सरकारले मात्र बेहोर्नुपरेको स्थिति छ। तसर्थ पैठारीमा सङ्कलन भएको मूल्य अभिवृद्धि कर बाँडफाँटसम्बन्धी नीतिलाई व्यवस्थित गरिनुपर्दछ।

३०. **वैदेशिक सहायता** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०८०।८१ मा वैदेशिक अनुदान रु.५९ अर्ब ९४ करोड र वैदेशिक ऋण रु.२ खर्ब १२ अर्ब ७५ करोडसमेत रु.२ खर्ब ६२ अर्ब ६९ करोड प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायताबाहेक अनुदान रु.२३ अर्ब २९ करोड र वैदेशिक ऋण रु.१ खर्ब १९ अर्ब ६ करोडसमेत रु.१ खर्ब ४२ अर्ब ३५ करोड (५४.१९ प्रतिशत) प्राप्त भएको छ। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ४६.६४ प्रतिशत र वैदेशिक ऋण ५५.९६ प्रतिशत प्राप्त भई समग्रमा ५४.१९ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ।

३१. **प्राविधिक तथा अन्य सहायता** - बजेट वक्तव्यसाथ संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १५ सङ्घीय मन्त्रालय/निकाय अन्तर्गतका १३१ आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.२१ अर्ब ८४ करोड ५४ लाख ८७ हजार तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १६८ कार्यक्रम/आयोजनाको लागि रु.२४ अर्ब ३४ करोड ९८ लाख ११ हजार समेत रु.४६ अर्ब १९ करोड ५२ लाख ९८ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। सरकारी निकायहरूले उक्त रकमबाट भएको खर्च आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन। सबै सहायता बजेटमा समावेश गरी त्यस्ता सहायताबाट भएको खर्चको लेखापरीक्षण गराउनुपर्दछ।

३२. **शोधभर्ना हिसाब -** महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक अनुदान र ऋणको शोधभर्ना हुन बाँकी ऋण रु.१४ अर्ब ३३ करोड ३ लाख र अनुदान रु.६ अर्ब २५ करोड १० लाख समेत रु.२० अर्ब ५८ करोड १३ लाख देखाएको छ। मन्त्रालयगत आयोजनामा बढी शोधभर्ना भएको अनुदान र ऋण क्रमशः रु.१६ अर्ब ९४ करोड २ लाख र रु.४६ अर्ब ४१ करोड ८५ लाख समायोजन गरी शोधभर्ना हिसाब प्रस्तुत गरेकोमा समग्रमा शोधभर्ना हुनुपर्ने अनुदान तथा ऋण रु.६३ अर्ब ३५ करोड ८७ लाखले न्यून देखिएकोले सोको हिसाब मिलान गरेको छैन।

महालेखा नियन्त्रक कार्यालयले विगतमा बन्द भएका र खुल्न बाँकी १८ मन्त्रालयअन्तर्गतका ८१ आयोजना र नाम खुल्न बाँकी समेत गरी समायोजन पश्चात् रु.८ अर्ब १८ करोड ४८ हजार अनुदान तथा १३ मन्त्रालयअन्तर्गतका ७३ आयोजना र नाम खुल्न बाँकीसमेत रु.६ अर्ब ८० करोड ९० लाख ५४ हजार ऋणको शोधभर्ना हुन बाँकी वा बढी शोधभर्ना प्राप्त भएको देखाएको छ। आयोजनाको नाम नखुलेका वा बन्द भएका आयोजनाहरूको शोधभर्ना बाँकी फरफारख गर्ने जिम्मेवारीका सम्बन्धमा स्पष्टता नरहेको हुँदा सम्बन्धित मन्त्रालय तथा आयोजनालाई जवाफदेही बनाउँदै दातासँग समन्वय गरी शोधभर्नाको हिसाब फरफारख गर्नुपर्दछ।

३३. **वित्तीय हस्तान्तरण** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा वित्तीय हस्तान्तरणको लागि सूत्र र कार्य सम्पादन विधि तयार गरेको छ। आयोगले सो अनुरूप गणना गरी २०८०।८१ मा वित्तीय समानीकरणबापत प्रदेश र स्थानीयलाई रु.१ खर्ब ४५ अर्ब ९० करोड सिफारिस गरेको छ। साथै ससर्त, समपूरक र विशेष अनुदान रु.२ खर्ब ५४ अर्ब ५० करोड हस्तान्तरण गरेको छ। नेपाल सरकारले स्थानीय तहलाई प्रदान गरेको कुल वित्तीय समानीकरण अनुदान र कुल सशर्त अनुदानको अनुपात २०७८।७९ र २०७९।८० मा १:१.८३ रहेकोमा २०८०।८१ मा वृद्धि भई १:२.२ पुगेको छ। नेपाल सरकारबाट प्रदेश र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बढाउँदै लैजानुपर्नेमा घट्दो क्रममा रहेको देखिन्छ।

३४. **प्रतिवेदन कार्यान्वयन** - सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले २०८१।२।१९ (१ जून, २०२४) मा जारी गरेको फलो अप प्रतिवेदन अनुसार प्राविधिक अनुपालनातर्फ ४० सिफारिसमध्ये ५ पूर्ण पालना, २३ अधिकांश पालना, ११ आंशिक पालना र गैरनाफामूलक सङ्गठनसँग सम्बन्धित कानुन र नियमहरू पर्याप्त नभएकोले सिफारिस नं. ८ कार्यान्वयन नभएको उल्लेख छ। उक्त समूहले २०८० भाद्र २३ (९ सेप्टेम्बर, २०२३) मा सार्वजनिक गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेका कमजोरीमध्ये यस अवधिमा ९ सिफारिसमा मात्र प्रगति देखिएको छ। उक्त सिफारिसको आंशिक मात्र पालना भएबाट विद्यमान अवस्थामा उच्च जोखिमका क्षेत्रहरू भ्रष्टाचार, कर (राजस्व) छली, वित्तीय अपराध (बैङ्किङ कसुर र हुण्डी), मध्यम जोखिमका क्षेत्रहरू लागुऔषध ओसारपसार, आपराधिक लाभ लगायत १३ तथा न्यून जोखिमका क्षेत्रहरू अपहरण तथा शरीर बन्धक, अन्तर्राष्ट्रिय आतङ्कवाद लगायत ४ विषयमा आवश्यक कानुनी तथा संरचनात्मक सुधार गर्नुपर्दछ।

३५. **किसान सूचीकरण तथा परिचयपत्र -** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिएबमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा कानुनबमोजिम योगदानमा आधारित निवृत्तिभरण उपलब्ध गराउने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त

विवरणअनुसार यो वर्षसम्म १९ लाख १८ हजार किसान परिवार सूचीकरण भएकोमा किसान परिचयपत्र जारी हुन सकेको छैन। किसान वर्गीकरण, सूचीकरण एवं परिचयपत्र जारी नहुँदा किसान पेन्सन योजना सुरु गर्ने एवं किसान हितकोष स्थापना गर्ने लगायतका कार्यसमेत प्रभावित भएको छ। अतः किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गरी सोही आधारमा छुट, सहुलियत र अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

३६. **रासायनिक मल अनुदान -** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो वर्ष कृषि सामग्री कम्पनी लिमिटेडमार्फत ४ लाख २० हजार मेट्रिकटन र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत १ लाख ८५ हजार मेट्रिकटन समेत ६ लाख ५ हजार मेट्रिकटन रासायनिक मल खरिद गर्न क्रमशः रु.१५ अर्ब ८० करोड ८९ लाख र रु.८ अर्ब ५३ करोड ६४ लाखसमेत रु.२४ अर्ब ३४ करोड ५३ लाख अनुदान प्रदान गरेकोमा क्रमशः २ लाख ७५ हजार २१६ मेट्रिकटन र १ लाख ८५ हजार ५०३ मेट्रिकटनसमेत ४ लाख ६० हजार ७१९ मेट्रिकटन मल खरिद भएको छ। मल खरिद कार्य व्यवस्थित गर्न समयमै स्रोत सुनिश्चित गर्ने, अन्य देशको असल अभ्यासको अनुसरण गर्दै मल खरिदको वार्षिक क्यालेण्डर स्वीकृत गरी नियमित रूपमा खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने कानुनी व्यवस्था मिलाउने, मल ढुवानी चापलाई कम गर्ने व्यवस्था मिलाउने, मल बिक्री वितरण अवस्थाको नियमित अनुगमन एवं निरीक्षण गरी प्रतिवेदन गर्ने लगायतका कार्य गरी रासायनिक मल खरिद र बिक्री वितरणमा प्रभावकारिता ल्याउनुपर्दछ।

३७. **न्यूनतम समर्थन मूल्य -** नेपाल सरकारले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा उत्पादन लागत, ढुवानी एवं गत वर्षको मूल्यलाई आधार मानी धान, गहुँ, उखु र कच्चा दुधको मात्र न्यूनतम समर्थन मूल्य निर्धारण गर्दै आएकोमा सोसम्बन्धी कार्यविधि तयार नहुनुका साथै उल्लिखित कृषि उपज बाहेक अन्य प्रमुख कृषि उपजको न्यूनतम मूल्य निर्धारण गर्ने गरेको छैन। न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी कार्यविधि तयार गरी कृषकको लागत सुरक्षा तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य सुनिश्चित गराउन समयमै अन्य प्रमुख कृषि उपजसमेतको मूल्य निर्धारण गरी कृषकबाट उक्त मूल्यमा खरिद हुने व्यवस्थाको सुनिश्चितता हुनुपर्दछ।

३८. **कस्टम हायरिङ्ग सेन्टर -** कृषिमा यान्त्रीकरण प्रवर्धनका लागि उत्पादनदेखि बजारीकरणसम्म आवश्यक पर्ने सबै प्रकारका औजार/उपकरणको सेटसहितको सेवा उपलब्ध गराउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइहरू र जोन सञ्चालन समन्वय समितिहरूमार्फत यो वर्षसम्म ५० प्रतिशत अनुदान सहयोगमा रु.३ अर्ब ९७ करोड २९ लाखको मूल्यका यन्त्र, उपकरण उपलब्ध गराई ६०८ कस्टम हायरिङ सेन्टर स्थापना गरेकोमा ती केन्द्रको सञ्चालन विधि तयार गरेको देखिएन। सोसम्बन्धी कार्यविधि तयार गरी सम्बन्धित लाभग्राहीहरूले लाभ प्राप्त गर्ने सुनिश्चितता हुनुपर्दछ।

३९. **ठेक्का अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचारसम्बन्धी व्यवस्था छ। निर्माण व्यवसायीहरूसँग भएको खरिद सम्झौताको बुँदा नं. ४२.२.६ मा ठेक्का सम्झौतामा उल्लेख भएका कामहरू सम्पन्न नहुँदै खरिद सम्झौताको अन्त्य भएमा नयाँ खरिद सम्झौताको लागि नपुग हुने रकम ठेक्का अन्त्य गर्ने निर्माण व्यवसायीबाट असुल हुने उल्लेख गरेको छ। काठमाडौं उपत्यकाको कोड्कु, सल्लाघारी र धोबीघाटमा फोहोर पानी प्रशोधन केन्द्र निर्माण गर्न एक विदेशी निर्माण व्यवसायीसँग रु.३ अर्ब ४६ करोड ९५ लाख ७७ हजारमा सम्झौता भएकोमा रु.७८

करोड ७७ लाख २५ हजार (२७.१ प्रतिशत) कार्य सम्पन्न पश्चात सम्झौता अन्त्य भएको छ। सम्झौता अन्त्य पश्चात् पुनः रु.६ अर्ब ४७ करोड १५ लाखको लागत अनुमान तयार गरी एक विदेशी निर्माण व्यवसायीसँग रु.६ अर्ब ५४ करोड ९९ लाखको नयाँ ठेक्का सम्झौता भएको देखिन्छ। आयोजनाले कार्य सम्पादन जमानत पेश्की सहित रु.९७ करोड ९० लाख जफत गरेको र अमेरिकी डलर १ करोड ९४ लाख ९८ हजार ५८२ को हुने रु.२ अर्ब ५९ करोड ९९ लाख असुलीको लागि पत्राचार गरे तापनि हालसम्म उक्त रकम असुल भएको छैन। आयोजनाबाट निर्धारित उक्त रकम असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४०. **सम्पत्ति जफत** - कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १७ मा अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि लिलाम बिक्री गर्नुपर्ने वा नेपाल सरकारले प्रयोग गर्न सक्ने उल्लेख छ। कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले उपलब्ध गराएको विवरणअनुसार विभिन्न जिल्लाका ३६ प्रतिवादीका मूल्य नखुलेको जग्गा, रु.६५ लाख अंकित मूल्यको सेयर र सोमा बढे बढाएको रकमसमेत, १७ बैङ्कमा रहेको रु.५१ लाख ६५ हजार नगद मौज्दात र ब्याजसमेतको सम्पत्ति अदालतले जफत गर्न आदेश दिए तापनि हालसम्म प्रतिवादीहरूले नै प्रयोग गरी आएको देखिएकोले, ऐनको व्यवस्थाबमोजिम जफत गरी लिलाम बिक्री वा सरकारले प्रयोग गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

४१. **ट्राफिक व्यवस्थापन** - नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३ बमोजिम ट्राफिक व्यवस्थापनसम्बन्धी काम, कर्तव्य र अधिकार नेपाल प्रहरीलाई तोकिएको छ। विगत ५ वर्षमा देशभर सवारी दुर्घटनासम्बन्धी स्थिति निम्नानुसार छः

आर्थिक वर्ष	कुल सवारी दुर्घटना		मृत्यु		गम्भीर घाइते		सामान्य घाइते	
	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत
२०७६।७७	१५५५९	१७	२२५१	(१९)	४६२४	६	११५९३	१२
२०७७।७८	२०६४०	३३	२५००	११	६४४८	३९	१८६००	६०
२०७८।७९	२४५३७	१९	२८८३	१५	७२८२	१३	२५७२२	३८
२०७९।८०	२३५९७	(३.८)	२३६८	(१७.८४)	५७३८	(२१.२)	२४४८८	(४.८)
२०८०।८१	२२९२७	(२.८)	२३६९	०.०४	६१६०	७.३५	२५९९६	६.१६

ट्राफिक प्रहरीको विगत ५ वर्षको प्रतिवेदन अनुसार सवारी दुर्घटना औसत वृद्धिदर १२.४८ प्रतिशत रहेको देखिन्छ। सवारीसाधन र सडकको अवस्था, सवारी चाप, विभिन्न प्रयोजनको लागि सडक भत्काउने प्रवृत्ति, सवारी नियमसम्बन्धी ज्ञानको कमी, सवारी चालकको असावधानीलगायतका कारणले सवारी दुर्घटना बढेसँगै मृत्यु, गम्भीर घाइते र सामान्य घाइते हुने सङ्ख्यामा समेत वृद्धि हुँदै गएको देखिन्छ। सम्बन्धित निकायहरूबाट सडकको सुधार, सडक क्रसिङ्ग व्यवस्था, पार्किङ्गस्थल, सडक/ट्राफिक बत्ती, सी.सी.टी.भी., जडान, सडक सङ्केतलगायतको उपयुक्त व्यवस्था र सवारी ऐन, नियमको पालना एवं अन्तर निकाय समन्वय तथा इन्टिलिजेन्ट ट्राफिक लाइट प्रणाली जडानलगायतका कार्यक्रम कार्यान्वयन गरी बढ्दो दुर्घटना न्यूनीकरण गर्नुपर्दछ।

४२. **राजदूत फिर्ता** - राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ८(क) मा राजदूतको पदावधि नियोगमा हाजिर भएको मितिले ४ वर्षको हुने उल्लेख छ। यो वर्ष अवधि सम्पन्न हुनु अगावै स्वदेश फिर्ता गरिएका १३ देशका राजदूतलाई बिमा रु.१ करोड १३ लाख ९६ हजार, हवाई टिकट रु.१ करोड २४ लाख ४३ हजार र ढुवानी रु.४८ लाख ३० हजारसमेत रु.२ करोड ८६ लाख ६९ हजार

भुक्तानी दिएको देखिन्छ। कार्य अवधि पूरा नहुँदै राजदूत फिर्ता गर्दा अतिरिक्त खर्च हुने हुँदा राज्यको दायित्व बढ्ने देखिन्छ।

४३. **राजस्व असुली र दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(१) बमोजिम नेपाल सरकारलाई प्राप्त भएका सबै राजस्व तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्दछ। यो वर्ष विदेशस्थित ३९ नियोगबाट रु.५ अर्ब ६३ करोड ९४ लाख २४ हजार राजस्व सङ्कलन भएकोमा असार मसान्तसम्म रु.४ अर्ब ७ करोड ७६ लाख ८१ हजार निकासाबाट कट्टी गरेकोले रु.१ अर्ब ५६ करोड १७ लाख ४३ हजार बाँकी रहेको देखिन्छ। सोमध्ये १२ नियोगले पनि २०८१ फागुन मसान्तसम्म रु.७२ करोड २९ लाख ६० हजार राजस्व खातामा दाखिला गरेको नदेखिएकोले सो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ। नियोगमा एक आर्थिक वर्षमा असुल भएको राजस्व सोही आर्थिक वर्षभित्र सञ्चित कोष दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ।

४४. **सरकारी र सार्वजनिक जग्गा -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागले गत वर्ष तयार गरेको प्रतिवेदनमा ३० लाख ७२ हजार हेक्टर सरकारी, ९३ लाख ९९ हजार हेक्टर सार्वजनिक र ४ हजार २८६ हेक्टर सरकारी कार्यालयको नाममा जग्गा रहेको उल्लेख भएकोमा विभागले सुरु नापीबमोजिमको नापनक्सा तथा जग्गाको मोठ स्रेस्ता पूर्ण रूपमा जीर्ण अवस्थामा रहेकोले सरकारी, सार्वजनिक जग्गा भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा पूर्ण रूपमा प्रविष्टि नगरेको, राष्ट्रिय भूमि आयोगबाट वितरण गरिएको जग्गाको स्पष्ट विवरण प्राप्त नभएको, प्राप्त भएका विवरण अद्यावधिक गर्न बाँकी रहेको कारणले सरकारी, सार्वजनिक जग्गाको यथार्थ अभिलेख नभएको अवस्था छ। नेपाल सरकारको नाममा दर्ता भइसकेका सरकारी जग्गा व्यक्ति विशेषलाई वितरण गरे/नगरेको यकिन गरिनुपर्दछ।

४५. **जग्गाको स्वामित्व र संरक्षण -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ मा ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन गरी यसको सम्भार र संरक्षण गर्नुपर्ने र दफा ११ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहेको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय, कलङ्कीबाट विगतमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौँको मातातीर्थ, थानकोट, सतुङ्गल तथा इचङ्गुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भएको देखिन्छ। ऐनको व्यवस्था विपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता भएकोमा उक्त जग्गा छानबिन गरी ट्रष्टको स्वामित्वमा ल्याएको छैन। यस्तै काठमाडौँको बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेती गरिरहेको तथा एक निजी विद्यालय सञ्चालनमा रहेको देखिएकोले नेपाल ट्रष्टले प्रयोग गर्न सकेको छैन। उक्त बेहोरा गत वर्ष औँल्याइएकोमा स्थिति यथावत् छ।

ट्रष्टको नाममा रहेका धादिङ जिल्लाको धुनीबेँसी नगरपालिका, ललितपुरको गोदावरी नगरपालिका, गोदामचौर, सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाललगायत ८ स्थानका १५५०२-२-०-४ रोपनी भन्दा बढीको जग्गाको सिमाङ्कन र संरक्षणसम्बन्धी कार्य भएको देखिँदैन। ऐनको व्यवस्थाअनुरूप सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

४६. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा रहने गरी २१ राजमार्ग तथा २०९ सहायक मार्ग कायम भएको छ। सङ्घीयता

कार्यान्वयनको क्रममा अधिकार सूचीका कार्यक्रमलाई प्राथमिकता दिन नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका ६ कार्यक्रम स्वीकृत गरी रु.१७ अर्ब ४४ करोड २९ लाख विनियोजन भएकोमा रु.१४ अर्ब ८१ करोड २२ लाख खर्च भएको छ।

तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत विभिन्न सडक डिभिजनले ३२ सडक योजना निर्माणको लागि रु.७३ करोड ८४ लाख २४ हजारको सम्झौता गरी यस वर्षसम्म रु.४५ करोड ९१ लाख ९० हजार भुक्तानी गरेपश्चात् ती सडकहरू प्रदेश सरकार मातहत रहेको जनाई नेपाल सरकार (मन्त्रीपरिषद्) ले २०८०।३।१९ मा सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरेको छ। सडक डिभिजन झापाले रु.२१ करोड ५८ लाख ३६ हजारका १२ खरिद सम्झौतामा यस वर्षसम्म रु.९ करोड ५९ लाख ८७ हजार भुक्तानी गरेकोमा सुविस्ताको आधारमा सम्झौता अन्त्य गर्न निर्माण व्यवसायी सहमत नभएकोले ठेक्का फरफारक हुन सकेको छैन। कार्यक्षेत्र स्पष्ट गरी राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

४७. **विद्युतीय रेलमार्ग** - झापाको काकडभिट्टादेखि कञ्चनपुरको गड्डाचौकीसम्म ९२४.९४ किलोमिटर र लिङ्कमार्गहरूसमेत १ हजार ३ किलोमिटर विद्युतीय रेलमार्ग निर्माणको लागि २०६५।६६ मा आयोजनाको सुरुवात भएकोमा सुरु लागत अनुमान रु.९ खर्ब ५५ अर्ब २२ करोड रहेकोमा संशोधित लागत अनुमान रु.१५ खर्ब पुगेको छ। आयोजना २०८६।८७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ६५ किलोमिटरमा ट्रयाकबेड तथा १६ पुल निर्माण सम्पन्न भएको तथा ५५३ बिघा जग्गाको मुआब्जासमेतमा हालसम्म रु.३३ अर्ब ४५ करोड खर्च भएको छ। समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

४८. **इम्बोस्ड नम्बर प्लेट** - यातायात व्यवस्था विभागले २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न एक सेवा प्रदायकसँग सम्झौता भई यस वर्षसम्म ५ लाख ९२ हजार ८०९ थान नम्बर प्लेट छपाइ भई रु.९२ करोड ६२ लाख ५९ हजार खर्च भएकोमा प्रदेश सरकार मातहतका यातायात कार्यालयबाट ६३ हजार २८९ थान जडान भएको छ। विभागले २०७८।७।२२ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नयाँ सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने व्यवस्था गरेको र २०७९।७।२८ देखि सबै सरकारी सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरे तापनि सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको देखिएन।

४९. **सवारीचालक अनुमतिपत्र** - सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद-४ मा रहेको सवारीचालक अनुमतिपत्रसम्बन्धी व्यवस्थाबमोजिम सवारी तथा यातायात व्यवस्था विभागले एक विदेशी कम्पनीसँग २०८०।५।१८ भित्र १२ लाख स्मार्ट कार्ड आपूर्ति गर्ने गरी २०७९।११।१० मा अमेरिकी डलर १४ लाख ९८ हजारको सम्झौता गरेकोमा २०८१।३।३१ सम्म म्याद थप गरेको देखिन्छ। उक्त अवधिसम्म १२ लाख कार्ड आपूर्ति भएकोमा अत्यावश्यक र विदेश जाने प्रयोगकर्ताहरूलाई ४ लाख स्मार्ट कार्ड वितरण भई ८ लाख मौज्दात रहेको देखिन्छ। यस वर्षसम्म २५ लाख ७१ हजार स्मार्ट कार्ड माग भएकोमा ८ लाख कार्ड मात्र मौज्दातमा रहेकाले १७ लाख ७१ हजार कार्ड माग भएकोमा नपुग हुने अवस्था छ। मागअनुसार कार्डको आपूर्ति नहुँदा सेवा प्रवाहमा समेत असर परेको देखिन्छ।

५०. **भाखा नाघेको कर्जा तथा ब्याज अनुदान -** युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १६ मा कर्जा लगानी गर्ने व्यवस्थाअनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत लगानी भएको रकम तोकिएको तालिकाअनुसार नबुझाउने तथा रकम दुरुपयोग गर्ने ऋणीलाई थप २ प्रतिशत ब्याज लाग्ने उल्लेख छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको विवरणअनुसार १ हजार २३९ सहकारी संस्थाबाट २०८१ आषाढ मसान्तसम्म रु.१ अर्ब ६ करोड ८५ लाख ९१ हजार साँवा तथा सोमा लाग्ने ब्याज रु.१२ करोड ८१ लाख १९ हजार र हर्जाना रु.३ करोड ८८ हजारसमेत कुल रु.१ अर्ब २२ करोड ६७ लाख ९८ हजार असुल गर्नुपर्ने देखिन्छ। त्यसैगरी १५ बैङ्क तथा वित्तीय संस्थाबाट लिनुपर्ने सावाँ रु.३१ करोड ५३ लाख ३३ हजार बाँकी रहेकोमा ब्याज तथा हर्जानाको गणना गरी अभिलेख राखेको छैन। सम्झौताअनुसार हिसाब यकिन गरी साँवा, व्याज तथा हर्जाना रकम असुल गर्नुपर्दछ।

५१. **वन तथा संरक्षित क्षेत्र अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा राष्ट्रिय वनक्षेत्र तथा निकुञ्जको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। वन तथा भू-संरक्षण विभागबाट प्राप्त विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार २२१.६७ हेक्टर जग्गा अतिक्रमण भएकोमा गत वर्षसम्म शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्जलगायतबाट १८२.५५ हेक्टर जग्गा अतिक्रमण मुक्त गराई यो वर्ष अतिक्रमित भू-भाग फिर्ता भएको छैन। सम्बन्धित मन्त्रालयले अतिक्रमित वन तथा संरक्षित क्षेत्रको क्षेत्रको स्थिति अद्यावधिक गरी कानुनअनुसार कारबाही गरी अतिक्रमण मुक्त गराउनुपर्दछ।

५२. **वन विकास कोष** - वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वन विकास कोषमा जम्मा गरी नियमानुसार खर्च गर्ने व्यवस्था रहेकोमा यो वर्षसम्म उक्त कोषमा रु.२ अर्ब ३४ करोड २२ लाख प्राप्त भएको छ। यो वर्ष भोगाधिकार दिएका ३४ संस्थासमेत हालसम्म ६२८ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएकोमा काठमाडौं-तराई (मधेश) द्रुतमार्गलगायत ३ सडक आयोजना, लुम्बिनी प्रदेश सरकार मातहत ५० शय्याको आधुनिक सरुवा रोग अस्पताल लगायत १२ संस्थाबाट रु.१ अर्ब ४५ करोड ३६ लाख प्राप्त हुन बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

वन नियमावली, २०७९ को नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च वन विभागले तोकेबमोजिम उक्त कोषमा जम्मा गर्नुपर्ने र नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुनबमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने र जग्गा उपलब्ध गराउन नसक्ने भएमा सोबापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। वन ऐन, २०७६ लागु हुनुपूर्व ४९७ आयोजनालाई १८ हजार ८७९ हेक्टर तथा तत्पश्चात् १३१ आयोजनालाई २ हजार ३७८ हेक्टरसमेत यो वर्षसम्म ६२८ आयोजनालाई २१ हजार २५७ हेक्टर जग्गा ७ देखि ४० वर्षको लागि उपयोग गर्न लिजमा दिएको छ। सोको अनुगमन गर्नुपर्दछ।

५३. **लिफ कोलिसन कार्यक्रम -** बेलायत, अमेरिका, नर्वे र दक्षिण कोरियालगायतका सरकार तथा ठुला कर्पोरेट संस्थाहरूद्वारा एक्सलेरेटिङ्ग फाइनान्समार्फत कार्बन उत्सर्जन घटाउने उद्देश्यले सार्वजनिक तथा निजी पहलमा लिफ कोलिसन कार्यक्रम कार्यान्वयनमा आएको छ। यस सम्बन्धमा नेपालले बागमती, लुम्बिनी तथा गण्डकी प्रदेशअन्तर्गत रहेको ३.२० मिलियन हेक्टर वन क्षेत्रबाट सन् २०२२ देखि २०२६

सम्मका लागि अनुमानित ३० मिलियन टन कार्बन उत्सर्जन न्यूनीकरणमार्फत न्यूनतम कारोबार दर प्रतिटन अमेरिकी डलर १० का दरले करिब अमेरिकी डलर ३०० मिलियन प्राप्त गर्ने लक्ष्यसहितका प्रस्ताव पेस भएकोमा सो प्रस्ताव स्वीकृत भई सो कार्यक्रममा सहजीकरण गर्ने संस्था इमर्जेन्ट र नेपालबिच २०२२ मा समझदारी पत्रमा हस्ताक्षर भएकोले सोको कार्यान्वयन गरी रकम प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५४. **नयाँ शहर आयोजना** – मध्यपहाडी (पुष्पलाल) लोकमार्ग र उत्तर-दक्षिण करिडोर मार्गको मिलन विन्दु आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म अत्याधुनिक सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६७।६८ देखि रुपान्तरणकारी आयोजनाकोरूपमा नयाँ शहर आयोजनाको कार्य सुरु भएको छ। मध्यपहाडी लोकमार्गमा अवस्थित १० नयाँ शहर, हुलाकी लोकमार्गमा अवस्थित १० र तराई मधेशमा अवस्थित ५ समेत १५ नयाँ शहरको एकीकृत विकास योजना, १३ स्मार्ट सिटीको गुरुयोजनाअनुरूप हिमाली पदमार्गमा अवस्थित बस्तीहरूमध्ये १० बस्तीको स्वरूप संरक्षण तथा प्रवर्धन योजनासमेत ५२ नयाँ शहर र बस्तीका लागि रु.११ खर्ब ७८ अर्ब ६८ करोड खर्च लाग्ने अनुमान रहेकोमा हालसम्म १० स्थानमा ४ हजार ७७७ रोपनी जग्गाको मात्र जग्गा विकास कार्यक्रम, १८९ रोपनी क्षेत्रफल जग्गा खरिद, ५८९ किलोमिटर सडक स्तरोन्नति, ३४ किलोमिटर सडक कालोपत्रे, ५१ किलोमिटर सडक ढलान भएकोमा यस वर्षसम्म १० कार्यालयबाट रु.८ अर्ब २९ करोड ९० लाख खर्च भएको छ। सुरुमा घोषणा भएका नयाँ शहरहरू सम्पन्न नहुँदै नयाँ आयोजना थप भएका कारण वर्षौंसम्म आयोजनाहरूको कार्य अधुरो रहेको देखिन्छ। निर्धारित समयमा आयोजना सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५५. **जग्गा एकीकरण कार्यक्रम**– काठमाडौं उपत्यकालाई व्यवस्थित शहरको रूपमा विकास गर्न योजना क्षेत्रभित्रको जग्गाका कित्ताहरूलाई एकीकरण गरी सेवा सुविधाको व्यवस्था गर्ने, व्यवस्था गर्दा लागेको खर्चको लागि विकसित घडेरीहरू बिक्री वितरण गर्ने र बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीलाई समानुपतिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन गरेको छ। उपत्यकामा काठमाडौं उपत्यका विकास प्राधिकरण र प्रत्यायोजित अधिकार अन्तर्गत स्थानीय तहसमेतले १४ आयोजनामा ५ हजार ८१९ रोपनी क्षेत्रफल जग्गा एकीकरण गरी ३ हजार ८२१ रोपनी क्षेत्रफलमा १३ हजार ३६० घडेरी विकास गरी आयोजना सम्पन्न गरेको, चालु १० आयोजनामा ७ हजार ९०५ रोपनी जग्गा एकीकरण गरी १६ हजार ८४५ घडेरी विकास गर्ने क्रममा रहेको र प्रस्तावित ७ स्थानमा करिब ९ हजार ९० रोपनी जग्गा एकीकरण गरी जग्गा विकास गर्न प्रस्ताव गरेको छ। सम्पन्न भएका आयोजना सम्बन्धित उपभोक्ता समिति, लाभग्राही समुदाय वा स्थानीय तहलाई हस्तान्तरण गरेको छैन। आयोजना हस्तान्तरण सम्बन्धमा उपयुक्त कार्यविधि तयार गरी आयोजना हस्तान्तरण गर्नुपर्दछ।

५६. **बाहिरी चक्रपथ निर्माण** - व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित शहर विकास गर्न ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गर्ने उद्देश्यले २०५८ मा वाहिरी चक्रपथको अवधारणा ल्याएको र उक्त कार्यका लागि २०६०।६१ मा प्रति आना रु.५ लाखका दरले ५० मिटर फराकिलो ७१.९६ किलोमिटर सडक निर्माणको लागि जग्गा अधिग्रहण गर्न रु.५६ अर्ब खर्च लाग्ने अनुमान भएकोमा हालसम्म आयोजना सुरु भएको देखिँदैन। आयोजनाको प्रशासनिक कार्यमा हालसम्म रु.१५ करोड ४३ लाख ४६ हजार खर्च भएको छ। आयोजना कार्यान्वयन सम्बन्धमा शहरी विकास मन्त्रालयले नीतिगत स्पष्टता ल्याउनुपर्दछ।

५७. **चिकित्सा शिक्षामा विद्यार्थी भर्ना** - राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा चिकित्सा शिक्षा आयोगले प्रत्येक वर्ष शिक्षण संस्थाको लागि सिट सङ्ख्या तोकी प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई म्याचिङ प्रणाली अनुरूप भर्ना गर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्नातक तहतर्फ मेडिकल र प्यारा मेडिकलसमेत १५ कार्यक्रमको लागि निर्धारित ७ हजार ६०६ सिटको लागि ५२ हजार ७८१ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई २३ हजार २८६ (४४.१२ प्रतिशत) उत्तीर्ण भएका र सोमध्ये ६ हजार ३४२ (२७.२३ प्रतिशत) ले भर्ना पाएको देखिन्छ। त्यस्तै स्नातकोत्तर तहतर्फ ११ कार्यक्रममा १ हजार ७२४ सिटको लागि ९ हजार ६०२ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ४ हजार ४५२ उत्तीर्ण भएको र सोमध्ये १ हजार ४६७ (३२.९५ प्रतिशत) जनाले भर्ना पाएको देखिन्छ। प्रवेश परीक्षामा उत्तीर्ण हुनेको सङ्ख्या उल्लेख्य भए तापनि आयोगले निर्धारण गरेको सिटमध्ये स्नातक तहमा १ हजार २ सय ६४ र स्नातकोत्तर तहमा २ सय ५७ सिटमा विद्यार्थी भर्ना भएका छैनन्। विभिन्न कार्यक्रमको लागि निर्धारित सिटमा विद्यार्थी भर्ना न्यून हुनाको कारण पहिचान गरी यसमा सुधार गर्नुपर्दछ।

५८. **जग्गाको उपयोग र संरक्षण** - त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर, भोगाधिकार ९ लाख ९९ हजार वर्गमिटर र अन्य ६ लाख ५३ हजार वर्ग मिटर समेत १ करोड ४७ लाख ८९ हजार वर्गमिटर (१ हजार ४७९ हेक्टर) जग्गा रहेकोमा विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरको ११३ रोपनी एक निजी आवासीय विद्यालयलाई १५ वर्षको लागि उपलब्ध गराएकोमा म्याद समाप्त भएकोमा समेत खाली नगरेको, बागमती नदी किनाराको १५ रोपनी जग्गा १ संस्थाले भोगचलन गरिरहेको र १३ रोपनी जग्गा विभिन्न मितिमा २ संस्थाले प्रयोग गरेकोमा विश्वविद्यालयले कुनै आम्दानी प्राप्त गरेको छैन। त्यस्तै सुदूरपश्चिम विश्वविद्यालयअर्न्तगतको एक क्याम्पसको नाममा रहेको ३८० बिघा जग्गामध्ये ३०० बिघा जग्गा अतिक्रमण भएको छ।

नेपाल संस्कृत विश्वविद्यालय र आङ्गिक विद्यापीठको स्वामित्वमा तराईमा १ हजार ७१८ बिघा १८ कट्ठा र पहाडी क्षेत्रमा १०२ रोपनी ९ आना जग्गा रहेकोमा ४०८ बिघामा मोही कायम भएको र १२ बिघामा स्वामित्व विवाद रहेको उल्लेख छ। दाङको देउखुरीमा रहेको १ हजार ३३६ बिघा तथा बेलझुण्डी क्षेत्रमा रहेको ३२६ बिघामध्ये ३५ बिघासमेत १ हजार ३७१ बिघा जग्गा २०५८ सालदेखि अतिक्रमणमा परेको छ। विश्वविद्यालयहरूले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

५९. **भिसा र टिकट** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा २४ मा कुनै खास मुलुक वा कम्पनीको लागि प्रति कामदार सेवा शुल्क र प्रवर्धन खर्च सम्बन्धित संस्थाले लिन पाउने रकमको अधिकतम हद तोक्ने उल्लेख छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०७२।३।२१ मा प्रमुख युनाइटेड अरब इमिरेट्स, मलेसिया, कतार र साउदी अरबसमेत ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारको भिसा तथा टिकटको रकम रोजगारदाताले नै बेहोर्नुपर्ने निर्णय गरेको साथै सर्वोच्च अदालतले २०७५।९।१८ मा निःशुल्क भिसा र टिकटको निर्णय प्रभावकारी ढङ्गले लागु गर्न निर्देशनात्मक आदेशसमेत जारी गरेको छ। वैदेशिक रोजगार विभागको अभिलेखअनुसार २०८०।८१ मा वैदेशिक रोजगारीमा गएका कुल सङ्ख्या ७ लाख ४१ हजार २९७ मध्ये ती मुलुकमा मात्र ६ लाख ४३ हजार ८०४ (८७ प्रतिशत) र युनाइटेड अरब इमिरेट्समा मात्र १ लाख ९३ हजार ४३८ (२६ प्रतिशत) वैदेशिक रोजगारीमा गएको देखिन्छ। प्रमुख गन्तव्य मुलुकहरूको भिसा र टिकट प्राप्ति सहज र मितव्ययी बनाउनुपर्दछ।

६०. **डिजिटल नेपाल -** डिजिटल प्रविधिको उपयोगबाट मुलुकको आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्न मन्त्रीपरिषद्ले २०७६।७।५ मा डिजिटल नेपाल, फ्रेमवर्क, २०७६ स्वीकृत गरेको छ। राष्ट्रिय योजना आयोगले रूपान्तरणकारी आयोजनाको रूपमा वर्गीकरण गरेको यस फ्रेमवर्कका कार्यक्षेत्रहरू कार्यान्वयनको लागि रु.१ खर्ब ७ अर्ब ५० करोड बजेट अनुमान गरेकोमा योजनामा समेटिएका ८ कार्यक्षेत्रअन्तर्गतका अप्टिकल फाइबर नेटवर्क विस्तारलगायतका ८० क्रियाकलाप ५ वर्षभित्र सम्पन्न गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन चरणको समयसीमा तोकी सोको कार्यान्वयन योजनासमेत समावेश गरेको छ। उक्त फ्रेमवर्क कार्यान्वयनको लागि जिम्मेवार निकायको किटान नगरेको, फ्रेमवर्क कार्यान्वयन गर्न विनियोजित बजेट यकिन नभएको, फ्रेमवर्क परिमार्जन गर्ने वार्षिक कार्यक्रम रहेकोमा परिमार्जन हुन नसकेको स्थिति देखिन्छ। उल्लिखित अवस्थामा सुधार गरी कार्यान्वयनयोग्य फ्रेमवर्क तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६१. **उपकरणको प्रयोग -** कोशी अस्पतालले विगतमा खरिद गरेको भेन्टिलेटर लगायतका रु.२ करोड ८ लाख ६५ हजार मूल्यका ५ प्रकारका उपकरण, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा विगतमा आफैंले खरिद गरेको र स्वास्थ्य सेवा विभागले हस्तान्तरण गरेको भेन्टिलेटर, पेसेन्ट मनिटर लगायत रु.४ करोड २९ लाख ६५ हजार मूल्यका ७ प्रकारका उपकरण र बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलाई विगतमा स्वास्थ्य सेवा विभागले हस्तान्तरण गरेको रु.५ करोड ५९ लाख ४९ हजार मूल्यको पोर्टेबल यू.एस.जी.मेसिन र ११ थान भेन्टिलेटर, सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा रु.२ करोड २५ लाख मूल्यको प्लाज्मा स्ट्रेलाइजर मेसिन १ थान लगायतका उपकरणहरू प्रयोगविहीन अवस्थामा रहेका छन्।

वि.पी. कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठानबाट उपलब्ध कोभिड-१९ प्रयोजनको लागि स्थापना भएको १०० बेडको अस्पताल तत् पश्चात डेङ्गु उपचारको लागि प्रयोगमा ल्याएकोमा हाल भेण्टिलेटरसहितको २० बेड आई.सी.यू. र सो अस्पतालमा प्रयोग भएका रु.२४ करोड ५१ लाख ५२ हजारको उपकरण, ट्रमा सेन्टर अस्पतालमा मुटु रोगको उपचारमा उपयोग हुने अमेरिकी डलर ५० हजार ५०० को क्याथल्याब मेसिन तथा रु.२ करोड ५१ लाख ३२ हजार मूल्यको १४ थान भेन्टिलेटर, रु.८६ लाख ११ हजारका ५ थान सी.आर्म. मेसिन र रु.९९ लाख ६६ हजार मूल्यका ब्याकमान काउल्टर बिग्रिएको कारण सञ्चालनमा रहेको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्वास्थ्य संस्थामा रहेका उपकरणको सञ्चालन सम्बन्धमा अनुगमन गरी लगत तयार गर्नुका साथै प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

६२. **शीतभण्डार सञ्चालन -** कृषि विभागबाट २०७९।३।३१ मा प्रकाशित विवरणअनुसार निजी तथा सहकारी क्षेत्रबाट १८ जिल्लामा ९७ हजार ७०० मेट्रिक टन भण्डारण क्षमता रहेका ३२ शीतभण्डार निर्माण भएकोमा ४ हजार ५०० मेट्रिक टन क्षमताका बारा र घोराहीका २ शीतभण्डार मात्र पूर्ण क्षमतामा सञ्चालनमा रहेका छन्। अधिकांश शीतभण्डारमा कृषि उपजको कमीका कारण भण्डारण क्षमताको ६० देखि ७० प्रतिशत क्षमतामा मात्र सञ्चालन भइरहेको तथा केही साना सहरी क्षेत्रका शीतभण्डार क्षमताको ५० प्रतिशतमा सञ्चालन भइरहेको अवस्था छ। भण्डारण गरिएका वस्तुमध्ये आलुको हिस्सा मात्र ९० प्रतिशतभन्दा बढी छ। व्यावसायिक कार्ययोजना तयार गरी निर्माण भएका शीतभण्डार पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

६३. **कृषि बिमा कार्यक्रम** - कृषि तथा पशुपन्छी (मत्स्यसमेत) बिमातर्फ २०७०।७१ देखि २०८०।८१ सम्मको कुल विमाङ्क रु.२ खर्ब ५३ अर्ब ७० करोड ७२ लाख रहेकोमा बिमा शुल्क रु.११ अर्ब ९९

करोड ७३ लाख र बिमा प्रिमियम रु.९ अर्ब २१ करोड २० लाख अनुदान उपलब्ध गराएको छ र २०८१ आषाढ मसान्तसम्मको बिमा दाबी रु.९ अर्ब १६ करोड ७२ लाख रहेको छ। कृषि तथा पशुपन्छी बिमामा कृषकको सत प्रतिशत पहुँच कायम भएको अवस्थामा हालको बिमा प्रिमियमको अनुदान रकममा २५ गुणाले वृद्धि हुने देखिन्छ। कृषि तथा पशुपन्छी बिमा समानताको नीतिमा आधारित रहेकोले वैकल्पिक उपायसम्बन्धमा अध्ययन गरी समताको नीति लागु गर्नुपर्ने देखिन्छ। प्रति कृषक परिवार बिमाङ्क रकमको सीमाङ्कनका आधारमा साना कृषक तथा आर्थिक रूपमा विपन्न कृषकलाई प्राथमिकतामा राखी प्रिमियममा अनुदान प्रदान गर्ने नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

६४. **कृषि बिमा दाबी भुक्तानी** - कृषि, पशुपन्छी तथा जडीबुटी बिमा निर्देशिका, २०७९ मा बिमा दाबी जानकारी प्राप्त गरेको दिनदेखि अधिकतम ५७ दिनभित्र बिमकले दाबी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १४ बिमा कम्पनीमा ३२ हजार ५६६ बिमालेखबाट रु.१ अर्ब ७० करोड ७ लाख बिमा दाबी भुक्तानी माग भएकोमा अघिल्लो वर्षको बिमादाबी भुक्तानीसमेत ३३ हजार १२८ बिमालेखको बिमा दाबीवापत रु.१अर्ब ५८ करोड ४३ लाख भुक्तानी गरी ४ हजार ८२७ बिमालेखको रु.३७ करोड ४१ लाख बिमा दाबी भुक्तानी बाँकी रहेको देखिन्छ। बिमितहरूले समयमै क्षतिपूर्ति नपाउँदा आर्थिक सङ्कट भोग्नुपरेको, बिमा प्रणालीप्रति विश्वास कम हुँदै गएको तथा बिमाको निरन्तरतामा कमी आएको देखिन्छ। बिमकहरूले समयसीमा पालना गर्ने, बिमा प्राधिकरणले प्रभावकारी नियमन र अनुगमन गर्ने, डिजिटल प्रणालीमार्फत प्रक्रिया सरलीकृत गर्ने एवं बिमादाबी भुक्तानी प्रक्रियाबारे पारदर्शिता कायम गर्न आवश्यक देखिन्छ।

६५. **सहुलियतपूर्ण कर्जा** - नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरण अनुसार सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान उपलब्ध गराउन ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी, २०७५ बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरूबाट २०८१ आषाढ मसान्तसम्म रु.१ खर्ब ८७ अर्ब ७० करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराई ५ प्रतिशतका दरले यो वर्ष रु.२ अर्ब ५० करोडसमेत २०८१ आषाढ मसान्तसम्म रु.२४ अर्ब ८९ करोड १० लाख ब्याज अनुदान प्रदान गरेका छन्। सहुलियतपूर्ण कर्जाको बक्यौता रकम २०८१ आषाढ मसान्तमा रु.१ खर्ब २६ करोड ८२ लाख पुगेको छ। बैङ्कहरूले सहुलियतपूर्ण कर्जा, सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च खुल्ने विवरण तयार गरेको छैन। उल्लिखित विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्दछ।

६६. **सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान** - सहुलियत कर्जाको ब्याज अनुदानमा २०७८ असारदेखि २०८१ मङ्सिरसम्मको अवधिमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कअनुसार २०७८ असारसम्म ब्याज अनुदान रु.६ अर्ब ७९ करोड ६४ लाख ७९ हजार रहेकोमा २०७९ असारसम्म रु.१६ अर्ब ९६ करोड ८५ लाख ८ हजार पुगेको छ। त्यस्तै, २०८० असारसम्म रु.२२ अर्ब ३९ करोड ८ लाख १६ हजार र २०८१ असारसम्म रु.२४ अर्ब ८९ करोड ९ लाख ५९ हजार पुगेको छ। उल्लिखित स्थितिले कार्यक्रमको व्यापकता तथा वित्तीय संस्थाहरूको संलग्नता बढेको देखाउँछ। दीर्घकालसम्म सहुलियत ब्याज अनुदान कार्यक्रमको निरन्तरता कायम गर्ने सम्बन्धमा थप विश्लेषण हुनुपर्ने देखिन्छ।

६७. **व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा** - सहुलियतपूर्ण कर्जा अन्तर्गत व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २०८१ असार मसान्तसम्म ४६ हजार ३५६ ऋणीको रु.१ खर्ब ११ अर्ब २५ करोड ५९ लाख कर्जा स्वीकृत भएमध्ये रु.८६ अर्ब ८९ करोड ८७ लाख प्रवाह भएको छ। प्रवाह भएको ऋण मध्ये "क" वर्गको बैङ्क तथा वित्तीय संस्थाबाट ४१ हजार ६८९ ऋणीलाई रु.७७ अर्ब ५३ करोड ६१

लाख, "ख" वर्गको बैङ्क तथा वित्तीय संस्थाबाट ४ हजार २०० ऋणीलाई ८ अर्ब ४ करोड ९९ लाख, "ग" वर्गको वित्तीय संस्थाहरूबाट ४४५ ऋणीलाई १ अर्ब २९ करोड ८४ लाख, र "घ" वर्गको वित्तीय संस्थाहरूबाट २२ ऋणीलाई १ करोड ४३ लाख ४९ हजार ऋण लगानी भएको देखिन्छ। व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा भएको लगानीको प्रतिफल मूल्याङ्कन हुनुपर्दछ।

६८. **आन्तरिक अध्ययन प्रतिवेदन -** नेपाल राष्ट्र बैङ्कले पुनर्कर्जा र सहुलियतपूर्ण कर्जाको प्रयोगको अध्ययन गर्न नियुक्त परामर्शदाताको प्रतिवेदनअनुसार १ लाख ७२ हजार ६५४ ऋणीमध्ये १८.३४ प्रतिशत अर्थात् ३१ हजार ६६४ ऋणीका फाइल तथा १ हजार ८३८ परियोजनाको स्थलगत निरीक्षण गरेको देखिन्छ। उक्त अध्ययन प्रतिवेदनमा मूल्याङ्कन गरिएका कर्जामध्ये ७ प्रतिशत ऋणीको रु.६ अर्ब ३५ करोड ६० लाख कर्जा सदुपयोग नभएको, १२ प्रतिशत ऋणीको रु.१८ अर्ब ७४ करोड ९० लाखको कर्जा फाइलमा लक्षित वर्ग पहिचान नभएको, ६ प्रतिशत ऋणीको रु.१० अर्ब ४९ करोड १० लाखमा दोहोरो कर्जा सुविधा उपयोग भएको र ११ प्रतिशत ऋणीको रु.२१ अर्ब २५ करोड ४० लाख कर्जामा दुरुपयोगको आशंका देखिएको उल्लेख छ। साथै व्यावसायिक कृषि तथा पशुपन्छी कर्जातर्फ रु.५ अर्ब ३४ करोड ५४ लाख कर्जा प्रवाह भएका १० हजार ९८१ ऋणीको नमुना परीक्षण गरिएको उल्लेख छ। यसले सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारिता र पारदर्शितामा थप सुधार आवश्यक रहेको देखिन्छ।

६९. **विमान खरिद कर्जा -** कर्मचारी सञ्चय कोष र नेपाल वायु सेवा निगमबिच २०७०।३।४ मा ए३२० न्यारोबडी एयरबस २ थान खरिद गर्नका लागि नेपाल सरकारको रु.१० अर्बको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा ए३३० वाइडबडी एयरबस १ थान खरिद गर्नको लागि नेपाल सरकारको रु.१२ अर्बको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाखको ऋण उपलब्ध गराउने गरी सम्झौता भएको देखिन्छ। उक्त ऋण सम्झौताअनुसार निगमले ब्याज भुक्तानी नगरेकोले ब्याजसमेत पुँजीकरण गर्न कोषको सञ्चालक समितिबाट निर्णय भएअनुसार साँवा रकम बढाएर रु.२८ अर्ब ५७ करोड ३५ लाख ऋण कायम गरेको छ।

त्यस्तै नागरिक लगानी कोषको कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत रु.१२ अर्बको दीर्घकालीन ऋण प्रवाह गरेकोमा नेपाल वायुसेवा निगमसँग २०८१ आषाढ मसान्तसम्म पुँजीकृत गरिएको व्याज रकमसमेत रु.१९ अर्ब ३९ करोड ९ लाख ८४ हजार ऋण लगानी देखिएको छ। कोषले निगमबाट सम्झौता बमोजिम ऋण लगानीको रकम प्राप्त गरेको छैन। सम्झौताबमोजिम विशेष खातामा रकम जम्मा गर्न लगाई ऋण प्राप्तिको तालिकाबमोजिम ऋण फिर्ता प्राप्त गर्नुपर्दछ। नेपाल सरकारले जमानी दिँदा यस्ता ठुला र दीर्घकालीन परियोजनाका विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यवसायिक योजना जस्ता विषयमा अध्ययन, विश्लेषण र मूल्याङ्कनपश्चात कर्जा प्रवाह गर्नुपर्ने, त्यसैगरी उक्त रकमलाई खाम्ने गरी जमानत लिने व्यवस्था मिलाइ कर्जा असुल गर्नुपर्दछ।

७०. **परियोजना कर्जा प्रवाह -** कर्मचारी सञ्चय कोष परियोजना कर्जा प्रवाह कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम कर्मचारी सञ्चयकोषले प्रवाह गरेको कर्जामध्ये खराब कर्जाको रूपमा ब्याज समेत हिसाब गर्दा ६ कम्पनी, ४ उद्योग तथा एक होटलसमेत ११ व्यापारिक फर्मसँग रु.३ अर्ब ९९ करोड १७ लाख उठ्न बाँकी रहेको छ। कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल नभएकोले थप छानबिन गरी सो ऋणको साँवा र ब्याज असुल गर्नुपर्दछ।

७१. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास र खानेपानी मन्त्रालयअन्तर्गतका निकायहरूले मूल्य सूचकाङ्क, फ्याक्टर तथा सुत्र फरक पारी मूल्य समायोजन गणना गरी रु.२१ करोड ४१ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७२. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिँचाइ, शिक्षा, विज्ञान तथा प्रविधि र रक्षा मन्त्रालयअन्तर्गतका निकायले रु.२ अर्ब ८ करोड १५ लाख १५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

७३. **अधुरा ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेश्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने लगायतका व्यवस्था रहेको छ। तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप हुँदा पनि कार्यसम्पन्न नगरी भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका रु.४ अर्ब ४४ करोड १० लाख ३३ हजार सम्झौता रकम रहेका ४१६ योजना आंशिक भुक्तानी भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले सम्झौताअनुसार काम सुरु नगर्ने, कामको प्रगति नगर्ने र बिचमा कार्य छाड्ने गरेका कारण अधुरा ठेक्काहरूको सङ्ख्या, समयावधि र लागत बढ्दै गएको छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

७४. **परामर्श खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। भौतिक पूर्वाधार तथा यातायात ऊर्जा, जलस्रोत तथा सिँचाइ, खानेपानी, रक्षा, लगायतका १० मन्त्रालयअन्तर्गतका विभिन्न कार्यालय तथा आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि कार्यालयले परामर्श सेवा खरिद गरी यस वर्षसम्म रु.४ अर्ब ५१ करोड ३६ लाख ९० हजार, १ लाख ७४ हजार अमेरिकी डलर तथा ३ हजार युरो भुक्तानी गरेका छन्। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

७५. **अधिग्रहित जग्गामा नियन्त्रण -** सरकारी प्रयोजनका लागि अधिग्रहण गरिएको उद्देश्यानुसारको कार्यमा प्रयोग गर्नुपर्दछ। ऊर्जा, जलस्रोत तथा सिचाँई, रक्षा, संस्कृती, पर्यटन तथा नागरिक उड्डयन, भौतिक पूर्वाधार तथा यातायात र अर्थ मन्त्रालयलअन्तर्गतका विभिन्न कार्यलयहरूको सरकारी प्रयोजनको लागि ३ हजार १०२ रोपनी ६०४ बिघा र ५.७ हेक्टर जग्गा अधिग्रहण गरी यस वर्षसम्म रु.१७ अर्ब ९७ करोड ९ लाख २९ हजार खर्च गरेकोमा ती जग्गामा रहेका घरटहरा एवम् घरधुरीको तथ्यांक नराखेको

र कतिपय क्षेत्रमा घरटहरा विस्तार भइरहेकोले अधिकांश जग्गा सरकारी कार्यालयहरूको नियन्त्रणमा आएको छैन। नेपाल सरकारले मुआब्जा वितरण गरी अधिग्रहण गरेको जग्गालाई सरकारको नियन्त्रणमा ल्याई उपयोग गर्नुपर्दछ।

प्रदेश मन्त्रालय तथा निकाय

७६. **प्रदेश सञ्चित कोष** - संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०८०।८१ मा गत वर्षको जिम्मेवारी रु.६५ अर्ब ६७ करोड ५३ लाख १३ हजार सहित रु.२ खर्ब ३९ अर्ब ७९ करोड २८ लाख ७६ हजार आम्दानी रहेकोमा रु.१ खर्ब ८४ अर्ब १० करोड २५ लाख ७९ हजार (७६.७८ प्रतिशत) खर्च गरी रु.५५ अर्ब ६९ करोड २ लाख ९८ हजार बाँकी रहेको छ।

७७. **विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेशको रु.१२ करोड ५ लाख ८९ हजार, मधेश प्रदेशको रु.१७ करोड ५४ लाख ६५ हजार, गण्डकी प्रदेशको रु. ६ लाख ८० हजार र सुदूरपश्चिम प्रदेशको रु.१ करोड ९३ लाख २४ हजारसमेत रु.३१ करोड ६० लाख ५८ हजार ऐनको प्रावधान बमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्था बमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ।

७८. **सरकारी कार्यालयको लेखापरीक्षण** - यो वर्ष सातै प्रदेश मातहतका १ हजार १६५ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेतको रु.३ खर्ब ८ अर्ब ५६ करोड ११ लाख ३० हजार र १ कार्यालयको बक्यौता रु.३३ करोड १२ लाख ४० हजारसमेत रु.३ खर्ब ८ अर्ब ८९ करोड २३ लाख ७० हजार लेखापरीक्षण सम्पन्न भएको छ। कोशी प्रदेश अन्तर्गत ९ निकाय, मधेश प्रदेशको १, गण्डकी प्रदेशको २, लुम्बिनी प्रदेशको १, कर्णाली प्रदेशको १ र सुदूरपश्चिम प्रदेशको २ निकायको लेखापरीक्षण बक्यौता रहेको छ।

७९. **वित्त हस्तान्तरण** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण अनुदान	६५०९६७४	६४७२२३२	५९३८८०५	५६४९०३५	६०३८७०५	७५३२६१४	६३१४३९२	४४४५५४५७
सशर्त अनुदान	५५३४७०४	२५८८७५५	५७४८२२२	२९९३१३४	३८९४१३९	२६५४९४५	२८४९८१४	२६२६३७१३
समपूरक अनुदान	७३००००	९८३९६९	१३०००००	७२००००	२२६७०५	४८३१८१	६१८८५२	५०६२७०७
विशेष अनुदान	७६००००	१५७५२५३	७३००००	६९५०००	५३३००५	२९३१८०	४६५०००	५०५१४३८
जम्मा	**१३५३४३७८**	**११६२०२०९**	**१३७१७०२७**	**१००५७१६९**	**१०६९२५५४**	**१०९६३९२०**	**१०२४८०५८**	**८०८३३३१५**
राजस्व बाँडफाँट	१०००० ९२०	९७९५०१२	९०७४९७२	९२३७८९९	८८५५८८३	७४९५८७१	७३६४७००	६१८२५२५७
जम्मा	**२३५३५२९८**	**२१४१५२२१**	**२२७९१९९९**	**१९२९५०६८**	**१९२९५०६८**	**१८४५९७९१**	**१७६१२७५८**	**१४२६५८५७२**

महालेखा नियन्त्रक कार्यालयबाट पेश भएको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपूरक अनुदान र विशेष अनुदान रु. ७६ अर्ब १ करोड ९९ लाख २४ हजार निकासा भएकोमा ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयहरूको एकीकृत वित्तीय विवरणअनुसार रु.८० अर्ब ८३ करोड ३३ लाख १५ हजार मात्र रकम प्राप्त भएको देखिएकोले फरक रकम रु.४ अर्ब ८१ करोड ३३ लाख ९१ हजारको हिसाब यकिन गर्नुपर्दछ।

८०. **राजस्व अनुमान र प्राप्ति** - सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०८०।८१ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजु समेत रु. १ खर्ब ७ अर्ब ५७ करोड ६५ लाख ७१ हजार प्रक्षेपण गरेकोमा रु. ८५ अर्ब १४ करोड ६६ लाख ७४ हजार (७९.१५ प्रतिशत) प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली स्थिति देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	राजस्व प्रक्षेपण	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१६२२५९५०	१३४१९५०२	८२.७०
मधेश	१५७६०००२	१४४०८३७६	९१.४२
बागमती	३१५४१५७५	२६२५१९८९	८३.२३
गण्डकी	१५३५४४९०	११४३२२६९	७४.४६
लुम्बिनी	२०८४५५००	१४०३०२३७	६७.३१
कर्णाली	९६७६५१२	८२४७०८५	८५.२३
सुदूरपश्चिम	१३३३३८००	८६५११६१	६४.८८
जम्मा	**१२२७३७८२९**	**९६४४०६१९**	**७८.५७**

प्रदेशहरूको प्रक्षेपण अनुसार राजस्व प्राप्ति लक्ष्य अनुरूप नभएकोले राजस्वको दायरा र आधार विस्तार गर्न आन्तरिक स्रोत परिचालनमा अभिवृद्धि गर्नुपर्दछ।

८१. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०८०।८१ को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छः

(रु. हजारमा)

प्रदेश	कायम बजेट	चालु खर्च	पुँजीगत खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३६८१९०७४	११६७९२३५	१६३४८२९८	२८०२७५३३	७६.१२
मधेश	४४११४६३२	९२५५६१९	१५२८९३११	२४५४४९३०	५५.६४
बागमती	६२७०९०७८	१५९७२५०३	२८५४०७००	४४५१३२०३	७०.९८
गण्डकी	३३४२७२००	७५७६६९९	१४६२९४१६	२२२०६११५	६६.४३
लुम्बिनी	४०५५०१४८	१०४१८९२२	१६०१७७७१	२६४३६६९३	६५.२
कर्णाली	३३४१५८६०	९१७५१२२	१०६९३०८६	१९८६८२०८	५९.४६
सुदूरपश्चिम	२९२८६६४०	७९४८९५०	१०५६४६२७	१८५१३५७७	६३.२६
जम्मा	**२८०३२२६३२**	**७२०२७०५०**	**११२०८३२०९**	**१८४११०२५९**	**६५.६८**

प्रदेशको औसत खर्च ६५.६८ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७६.१२ र सबैभन्दा कम खर्च मधेश प्रदेशको ५५.६४ प्रतिशत रहेको छ। कार्यदक्षता वृद्धि गरी तोकिए बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८२. **रकमान्तर** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला हेर्ने मन्त्रालयको हुने व्यवस्था छ। यो वर्ष ७ प्रदेशको सुरु विनियोजित बजेट रु.२ खर्ब ८० अर्ब १९ करोड ५३ लाख रहेकोमा रु.३३ अर्ब ८८ करोड २४ लाख थप र रु.३३ अर्ब ७५ करोड ५१ लाख घट भई रु.२ खर्ब ८० अर्ब ३२ करोड २६ लाख बजेट कायम गरेको देखिन्छ। सोमध्ये २०८१ आषाढ महिनामा मात्र कोशी प्रदेशले रु.९१ करोड ९ लाख ३६ हजार, मधेश प्रदेशले रु.१० करोड २ लाख ५३ हजार, गण्डकी प्रदेशले रु.९४ करोड ८९ लाख १५

हजार, लुम्बिनी प्रदेशले रु.१ अर्ब १५ करोड १ लाख ५४ हजार र कर्णाली प्रदेशले रु. ४ करोड ४८ लाख ९७ हजार रकमान्तर गरेका छन्। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

८३. **प्रदेश आन्तरिक स्रोत परिचालन** - प्रदेश सरकारहरूको २०८०।८१ को कुल खर्च रु.१ खर्ब ८४ अर्ब ११ करोड २ लाख ५९ हजार रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रु.१ खर्ब ९ अर्ब ७२ करोड ९९ लाख ८६ हजार खर्च गरेको छ। प्रदेशगत खर्चको स्थिति यस प्रकार छः

(रु. हजारमा)

प्रदेश	कुल खर्च	प्रदेश आन्तरिक स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	२८०२७५३३	१५४३०६१९	५५.०६
मधेश	२४५४४९३०	१७००८११३	६९.२९
बागमती	४४५१३२०३	३३०८२८२६	७४.३२
गण्डकी	२२२०६११५	१२२८८९८३	५५.३४
लुम्बिनी	२६४३६६९३	१६०६९५६०	६०.७९
कर्णाली	१९८६८२०८	८८५२५९३	४४.५६
सुदूरपश्चिम	१८५१३५७७	९०३६६००	४८.८१
जम्मा	**१८४११०२५९**	**१११७६९२९४**	**६०.७१**

उल्लिखित विवरणअनुसार प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ६०.७१ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट खर्च बेहोरिएकोमध्ये सबैभन्दा कम खर्च कर्णाली प्रदेशको ४४.५६ प्रतिशत र सबैभन्दा बढी खर्च बागमती प्रदेशको ७४.३२ प्रतिशत रहेको छ। आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

८४. **यो वर्षको बेरुजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०८०।८१ को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	२०१	५१४१६९१५	८६८१८९	७६४५४०	१.६९	१.४९
मधेश	१५९	४६०००५०७	११६३८०२	९६७७८८	२.५३	२.१०
बागमती	२१४	८२८२३५८१	८५१७८२	७४०८७२	१.०३	०.८९
गण्डकी	२०३	४१२०५८५५	५१९८३३	४५००८४	१.२६	१.०९
लुम्बिनी	२११	५४१६०४४४	६५८२१६	६०९४५६	१.२२	१.१३
कर्णाली	१४०	३७५८६६९९	४५९४८२	३५८४३७	१.२२	०.९५
सुदूरपश्चिम	१६२	३५६२५९७७	५००६९३	४८०६९९	१.४१	१.३५
जम्मा	**१२९०**	**३४८८१९९७८**	**५०२१९९७**	**४३७१८७६**	**१.४४**	**१.२५**

उपर्युक्त तालिकाअनुसार लेखापरीक्षण अङ्कको तुलनामा पेस्की बाहेक बेरुजु सबभन्दा बढी मधेश प्रदेशको २.१० प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको ०.८९ प्रतिशत रहेको छ।

८५. **अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रू.३१ अर्ब ५० करोड ९५ लाख २० हजार रहेकोमा सम्परीक्षणबाट रू. २ अर्ब ४६ करोड १८ लाख ५० हजार फर्स्यौंट तथा रू. ६ करोड ८२ लाख ८४ हजार थप भई रू. २९ अर्ब ११ करोड ५९ लाख ५४ हजार बाँकी रहेको छ। यो वर्ष रू.५ अर्ब २ करोड १९ लाख

९७ हजार थप भई अद्यावधिक बेरुजु रू.३४ अर्ब १३ करोड ७९ लाख ५१ हजार कायम भएको छ। सो रकममा रू.९ अर्ब ९५ करोड ४१ लाख २९ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	गत सम्मको बाँकी	सम्परीक्षण	सम्परीक्षणबाट थप	बाँकी	यो वर्षको थप	हालसम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	५५८०४०७	१०४८०१३	०	४५३२३९४	८६८१८९	५४००५८३	३७६३३४२
मधेश	८३१०८५८	२८१२८८	१०१८७	८०३९७५७	११६३८०२	९२०३५५९	२८२२४८८
बागमती	४२८०५६१	२६८२७९	४९०२	४०१७१८४	८५१७८२	४८६८९६६	१०३४४९५
गण्डकी	२६८५५४२	२४११०३	२०८३०	२४६५२६९	५१९८३३	२९८५१०२	७८१६३३
लुम्बिनी	४०२०९६९	१०५६२९	१५८१	३९१६९२१	६५८२१६	४५७५१३७	४३७७४०
कर्णाली	३९४८२५४	२९६८४४	९६९२	३६६११०२	४५९४८२	४१२०५८४	७३८५२०
सुदूरपश्चिम	२६८२९२९	२२०६९४	२१०९२	२४८३३२७	५००६९३	२९८४०२०	३७५९११
जम्मा	**३१५०९५२०**	**२४६१८५०**	**६८२८४**	**२९११५९५४**	**५०२१९९७**	**३४१३७९५१**	**९९५४१२९**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण र कार्यसम्पादन अवस्थाको विश्लेषणसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

स्थानीय तह

८६. **समग्र आय व्यय -** यो वर्ष लेखापरीक्षण भएका ७५३ स्थानीय तहको कुल आय रु.६ खर्ब ४१ अर्ब ७६ करोड ५५ लाखमध्ये रु.५ खर्ब ६० अर्ब ५६ करोड ८७ लाख (८७.३५ प्रतिशत) खर्च भएको देखिन्छ। कुल खर्चमध्ये चालु खर्च रु.२ खर्ब ८८ अर्ब ५१ करोड ३१ लाख (५१.४७ प्रतिशत), पुँजीगत खर्च रु.१ खर्ब ४५ अर्ब १९ करोड ५ लाख (२५.९० प्रतिशत) र अन्य खर्चतर्फ रु.१ खर्ब २६ अर्ब ८६ करोड ५१ लाख (२२.६३ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७५३ स्थानीय तहको २०८०।८१ को कुल आन्तरिक आय रु.३६ अर्ब १७ करोड ५६ लाख, सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँट रु.८५ अर्ब ४४ करोड ३६ लाख, गत वर्षको मौज्दात रु.९४ अर्ब ५१ करोड ५० लाखसमेत आन्तरिक स्रोततर्फ रु.२ खर्ब १६ अर्ब १३ करोड ४२ लाख प्राप्त भएको छ।

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरण अनुसार सङ्घीय मन्त्रालय/निकायमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रु.१ खर्ब २१ अर्ब ३६ करोड ४७ लाख तथा बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशले मन्त्रालयमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रु.३६ करोड ११ लाख स्थानीय तहले आफ्नो समग्र आय-व्यय विवरणमा समावेश गरेको देखिएन। सबै कारोबार समावेश गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

८७. **घटी जिम्मेवारी -** स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ। यो वर्ष १२७ स्थानीय तहले रु.१ अर्ब ७२ करोड ७६ लाख ३९ हजार घटी जिम्मेवारी सारेकोमा सोको कारण खुलाएका छैनन्।

८८. **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। गत वर्ष ३०७ स्थानीय तहले

आन्तरिक लेखापरीक्षण नगराएकोमा यो वर्ष ३२७ (४३.४३ प्रतिशत) स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। कानुनबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

८९. **बैङ्क हिसाब मिलान -** स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो विवरण तयार गरेका छैनन्। यो वर्ष ६६ स्थानीय तहको स्रेस्ताले देखाएकोभन्दा बैङ्क खातामा रु.३२ करोड ६६ लाखले घटी मौज्दात रहेकोमा अन्तर खाता हिसाब मिलान गरी बैङ्क मौज्दात यकिन गरेको देखिएन।

९०. **सार्वजनिक सम्पत्ति व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २३९ (३१.७४ प्रतिशत) स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रुपमा लागु गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म ११२ (१४.८७ प्रतिशत) स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरेका छैनन्।

९१. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष ११६ स्थानीय तहले उक्त व्यवस्था पालना नगरी रु.४ अर्ब १० करोड ७४ लाख ७२ हजार बजेट रकमान्तर गरी खर्च गरेका छन्। ऐनको व्यवस्थाअनुसार रकमान्तर गर्नुपर्दछ।

९२. **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ३१५ स्थानीय तहले रु.६ अर्ब ५९ करोड ३ लाख ८१ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९३. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	ससर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
२०८०।८१	८१२२५९	१७१३००७	६०१५८	४८५४०	२६३३९६४
प्रदेश सरकारबाट प्राप्त					
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३
२०८०।८१	७०४८०	७९५०३	१५१९०	४६९२४	२१२०९७

उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घ तथा प्रदेशको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढदै गएको छ।

यो वर्ष सङ्घीय सरकारबाट प्राप्त अनुदानमध्ये लेखापरीक्षणबाट देखिएको सर्त विपरीत ९९ स्थानीय तहले खर्च गरेको रु.२३ करोड २८ लाख २६ हजार र साझेदारी अंश नपुग भएको ७३ स्थानीय तहको रु.१६ करोड २८ लाख ५२ हजारसमेत रु.३९ करोड ५६ लाख ७८ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ को एकीकृत वित्तीय विवरणको अनुसूची-३.१ अनुसार ७ स्थानीय तहले खर्च नभई बचत रहेको रु.१ करोड १६ लाख ५६ हजार तथा लेखापरीक्षणबाट देखिएको ३६ स्थानीय तहले सर्त विपरीत खर्च गरेको रु.५ करोड ३ लाख ९३ हजार र साझेदारी अंश नपुग भएको ६२ स्थानीय तहको रु.१४ करोड ५७ लाख ५७ हजारसमेत रु.२० करोड ७८ लाख ६ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

९४. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यो वर्ष २४१ स्थानीय तहले परामर्श सेवा खरिदमा रु.६६ करोड ५२ लाख ८० हजार खर्च गरेका छन्। विगत ३ वर्षमा ४१८ स्थानीय तहले बाह्य परामर्शदाताबाट सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरुयोजना तयारी कार्य तथा अन्य परामर्श सेवा लिई रु.१ अर्ब ४८ करोड ५३ लाख २६ हजार खर्च गरेका छन्। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएकामध्ये १३५ स्थानीय तहले रु.३२ करोड ३१ लाख ६८ हजारका ४४८ अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत गरेको देखिएन।

९५. **बक्यौता असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष १०३ स्थानीय तहबाट सम्पत्ति करलगायत रु.२ अर्ब ७५ करोड २३ लाख ४० हजार असुल गर्न बाँकी रहेकोमा सबै स्थानिय तहले असुल गर्न बाँकी वक्यौता रकमको लगत अद्यावधिक गरेका छैनन्।

९६. **पदाधिकारी सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिए बमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष १३ स्थानीय तहले पदाधिकारीहरूलाई ऐनमा व्यवस्था नभएको चाडपर्व खर्च रु. १३ लाख ९६ हजार, २८ स्थानीय तहले पोशाक सुविधामा रु. १ करोड २८ लाख ३५ हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुनेगरी ७७ स्थानीय तहले यातायात खर्चमा रु.५ करोड ७ लाख ९५ हजार, ५३ स्थानीय तहले ऐनमा उल्लेख भएभन्दा बढी हुने गरी इन्धनमा रु.३ करोड ५७ लाख ६७ हजार, १६ स्थानीय तहले ऐनमा तोकेभन्दा बढी हुने गरी विविधमा रु.१ करोड ४५ लाख ६८ हजार, ७३ स्थानीय तहले नियमले नपाउने भान्से, घरभाडा, अतिथि सत्कारलगायत अन्य सुविधावापत रु.२ करोड ५२ लाख ४१ हजार गरी रु.१४ करोड ६ लाख १२ हजार बढी भुक्तानी गरेका छन।

९७. **लेखापरीक्षण, बेरुजु र लेखापरीक्षणको क्रममा असुली** - यो वर्ष ७५३ स्थानीय तहको रु.११ खर्ब ७ अर्ब ८१ करोड ९७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष बक्यौता लेखापरीक्षणतर्फ आर्थिक वर्ष २०७५।७६ को १, २०७६।७७ को १ र २०७९।८० को ६ समेत ८ स्थानीय तहको रु.१० अर्ब ६४ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। नियमित र बक्यौतासमेत यो वर्ष रु.११

खर्ब १८ अर्ब ४६ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट ७५३ स्थानीय तहको रु.२७ अर्ब ७० करोड ९२ लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ९९ करोड ३० लाख फर्स्यौट गरेकोले रु.२४ अर्ब ७१ करोड ६२ लाख फर्स्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ अर्ब ४२ करोड ९१ लाख, नियमित गर्नुपर्ने रु.१८ अर्ब ९५ करोड ५२ लाख र म्याद नाघेको पेस्की रु.२ अर्ब ३३ करोड १९ लाख बाँकी छ। त्यसै गरी १ स्थानीय तहको २०७५।७६, १ स्थानीय तहको २०७६।७७ र ६ स्थानीय तहको २०७९।८० गरी ८ स्थानीय तहको रु.१० अर्ब ६४ करोड ३३ लाखको बक्यौता लेखापरीक्षणबाट रु.६० करोड ८० लाख बेरूजु देखिएको छ।

यो वर्ष लेखापरीक्षणबाट औंल्याइएपछि ४९६ स्थानीय तहबाट रु.५३ करोड ९१ लाख १८ हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ४९२ स्थानीय तहबाट रु.४७ करोड २१ लाख ४१ हजारसमेत रु.१ अर्ब १ करोड १२ लाख ५९ हजार असुली भई सम्बन्धित सञ्चित कोषमा दाखिला भएको छ। गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा ५२८ स्थानीय तहबाट रु.७६ करोड ३१ लाख ८ हजार असुल भएकोले यो वर्ष स्थानीय तहतर्फ कुल रु.१ अर्ब ७७ करोड ४३ लाख ६७ हजार असुल भएको छ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

यो वर्ष ११ विषयको कार्यमूलक, २ विषयको विशेष, १ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएकोमा सोबाट देखिएका संक्षिप्त बेहोरा देहायबमोजिम रहेका छन्:

- **कार्यमूलक लेखापरीक्षण**

९८. **खनिज अन्वेषण तथा उत्खनन स्थिति -** खनिज अन्वेषण तथा उत्खनन स्थिति विषयको कार्यमूलक लेखापरीक्षणबाट देशमा उपलब्ध खनिज सम्पदाको दिगो उपयोग गर्नुपर्नेमा खनिज अन्वेषण, उत्खनन् र व्यवस्थापनको कार्य व्यवस्थित हुन नसकेको, खनिजसम्बन्धी तीन तहको अधिकार कार्यान्वयन गर्न राष्ट्रिय खनिज नीति, २०७४ जारी भएतापनि कानुनहरूमा समयानुकूल संशोधन हुन नसकेको, खनिज खोजतलास तथा उत्खनन् अनुमति व्यवस्थापन, खनिज अन्वेषणको लक्ष्य तथा प्रगतिको किटान एवं मापन गर्न नसकेको लगायतका बेहोरा देखिएका छन्।

९९. **विद्युत उत्पादन, प्रसारण र उपयोग स्थिति -** जलविद्युत आयोजना निर्माण तथा उत्पादन, प्रसारण र उपयोगमा प्रभावकारिता कायम गर्न, माग र आपूर्ति व्यवस्थापन हुन नसकेको, विद्युत व्यापार योजना र पूर्वाधारमा सामञ्जस्यता हुन नसकेको, समयमा विद्युत आयोजना सम्पन्न नहुँदा समय र लागत बढ्न गएको, सम्पन्न भैसकेका आयोजनाको विद्युत राष्ट्रिय ग्रिडमा जडान गर्ने र प्रसारण कार्यमा ढिलाइ हुन गएको, मुआब्जा वितरण, ट्रान्समिसन लाइन निर्माणका लागि आवश्यक एवं प्रभावकारी समन्वय हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

१००. **शीत भण्डार व्यवस्थापन कार्यक्रम -** निर्माण भएका शीत भण्डारको एकीकृत अभिलेख नभएको, सञ्चालनका लागि विद्युत आपूर्ति नियमित नभएको, नियमित सञ्चालन तथा मर्मत संभारका लागि दक्ष जनशक्तिको अभाव रहेको, शीत भण्डार पूर्ण क्षमतामा सञ्चालनमा नरहेको, निर्माणाधीन पूर्वाधार अधुरो रहेको, स्थानीय कृषकहरूलाई सहुलियत दरमा भण्डारण सुबिधा उपलब्ध हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

१०१. **लिफ्टिङ्ग खानेपानी आयोजना स्थिति -** आयोजनाको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रमको आवश्यकता पहिचान हुन नसकेको, दिगो विकास लक्ष्य एवं आवधिक योजना अनुरुप सुरक्षित खानेपानीमा पहुँच बढाउन नसकेको, खानेपानी नीतिको पूर्ण कार्यान्वयन हुन नसकेको, आयोजनाको माग तथा स्वीकृतिमा निर्देशिकाको पूर्ण पालना हुन नसकेको, निर्धारित समयभित्र निर्माण सम्पन्न हुन नसकेको, आयोजनाको मर्मत सम्भारमा दक्ष प्राविधक जनशक्तिको अभाव रहेको, अभिलेख व्यवस्थित हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

१०२. **हुलाकी राजमार्ग निर्माण अवस्था -** पर्याप्त पूर्व तयारी नभई कार्यान्वयन भएको, हाल सम्म आयोजनाको भौतिक प्रगति ६६ प्रतिशत मात्रै भएको, स्थानीय अवरोध तथा विवाद समयमै समाधान हुन नसकेको, डिजाइन एण्ड विल्ड विधिबाट निर्माण हुने पुलहरू समेत समयमा निर्माण सम्पन्न हुन नसकेको, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो लाग्न नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

१०३. **विमानस्थलहरूको सञ्चालन एवं व्यवस्थापन -** कानुन र नीतिमा समयानुकूल परिमार्जन हुन नसक्दा अन्तर्राष्ट्रिय उड्डयन सङ्गठन र अन्य संस्थाहरूले निर्धारित गरेका मानक अनुकूलको व्यवस्था परिपालनामा कठिनाई रहेको, हवाई नीति बमोजिम एकद्धार प्रणालीको विकास हुन नसकेको, प्राधिकरण सेवाप्रदायक र नियमनकारी भूमिकामा संलग्न रहेको, हब विमानस्थलको सञ्चालन तोकिए बमोजिम हुन नसकेको, अन्तर्राष्ट्रिय मापदण्डको कार्यान्वयन पूर्ण रुपमा हुन नसकेको, विमानस्थलको दूरी तोकिएको नटिकल माइल बमोजिम हुन नसकेको, दुर्गम क्षेत्रमा नियमित हवाई उडान हुन नसकेको, दुर्गम क्षेत्र हवाई सेवाकोषको सञ्चालन व्यवस्थित हुन नसकेको, हिमाली तथा पहाडी क्षेत्रमा उडान सेड्युल भन्दा न्यून उडान हुने गरेको, उडान अनुमति कार्यान्वयनको नियमित अनुगमन हुन नसकेको, लाभ लागत विश्लेषणका आधारमा बिमानस्थलको निर्माण तथा सञ्चालन हुन नसकेको, व्यवस्थापन सूचना प्रणाली विकास गरी सोको कार्यान्वयन हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

१०४. **कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता -** सञ्चालित बिमा कार्यक्रमको कार्यान्वयनमा संरचनागत, प्रणालीगत र नीतिगत कठिनाई रहेको, बिमा कार्यक्रममा न्यून संख्यामा कृषकको सहभागिता रहेको, कृषकहरूले अनुदान सम्बन्धी जानकारी प्राप्त गर्न नसकेको, बिमा प्रक्रिया सरलीकरण हुन नसकेको, बिमाङ्क रकम निर्धारणमा वैज्ञानिकता नहुनु, ग्रामीण क्षेत्रसम्म बिमा कम्पनीको उपस्थिति नहुनु, साना र सीमान्तकृत कृषकहरूको पहुँच वृद्धि हुन नसकेको, दाबी भुक्तानी प्रक्रिया सरलीकरण हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

१०५. **सहुलियतपूर्ण कर्जा र व्याज अनुदानको स्थिति -** कार्यक्रम घोषणा गर्नुपूर्व पर्याप्त अध्ययन, बिश्लेषण एवं बिगतका कार्यक्रमको समीक्षा हुन नसकेको, कार्यविधि पटक-पटक संशोधन हुँदा स्थायित्व प्रभावित हुन गएको, लक्षित वर्ग पहिचान र ब्याज अनुदान वितरण प्रक्रियामा सुधारको आवश्यकता देखिएको, वित्तीय संस्थालाई प्राथमिकतापूर्वक लगानी गर्न प्रोत्साहन गर्न नसकेको, जस्ता बेहोराहरू देखिएका छन्।

१०६. **लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता -** सम्झौता अनुसार कार्यक्रम कार्यान्वय गरी अपेक्षित रुपमा बजेट खर्च हुन नसकेको, आयोजनाको कार्यक्षेत्र र बजेटबिच तालमेल हुन नसकेको, वितरण गरिएका कतिपय उपकरण र निर्मित संरचनाहरू प्रयोगबिहिन अवस्थामा रहेको, बिमा दाबिमा कठिनाइ, रोग तथा महामारी रोकथाममा आयोजनाको ध्यान पुग्न नसकेको, कृषकको व्यवस्थापकीय र प्राविधिक ज्ञान अभिबृद्धीका लागि तालीम कार्यक्रम सञ्चालन हुन नसकेको, कृषि सम्पत्ति तथा सेवामा महिलाको पहुँच न्यून रहेको, संस्थागत व्यवस्था सरलीकरण गरी सम्पन्न भएका कार्यक्रमको दीगोपना

हाँसिल गर्न नसकेको, कृषकमा ऋणको भार बढ्दै गएको, परियोजनाबाट सञ्चालित कार्यक्रमको दिगोपना कायम हुन नसकेको, व्यवसायको निरन्तरता जोड दिन नसकेको जस्ता बेहोराहरू देखिएका छन् ।

१०७. **काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन -** ट्राफिक हुने मुख्य स्थानमा अण्डरपास तथा फ्लाईओभर जस्ता संरचना निर्माण हुन नसकेको, ट्राफिक बत्ती एवं संरचनाको नियमित मर्मत सम्भार हुन नसकेको, जडान गरीएका स्मार्ट बत्तीमा सुविधा थप हुन नसकेको, सवारी साधनको आयू निर्धारण हुन नसकेको, वातावरणीय मापदण्ड र ट्राफिक व्यवस्थापनमा समयानुकुल सुधार हुन नसकेको, सडक अनुशासन तथा ट्राफिक नियम सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रम प्रभावकारी हुन नसकेको, ट्राफिक नियमका वारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन हुन नसकेको, सञ्चालनमा रहेका करिडोरको अवरोध हटाई निर्वाध रुपमा आवागमन सञ्चालन हुन नसकेको, विद्युतीय तार अण्डरग्राउण्ड हुन नसकेको, खानेपानी, ढल व्यवस्थापन लगायतका निकायबिच समन्वय कायम हुन नसकेको, पार्किङ्ग व्यवस्थित हुन नसकेको, पार्किङ्ग बक्स निर्माण हुन नसकेको जस्ता बेहोराहरू कार्यमूलक लेखापरीक्षणबाट देखिएका छन्।

१०८. **स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था -** स्थानीय तहले बजेट प्रस्ताव गर्ने उद्देश्यबाट तयार गरेको प्रतिवेदन आगामी वर्षको बजेटमा समावेश भई पूर्ण रुपमा कार्यान्वयनमा आउन नसकेको, स्रोत सुनिश्चत हुन नसकेको, आयोजना बैङ्क र सोको कार्यान्वयन पक्षमा जोड दिनुपर्ने, स्वीकृत परियोजना प्रतिवेदन अनुसारको कार्यक्रम वजेटमा आवद्ध हुन नसकेको, परियोजना प्रतिवेदन भन्दा फरक ढंगबाट कार्यक्रम स्वीकृत हुने गरेको, खरिद ऐनका प्रचलित विधि पद्धतिको पूर्ण पालना हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

विशेष लेखापरीक्षण

१०९. **गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार -** कार्यक्रमको विशेष लेखापरीक्षणबाट पूर्व तयारी, छनोट तथा कार्यन्वयनमा सुदृढीकरण, स्थानीय तह, स्वास्थ्य संस्था र सम्बन्धित निकायको समन्वयमा दायरा एवं श्रोत विस्तार, आकस्मिक उद्धार कोषको सवलिकरण हुन नसकेको, वित्तीय स्रोतहरूको सुनिश्चितता कायम हुन नसकेको, माग व्यवस्थापन एवं पहुँच अभिबृद्धी गर्न प्रविधिको प्रयोग गरी सेवा सरलीकरण हुन नसकेको, हेल्पलाइन सेवा सञ्चालन हुन नसकेको, समान प्रकृतिका अन्य स्वास्थ्य तथा आपतकालीन उद्धार कार्यक्रमसँग आवद्धता कायम हुन नसकेको, उद्धारका साधन एवं वैकल्पिक सेवाको सहज उपलब्धता हुन नसकेको, हवाई सेवा प्रदायकसँगको सहकार्यमा सेवा प्रवाह प्रभावकारी तुल्याउन नसकेको, रात्रिकालीन उद्धारमा कठिनाइ रहेको जस्ता बेहोराहरू देखिएका छन्।

११०. **अर्थतन्त्रको अवस्था, विशेष अध्ययन -** अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाब र जटिलतालाई सम्बोधन गर्नुपर्ने, आयातमा आधारित राजस्व, तुलनात्मक रुपमा कम निकासी र बढ्दो व्यापार घाटा कम गर्न नीतिगत तथा प्रकृयागत सुधार गर्नुपर्ने, राजस्वको कमी र खर्चको वृद्धिसंगै पूँजीगत खर्चमा प्रभावकारिता हासिल गर्नुपर्ने, बढ्दै गएको सामाजिक सुरक्षा तथा अनिवार्य दायित्वमा ध्यान दिनुपर्नेलगायतका बेहोराहरू देखिएका छन्।

वातावरणीय लेखापरीक्षण

१११. **औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन -** औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहरमैलाको प्रकृति र परिमाण वृद्धि हुँदै गएको, अव्यवस्थित रुपमा हानिकारक तथा रासायनिक फोहरमैला निष्काशन हुने गरेको, फोहर उत्सर्जन न्यूनीकरण, फोहोरको वर्गीकरण गरी तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन

हुने नगरेको, फोहोरको व्यवस्थित संकलन, वर्गीकरण एवं व्यवस्थनपन हुन नसकेको, फोहोरको पुनःप्रयोग, जनचेतना अभिवृद्धि र क्षमता विकासमा पर्याप्त ध्यान नपुगेको, फोहरबाट ऊर्जा उत्पादन, आम्दानी स्रोतको रुपमा उपयोग गर्ने जस्ता नवीन अवधारणाको कार्यान्वयन हुन नसकेको, पुनः प्रयोग, निर्मलीकरण एवम् प्रसोधन, फोहर पानीको सुरक्षित प्रसोधन, नवीनतम तथा उन्नत प्रविधि अवलम्वन हुन नसकेको, सम्बद्ध निकायबिच साझेदारी, सहकार्य एवं समन्वय कायम हुन नसकेको, प्रकृति र परिमाणअनुसार सेवा शुल्क निर्धारण हुन नसकेको जस्ता बेहोरा देखिएका छन्।

सूचना प्रविधि लेखापरीक्षण

११२. **वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली -** उल्लिखित प्रणालीको सूचना प्रविधि लेखापरीक्षण गर्दा सूचना प्रविधि व्यवस्थापन नीति तर्जुमा गरी एप्लिकेशन सफ्टवेयरको विकास एवं प्रयोग हुन नसकेको, सूचना प्रविधि पूर्वाधारको उचित प्रबन्ध हुन नसकेको, सम्भावित जोखिमको पूर्वानुमान र न्यूनीकरण, तथा प्रणाली स्तरोन्नतिका लागि दीर्घकालीन रणनीति तर्जुमा हुन नसकेको, डाटाबेस, हार्डवेयर, नेटवर्किङ्ग र फायरवालको निरन्तर सुधार र लाइसेन्स नवीकरण हुन नसकेको, सरकारी निकायका सूचना प्रणाली सूचना प्रविधि विभागमा अभिलेखीकरण तथा मानकीकरण, तथ्याङ्क भण्डारणको क्षमता अभिवृद्धि हुन नसकेको, हार्डवेयर र सफ्टवेयरको विस्तृत अभिलेखीकरण हुन नसकेको, प्रणाली प्रयोगकर्ताको साक्षरता अभिवृद्धिका लागि अनलाइन ट्युटोरियल तथा प्रशिक्षण कार्यक्रम सञ्चालन हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** - नेपालको संविधानको धारा २४१ अनुसार सङ्घीय र प्रदेश तहका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी ५ हजार ७५९ निकायको लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०८०।८१ को लेखापरीक्षणबाट रु.९९ अर्ब २३ करोड ६३ लाख बेरुजु देखिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएकोमा ३५ दिनभित्र सम्बन्धित निकायहरूले रु.७ अर्ब ६३ करोड ८४ लाख फर्स्यौट गरेकोले देहायबमोजिम रु.९१ अर्ब ५९ करोड ७९ लाख फर्स्यौट हुन बाँकी रहेको छः

(रु. लाखमा)

विवरण	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौट		फर्स्यौट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
सङ्घीय सरकारी कार्यालयहरू	४०४८१	५११००६	२५४१	३३५७६	३७९४०	४७७४३०
प्रदेश सरकारी कार्यालयहरू	१९७९८	४५३०६	१०८३	३३०५	१८७१५	४२०००
स्थानीय तह	१२५८२९	२८३४२६	१२९२८	३०१८४	११२९०१	२५३२४२
समिति र अन्य संस्था (प्रदेश समेत)	२३६५७	१५२६२५	१०८८	९३१९	२२५६९	१४३३०७
जम्मा	**२०९७६५**	**९९२३६३**	**१७६४०**	**७६३८४**	**१९२१२५**	**९१५९७९**

यसैगरी यो वर्ष ११ विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण, १ विषयको सूचना प्रविधि र २ विषयको विशेष लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ। समिति र अन्य संस्थातर्फ ३०५ संस्थाको बक्यौतासमेत ९०३ आय वर्षको लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ। यस वर्ष सङ्घीयतर्फ ३ र प्रदेशतर्फ १ समेत ४ कार्यालयको लेखापरीक्षण बक्यौता रहेको छ। यसै गरी गत विगतका बक्यौतामध्ये सङ्घीयतर्फ ३ र स्थानीय तहतर्फ ८ समेत ११ कार्यालयको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बेरुजुको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) मा कार्यालयस्तरमा तथा दफा ३८(२) मा केन्द्रीयस्तरमा बेरुजुको लगत राख्नुपर्ने र दफा ३८(४) मा फर्स्यौट तथा फरफारक भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा बेरुजुको लगत समेत परीक्षण गराउनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयले २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा बेरुजुको लगत राखी सोही प्रणालीबाट सोको सम्परीक्षण तथा लगत कट्टा गर्दै आएको छ। उक्त आर्थिक वर्ष अगाडिका बेरुजुको लगतसमेत प्रणालीमा राखी व्यवस्थित गर्ने कार्य भइरहेको छ। कार्यालयस्तर र केन्द्रीयस्तरमा समेत बेरुजु लगत राखी सोलाई अद्यावधिक गर्दै जानुपर्ने देखिन्छ।

३. **बेरुजु फर्स्यौट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुलउपर गरी बेरुजु फर्स्यौट

गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार २०६०।६१ देखि २०७९।८० सम्मको बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३४२६६९१	०	१४९३९६	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश सरकारी कार्यालयहरू	२८४६८४	०	२१८६५	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१९३४५८३	८२	९५०१६	१८३९६४९	२५३२४२	२०९२८९१
समिति र अन्य संस्था (प्रदेश समेत)	१०५२६८१	१४९	१६६६३	१०३६१६७	१४३३०७	११७९४७४
जम्मा	**६६९८६३९**	**२३१**	**२८२९४०**	**६४१५९३०**	**९१५९७९**	**७३३१९०९**

महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदनसम्म बाँकी रहेको कुल बेरुजु रु.६ खर्ब ६९ अर्ब ८६ करोड ४० लाखमध्ये यो वर्ष समायोजन रु.२ करोड ३१ लाख तथा फर्स्यौंट र सम्परीक्षणसमेत रु.२८ अर्ब २९ करोड ४० लाख (४.२२ प्रतिशत) र यो वर्ष रु.९१ अर्ब ५९ करोड ७९ लाख थप भई रु.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख अद्यावधिक बेरुजु रहेको छ।

प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २०७९।३।१७ को पत्रानुसार सङ्घीय कार्यालयको सम्परीक्षण स्थगित भएकोमा २०८१।१२।१८ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको संशोधनपश्चात् निकाय तथा कार्यालयबाट बेरुजु फर्स्यौंट भई आएकोले सम्परीक्षणको कार्यलाई निरन्तरता दिइएको छ। उक्त ऐनको संशोधनपश्चात् रु.१६ अर्ब ३८ करोड ३९ लाखको सम्परीक्षण गरिएको छ। सोमध्ये रु.१० अर्ब ९९ करोड ९० लाख असुल भएको छ।

४. **प्रतिवेदन कार्यान्वयन कार्ययोजना -** लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकबाट जारी प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए/नभएको र सुझाव कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न सम्बन्धित निकायबाट भएका काम कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि कार्यावधि तोकी पुनः जाँच तथा आवश्यकतानुसार निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकबाट जिम्मेवार पदाधिकारी तथा लेखा उत्तरदायी अधिकृतलाई प्रतिवेदनका सुझाव कार्यान्वयन सम्बन्धमा समय-समयमा निर्देशन दिए तापनि समयमै त्यस्ता सुझाव कार्यान्वयन नगर्दा सोही प्रकृतिका बेहोरा दोहोरिने गरेका छन्।

सङ्गठित संस्थाको जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्ने जिम्मेवारी सञ्चालक समिति तथा पदाधिकारीहरूमा हुनेमा प्रतिवेदनमा दिइएका सुझावको व्यवस्थित अभिलेख राखी कार्यान्वयन गर्ने कार्य प्रभावकारी नहुनुका साथै विगतका बेरुजु फर्स्यौंट गरी लगत अद्यावधिकसमेत हुन सकेको छैन। निकाय, कार्यालय, संस्था र समितिहरूले लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन कार्ययोजना तयार गरी सोअनुरूप कार्यसम्पादन गर्नुपर्दछ।

५. **बेरुजु फर्स्यौंटमा भएको प्रयास -** यो वर्ष लेखापरीक्षण तथा बेरुजु फर्स्यौंटलगायतका विषयमा लेखा उत्तरदायी अधिकृत, सार्वजनिक लेखा समिति, सङ्गठित संस्थाका पदाधिकारी, उपत्यकाभित्रका महानगरपालिका तथा नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, उद्योगी तथा व्यवसायी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीसँग छलफल गरिएको छ। नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घले आयोजना गरेका विभिन्न अन्तरक्रिया कार्यक्रममा महालेखापरीक्षकलगायतको टोलीको सहभागिता रहेको थियो। त्यसै गरी सातै प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्य मन्त्री, प्रदेश लेखा समिति

र प्रदेश सरकारसँग महालेखापरीक्षकसहितको टोलीले भेटघाट तथा अन्तरक्रिया गरी लेखापरीक्षण बेरुजु, फर्स्यौंट र सम्परीक्षण सम्बन्धमा स्पष्टता पारेको थियो।

६. **लेखापरीक्षणको प्रभाव -** यो वर्षको लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा निम्नानुसार असुल भएको छः

(रु. हजारमा)

क्र.सं	विवरण	लेखापरीक्षणको क्रममा असुली	प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली	सम्परीक्षणको क्रममा असुली	जम्मा असुली
१	सङ्घीय कार्यालयहरू	४५१६८८	४८५३१८	१०९७४१२६	११९१११३२
२	प्रदेश कार्यालयहरू	४६४०५	७७९५२	३७७२४८	५०१६०५
३	स्थानीय तह	५३९११८	४७२१४१	७६३१०८	१७७४३६७
४	समिति र अन्य संस्था	-	-	-	२९७०१७
	कुल जम्मा	**१०३७२११**	**१०३५४११**	**१२११४४८२**	**१४४८४१२१**

७. **वार्षिक प्रतिवेदन र छलफल -** नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत प्रतिनिधि सभामा पेस गर्ने र धारा २९४(३) मा महालेखापरीक्षकले प्रदेशगत अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ। यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ।

७.१. प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ (८) मा सार्वजनिक लेखा समितिले सभामा पेस भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए/नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। महालेखापरीक्षकले एकसट्ठिऔँ वार्षिक प्रतिवेदन २०८१।२।१३ मा सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेकोमा प्रधानमन्त्रीमार्फत सङ्घीय संसद सचिवालयमा २०८१।४।९ मा दर्ता भई २०८१।१०।२७ मा प्रतिनिधि सभामा पेस भएको छ। यस वर्ष साठिऔँ वार्षिक प्रतिवेदनउपर छलफल भइरहेको छ। गत विगत वर्षका केही प्रतिवेदन समितिमा छलफल हुन बाँकी रहेका छन्। छलफल भएका बेरुजु सम्बन्धमा समितिबाट प्राप्त निर्देशन एवं सार्वजनिक लेखापालन सम्बन्धमा भएका निर्णयको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले निर्णय कार्यान्वयन अवस्थाको अभिलेख राखी प्रभावकारी अनुगमन हुन सकेको छैन।

७.२. महालेखापरीक्षकको प्रदेशगत छैठौँ वार्षिक प्रतिवेदनहरू २०८१।३।१३ सम्म सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएकोमा उक्त प्रतिवेदन मुख्यमन्त्रीहरूबाट कोशी प्रदेश सभामा २०८१।६।४, बागमती प्रदेश सभामा २०८१।५।१७, लुम्बिनी प्रदेश सभामा २०८१।३।१, गण्डकी प्रदेश सभामा २०८१।३।३१ र कर्णाली प्रदेश सभामा २०८१।३।३ मा पेस भएको छ। मधेश र सुदूरपश्चिम प्रदेशका सभामा उक्त प्रतिवेदन हालसम्म पेस भएको जानकारी प्राप्त भएको छैन।

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

सार्वजनिक निकाय र पदाधिकारीमा उत्तरदायित्व, पारदर्शिता र निष्ठा प्रवर्धन गर्नु सार्वजनिक क्षेत्रको लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। सोका लागि सार्वजनिक स्रोत साधनको प्राप्ति, उपयोग, परिचालन तथा उपलब्धिको विभिन्न आयामबाट परीक्षण एवं विश्लेषण गरिन्छ। यस वर्षको लेखापरीक्षणबाट देखिएका बेहोराको आधारमा सार्वजनिक सेवा प्रवाह तथा विकासका क्रियाकलाप जनअपेक्षाअनुरूप सञ्चालन गर्न देहायका विषयहरूमा सुधार हुनुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. कानुन तर्जुमा एवं कार्यान्वयन

१.१. तीनवटै तहका सरकारको कार्यलाई थप व्यवस्थित र स्पष्ट गर्न निजामती सेवा ऐन, शिक्षा ऐनलगायतका कानुन तर्जुमा/परिमार्जन गर्नुपर्दछ।

१.२. विद्यमान कानुनका कतिपय प्रावधान एक अर्कासँग बाझिएकाले सोको स्पष्टताको लागि कानुन संशोधन गर्नुपर्दछ।

१.३. सूचना प्रविधि, रासायनिक मल, जग्गा खरिद, पुरातात्त्विक सम्पदा निर्माण तथा जीर्णोद्धारलगायतका विषयलाई स्पष्टता गरी पारदर्शिता ल्याउन खरिद ऐनमा परिमार्जन गर्नुपर्दछ।

१.४. जग्गा प्राप्ति ऐनको विद्यमान व्यवस्थाले जग्गा प्राप्ति र अधिग्रहण गर्न जटिलता देखिएकोले यसमा समसामयिक सुधार गर्नुपर्दछ।

१.५. सम्पत्ति शुद्धीकरणलगायत अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धता तथा नेपाल पक्ष भएका अभिसन्धि एवं सम्झौताको कार्यान्वयनको लागि स्पष्ट खाका र जिम्मेवारीसहितको निकाय तोकी कार्यान्वयन गर्नुपर्दछ।

१.६. संविधानद्वारा निर्दिष्ट गरिएका पदमा नियुक्त पदाधिकारीको सेवा सुविधा कानुनमा नै स्पष्टसँग व्यवस्था गरिनु पर्दछ।

१.७. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

१.८. असुल गर्नुपर्ने तथा पेस्की बेरुजु रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको निश्चित अवधिभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ। सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्नुपर्दछ।

१.९. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

२. सङ्घीयता कार्यान्वयन

२.१. तीन तहका एकल र साझा अधिकार सूचीका विषयहरू कानुनी स्पष्टतासहित कार्यान्वयन गरिनुपर्दछ।

२.२. सङ्घीयता कार्यान्वयनको लागि कानुनद्वारा निर्दिष्ट गरिएका समन्वय परिषद्हरूको नियमित बैठक एवं निर्णयको कार्यान्वयन गर्ने संयन्त्र स्थापित गरिनुपर्दछ।

२.३. एउटै आयोजनामा तीनै तहका सरकारबाट लगानी गर्दा उपयुक्त साझेदारी मोडेलको व्यवस्था गरिनुपर्छ।

२.४. तीनै तहका सरकारले आफ्नो कार्यक्षेत्रको राजस्व परिचालन गर्ने सम्बन्धमा सम्बन्धित तहको क्षेत्र र दायरा सुनिश्चित गर्नुपर्दछ।

२.५. स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्न बेरुजु फर्स्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ।

२.६. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यससम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।

२.७. संविधान र प्रचलित कानुनबमोजिम प्रतिबद्धता जनाइएका अनुदान (समानीकरण) बजेटमा उल्लेख भएबमोजिम निकासा नहुँदा बजेट अभाव भई प्रदेश र स्थानीय तहमा कतिपय खर्चहरू आगामी आर्थिक वर्षमा भुक्तानी गरेको देखिएकोले त्यस्तो अनुदान कटौती नहुने सुनिश्चितता हुनुपर्दछ।

३. नियमन व्यवस्था

३.१. आम नागरिकको हितलाई सम्बोधन गर्ने निकायले गर्ने कार्यलाई व्यवस्थित गर्न स्थापित सबै नियमनकारी निकायको क्षमता अभिवृद्धि गर्दै सो अनुरूप कार्यसम्पादन भए नभएको मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ।

३.२. वस्तु तथा सेवाको आपूर्तिमा हुने ढिलाइ, न्यून गुणस्तर, कम तौल, कृत्रिम अभाव, मूल्य वृद्धि, सेवाप्रवाहमा हुने ढिलासुस्ती एवं अवरोध र कार्यसम्पादनमा देखिएका समस्या समाधान गर्न सम्बद्ध निकायबिच समन्वय कायम गरी अनुगमन गर्नुपर्दछ।

अर्थतन्त्र

४. दिगो एवं आत्मनिर्भर अर्थतन्त्र

४.१. राजस्व, व्यक्तिगत आम्दानी र वैदेशिक मुद्रा सञ्चिति एवं वैदेशिक श्रमको उपयुक्त व्यवस्थापन, आन्तरिक रोजगारीमा वृद्धि एवं सीपयुक्त श्रमको माध्यमबाट आर्थिक वृद्धि गर्न सम्बद्ध सबै निकायको कार्य प्रक्रियालाई पारदर्शी र अनुमानयोग्य बनाउनुपर्दछ।

४.२. राष्ट्रिय अर्थतन्त्रको विकासका लागि आन्तरिक उत्पादनलाई बढावा दिन राज्यलाई तिर्नु बुझाउनुपर्ने सबै प्रकारका रकम पूर्व अनुमानयोग्य र वहन गर्नसक्ने बनाउनुपर्छ।

४.३. प्रत्येक वर्ष आवश्यक पर्ने बीउबिजन, रासायनिक मल, कृषि उपकरणलगायतको आपूर्तिलाई सुनिश्चित गर्न निश्चित रकमसम्मको सुनियोजित चक्र तय गरी सोहीअनुसार आपूर्ति गर्नुपर्दछ।

४.४. अनौपचारिक आर्थिक क्रियाकलापलाई निरुत्साहित गर्न तथा नगद कारोबारलाई न्यून गर्ने नीति अवलम्बन गर्दै मौद्रिक क्रियाकलापको लागि विद्युतीय भुक्तानीलाई प्रश्रय दिन सोमा लाग्ने विभिन्न खर्चलाई न्यून गर्नुपर्दछ।

४.५. स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग स्थापना र प्रवर्धनको लागि कर तथा भन्सार महसुलमा नीतिगत स्थिरता कायम गर्नुपर्दछ। राष्ट्रिय उपभोगको संरचनामा सुधार गरी बचतलाई प्रोत्साहन गर्न एवं उत्पादशील क्षेत्रमा लगानी गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ। घोषणा गरिएका सबै किसिमका उत्प्रेरकहरूलाई बजेटमा व्यवस्था गरी सोको सुनिश्चितता हुनुपर्दछ।

५. उद्योग तथा व्यापार

५.१. उद्योग र व्यापारलाई व्यवस्थित गर्न सरकारी निकायबाट प्रवाह गरिने सबै किसिमका सेवामा समय र लाग्ने शुल्क निश्चित गर्नुपर्दछ।

५.२. लगानी वातावरण सहज बनाउन उद्योग, व्यापार, वित्तीय तथा करलगायतका क्षेत्रका नीति एवं कानुनबिच तादात्म्यता कायम गर्नुपर्दछ।

५.३. निकासी प्रवर्धन गर्न विशेष आर्थिक क्षेत्रमा तोकिएबमोजिमको लगानी उन्मुख वातावरण तयार गर्नुपर्दछ।

५.४. अर्धतयारी वस्तुहरूसमेत कच्चापदार्थको सुविधामा पैठारी गरी निकासी सुविधा दिने विद्यमान व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

५.५. परम्परागत ज्ञान र सीप तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगको विकास र संरक्षणको लागि वित्तीय उत्प्रेरणासहितको कार्यक्रम कार्यान्वयन गरी सोको बजारीकरणको प्रत्याभूति हुनुपर्दछ।

५.६. निजी तथा सार्वजनिक क्षेत्र र प्रत्यक्ष वैदेशिक लगानी आकर्षणका लागि अनुकूल वातावरण सिर्जना गरी नवप्रवर्तन र प्रविधिमैत्री उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्दछ।

६. वित्तीय क्षेत्र

६.१. कर्जा र निक्षेप अनुपातको प्रभावकारी अनुगमन गरी निक्षेप र कर्जाको ब्याज तथा अतिरिक्त प्रिमियमले पार्ने प्रभावको मूल्याङ्कन गर्नुपर्दछ।

६.२. सरकारी ब्याज अनुदान कार्यक्रमबाट प्रवाह भएको कर्जा निर्दिष्ट गरिएको क्षेत्रमा नै लगानी भएको सुनिश्चितता हुनुपर्दछ।

६.३. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सामूहिक खेती, खेतीयोग्य भूमिको सहकारीकरण गर्नुका साथै त्यस्तो भूमि सरकारी क्षेत्रबाट प्राप्त हुने सुनिश्चतता हुनुपर्दछ।

६.४. पर्यटन, सूचना प्रविधि, कृषिजन्य सामग्री निर्यातलगायतका क्षेत्रहरूबाट वैदेशिक मुद्रा आर्जन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ। साथै कृषि उपजको मूल्य स्थिरताका लागि भण्डारण, प्रशोधन र वितरण प्रणालीमा सुधार ल्याउनुपर्दछ।

६.५. बजार अनुगमन प्रणालीलाई सुदृढ गर्दै मूल्य वृद्धि तथा कृत्रिम अभाव नियन्त्रण गर्नको लागि सरकारबाट तोकिएको न्यूनतम मूल्यमा सरकारी संयन्त्रबाट खरिद बिक्री गर्ने व्यवस्था गर्नुपर्दछ।

७. सार्वजनिक संस्थान व्यवस्थापन

७.१. सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये सरकारले नै सञ्चालन गर्नुपर्ने, सरकारको आंशिक उपस्थिति आवश्यक पर्ने र सरकारको उपस्थिति आवश्यक नपर्ने क्रियाकलाप छुट्याई सो अनुरूप संस्थान सञ्चालन गर्नुपर्दछ।

७.२. सार्वजनिक संस्थानको कार्यकारीको नियुक्ति तोकिएको आधारमा व्यावसायिक योजनासहित गरिनुपर्दछ। सञ्चालक समितिमा सरकारका पदेन सदस्यको प्रतिनिधित्वलाई न्यून गरिनुपर्दछ। उद्देश्य अनुरूप संस्थान सञ्चालन गर्न नसक्ने पदाधिकारीलाई कार्य विश्लेषण गरी जिम्मेवार बनाउनुपर्दछ।

७.३. सार्वजनिक संस्थानको उद्देश्य सार्वजनिक हित वा व्यावसायिक हो स्पष्ट गर्नुपर्दछ। सार्वजनिक हितको उद्देश्य रहेका संस्थानहरूको सेवा प्रवाहका आधारमा र व्यावसायिक उद्देश्यका लागि स्थापित संस्थानहरूको मुनाफाको आधारमा मूल्याङ्कन गर्नुपर्दछ।

७.४. सार्वजनिक संस्थानमा कार्यकारी नियुक्ति गर्दा कानुनले तोकेको योग्यता पुगेको स्वघोषणा गर्नुपर्दछ।

७.५. निजीकरण गरिएका संस्थानसँग लामो समयदेखि उठाउन बाँकी रहेको बक्यौता रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

७.६. नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाबाट सहायक कम्पनीमा सञ्चालकको नियुक्ति वा मनोनयन गर्दा नेपाल सरकारको स्वीकृतिमा गर्नुपर्दछ।

७.७. सङ्गठित संस्थाको दीर्घकालीन आर्थिक दायित्वमा असर पार्ने निर्णय गर्दा अर्थ मन्त्रालयको सहमति लिनुपर्दछ।

७.८. कतिपय सङ्गठित संस्थाले कोष बेगर दायित्व सिर्जना गरेको देखिएकोले सोमा नियन्त्रण गर्न कोष बेगर (अनफण्डेड) दायित्व सिर्जना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउने गरी कानुन निर्माण गर्नुपर्दछ।

७.९. सङ्गठित संस्था र सरकारबिचको लगानी हिसाबमा फरक परेकोमा सो हिसाब मिलान गरेको छैन। यस्तो अवस्था नियन्त्रण गर्न सम्बन्धित संस्था प्रमुखलाई जवाफदेही बनाउनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

८. बजेट तथा कार्यक्रम

८.१. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

८.२. रकमान्तरको सीमा लागु नहुने अनुदान सङ्केतमा रकम विनियोजन गरी सोबाट अन्य अनुदान सङ्केतमा रकमान्तर गर्ने कार्यमा सुधार हुनुपर्दछ।

८.३. राष्ट्रिय बजेट प्रणाली बाहिर विभिन्न प्रकारका कोष खडा गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

८.४. प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम र योजना वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी बजेट स्वीकृतिपश्चात् नयाँ कार्यक्रम थप गरी प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९. राजस्व प्राप्ति र परिचालन

९.१. विद्युतीय प्रणालीमार्फत हुने सबै प्रकारका कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ।

९.२. सरकारले दिएको राजस्व छुटबाट परेको असर तथा प्रभाव मूल्याङ्कन गरी सोमा पुनरावलोकन गर्नुपर्दछ।

९.३. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदान प्रदान गर्नुका साथै वर्गीकरणको निर्णय गर्दा आधार र कारण स्पष्ट खुलाउनुपर्दछ।

९.४. कर प्रशासनले उद्योग, व्यापार, पेसा, व्यवसाय, संस्था दर्ता गर्ने तथा नियमन गर्ने निकायहरूबाट सूचना प्राप्त गर्न सूचना सञ्जाल तयार गर्नुपर्दछ।

९.५. कर असुलीलाई प्रभावकारी बनाउन समयमै राजस्व नतिर्ने करदातालाई पछिल्ला वर्षमा छुट सुविधा दिने प्रवृत्तिमा पुनरावलोकन हुनुपर्दछ।

९.६. संशोधित कर निर्धारणका क्रममा करदातासँग माग गरिएका सूचना तथा तथ्याङ्क, सोधनी गरिएका विषय, प्राप्त जवाफ र कर निर्धारण प्रतिवेदन एकीकृत कर प्रणालीमा आबद्ध गर्नुपर्दछ।

९.७. यन्त्र, उपकरण, मेसिन र सवारीसाधनको महसुल दर निर्धारण गर्दा यान्त्रिक परीक्षण गर्नुपर्ने उल्लेख गरेकोमा सो परीक्षण हुने सुनिश्चितता गर्नुपर्दछ। अन्यथा मूल्यलाई आधार बनाई राजस्व दरहरू निर्धारण गर्नुपर्दछ।

९.८. राज्यलाई प्राप्त हुने कर तथा राजस्वको विषयमा द्विविधा भई निराकरणका लागि सोधनी गर्ने तथा जानकारी दिने संयन्त्र निर्दिष्ट गर्नुपर्दछ।

९.९. राय तथा परामर्श दिने निकायले राय परामर्श दिँदा राय परामर्श दिएको विषय स्पष्ट गरी व्यवस्था वा प्रयोजन समेत खुलाउनुपर्दछ। कानुनबमोजिम गर्ने वा कानुनका दफामात्र उल्लेख गरी राय दिने कर्मचारी तथा पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

१०. वैदेशिक सहायता

१०.१. राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र वैदेशिक सहायता परिचालन गर्नुपर्दछ।

१०.२. प्राविधिक, वस्तुगतलगायतका वैदेशिक सहायतालाई राष्ट्रिय बजेटमा समावेश गरी लेखापरीक्षण हुने सुनिश्चितता गर्नुपर्दछ।

१०.३. विकास सहायताको प्रतिबद्धता, प्राप्ति एवं उपयोगबिच अन्तर रहेकोमा प्रतिबद्धताअनुसार प्राप्त गरी विकास सहायताको उपयोग गर्नुपर्दछ।

१०.४. वैदेशिक सहयोगमा सञ्चालित आयोजनामा जटिल प्रकृतिका कार्य र प्रविधि हस्तान्तरण हुने अवस्थामा मात्र वैदेशिक परामर्श सेवा लिनुपर्दछ।

१०.५. विकास साझेदारबाट यथासमयमा शोधभर्ना लिई सरकारी स्रोततर्फ परेको असरलाई कम गर्नुपर्दछ।

१०.६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी, जवाफदेही र उपलब्धिमूलक बनाउन प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१०.७. दातृपक्षसँग वैदेशिक सहायता लिँदा लेखापरीक्षण सम्बन्धमा प्रचलित कानुनमा भएको भन्दा फरक व्यवस्था हुने भएमा महालेखापरीक्षकको कार्यालयसँग परामर्श लिनुपर्ने व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

११. सार्वजनिक ऋण व्यवस्थापन

११.१. विनिमय दरका कारण ऋण परिचालनमा परेको नोक्सानीलाई न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्नुपर्दछ।

११.२. लागत, प्राप्त हुने उपलब्धि, जोखिम र फिर्ता गर्ने क्षमता विश्लेषण गरी वैदेशिक सहायता लिनुपर्दछ।

११.३. वैदेशिक ऋण परिचालन गर्दा पुँजी निर्माण नहुने तथा चालु प्रकृतिका कार्यमा खर्च नहुने सुनिश्चितता हुनुपर्दछ।

११.४. सरकार मातहत रहेका कोष, बोर्ड, परिषद्, समिति तथा संस्थाहरूमा रहेको नगद तथा बैङ्क मौज्दात निष्क्रिय वा न्यून ब्याजदरमा लगानी भइरहेकोमा सरकारले आन्तरिक ऋण लिनुपर्ने अवस्थामा त्यस्तो मौज्दातको समेत उपयोग र परिचालन गरी अधिक लाभ लिनुपर्दछ।

१२. सार्वजनिक खर्च

१२.१. संघ/प्रदेश/स्थानीय तहबिच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

१२.२. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोरिने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

१२.३. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनुपर्दछ।

१२.४. पूर्वाधार निर्माण गर्दा कार्यसंगति रहेका निकायहरूबिच आवश्यक समन्वय गरी निर्माणमा हुने दोहोरोपनालाई अन्त्य गर्नुपर्दछ।

१२.५. सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

१३. अनुदान व्यवस्थापन

१३.१. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।

१३.२. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

१३.३. सरकारी कोषबाट नगद अनुदान उपलब्ध गराउँदा कम्तीमा शून्य प्रतिफल दरमा फिर्ता गर्ने व्यवस्था गरिनुपर्दछ।

१४. लेखाङ्कन तथा प्रतिवेदन

१४.१. तीनै तहका सरकारमातहतका सबै गैरबजेटरी निकायहरूको कारोबारसमेत एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

१४.२. आर्थिक कारोबार र लेखासँग सम्बन्धित प्रमाण, कागजात तथा निर्णयहरू कागजरहित लेखाप्रणालीको अवधारणा अनुसार विद्युतीयरूपमा तयार गर्नुपर्दछ।

१४.३. बहुवर्षीय खरिद सम्झौता, वैदेशिक सहायता लगायतका कारणबाट सिर्जना हुने दायित्व तथा प्रतिबद्धताको अद्यावधिक अभिलेख राख्नुपर्दछ।

१४.४. वैदेशिक सहायतामा सञ्चालित सबै आयोजनाको वित्तीय प्रतिवेदन र अभिलेख स्वीकृत लेखा ढाँचामा राखुपर्दछ।

१५. आन्तरिक नियन्त्रण र लेखापरीक्षण

१५.१. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

१५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वलाई व्यवस्थित गर्न लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिलाई प्रभावकारी बनाउनुपर्दछ।

१५.३. मन्त्रालय, विभाग, संवैधानिक निकायको आवश्यक सूचना लेखा र लेखापरीक्षण प्रणालीसँग आबद्ध गर्नुपर्दछ।

१५.४. लेखापरीक्षण प्रतिवेदनहरू समयमै छलफल भई विषयवस्तुको निरूपण गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१५.५. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१६. खरिद तथा प्राप्ति

१६.१. खरिद योजनाअनुसार सार्वजनिक सम्पत्तिको खरिद हुनुपर्दछ। सम्पत्ति खरिद पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी र गुणस्तरीय हुनुपर्दछ।

१६.२. जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

१६.३. सम्पन्न भएका आयोजना खारेज वा विघटनपश्चात् त्यस्ता आयोजनामा रहेका यन्त्र, उपकरण एवं सम्पत्तिको अभिलेख राखी सोको उपयोग हुने गरी आवश्यक निकायमा हस्तान्तरण गर्नुपर्दछ।

१६.४. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

१६.५. दैनिक कार्य सञ्चालनको लागि कार्यालयमा सानो नगदी कोषमार्फत नगदमा भुक्तानी गर्ने प्रणालीमा सुधार गरी यस्तो भुक्तानी विद्युतीय माध्यमबाट गर्ने व्यवस्था गर्नुपर्दछ।

१७. अभिलेख, संरक्षण र उपयोग

१७.१. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

१७.२. राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजलाई सुरक्षित गर्ने तथा सोको अभिलेखलाई व्यवस्थित गर्न डिजिटाइजेसनलगायतको उपयुक्त विधि अवलम्बन गर्नुपर्दछ।

१७.३. विदेशस्थित कूटनीतिक नियोगहरूमा रहेको जिन्सी तथा सम्पत्तिको अभिलेख पाम्समा राख्नुपर्दछ।

१७.४. सार्वजनिक र गुठी जग्गाहरूलाई अतिक्रमणमुक्त बनाई उचित संरक्षण तथा उपयोग गर्नुपर्दछ।

१७.५. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१७.६. जफत भएका तथा सरकारी कार्यालयहरूमा प्रयोगविहीन अवस्थामा रहेका सवारीसाधनहरूको समयमै मर्मत सम्भार गरेर उपयोग गर्ने वा लिलाम बिक्री वा हस्तान्तरण गरेर सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।

विकास व्यवस्थापन

१८. दिगो विकास लक्ष्य

१८.१. प्रदेश तथा स्थानीय तहले दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१८.२. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थाहरूबिच समन्वय एवं सहकार्य गर्नुका साथै अपनत्व कायम हुने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ।

१८.३. दिगो विकास लक्ष्यहरूको कार्यान्वयन गर्न तथा प्रगति मापन गर्न एकीकृत तथा खण्डीकृत तथ्याङ्क सङ्कलन गरी एकीकृत तथ्याङ्क प्रणालीमा अभिलेखीकरण गर्नुपर्दछ।

१९. आयोजना व्यवस्थापन

१९.१. आयोजना प्राथमिकीकरण गर्दा लागत लाभ, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि लगायतको विश्लेषणपश्चात् उपयुक्त आयोजनाहरूलाई आयोजना बैङ्कमा समावेश गरी बजेट विनियोजन गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.२. राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजनामा बजेटको सुनिश्चितता गर्नुका साथै सरोकारवाला निकायबिच समन्वय र सहकार्य हुने गरी निर्धारित समयमा नै आयोजना सम्पन्न गर्न उपयुक्त अनुगमन संयन्त्र सहितको कानुनी व्यवस्था हुनुपर्दछ।

१९.३. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। आयोजनाको पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन गर्दा समय र लागतमा वृद्धि भई प्रतिफल प्राप्तिमा ढिलाइ भएको अवस्था छ। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

१९.४. नवप्रर्वतन र प्रविधिलाई आत्मसात गर्दै सार्वजनिक निर्माण लागत घटाउन अन्तर मन्त्रालय समन्वय गरी विद्यमान नर्म्स अद्यावधिक गर्नुपर्दछ।

१९.५. आयोजना निर्माणमा जग्गा प्राप्ति र क्षतिपूर्ति वितरण, स्रोत व्यवस्थापन र निर्माण तथा सञ्चालनको मोडालिटी निर्धारण सम्बन्धमा खरिद कानुनमा थप स्पष्टता हुनुपर्दछ।

१९.६. परामर्शदाताबाट तयार भएका विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा देखिएका त्रुटि सम्बन्धमा सम्बन्धित परामर्शदातासमेतलाई जवाफदेही बनाउनुपर्दछ।

१९.७. मन्त्रालयहरूले बजेट विनियोजन गर्दा विगतमा खरिद सम्झौता भई अधुरा रहेका आयोजनालाई प्राथमिकता दिनुपर्दछ। एकमुष्टरूपमा खरिद सम्झौताको म्याद थप गर्दा सोपश्चात् लाग्ने भुक्तानीको प्रत्याभूति हुनुपर्दछ।

१९.८. खरिद कार्यमा कर छुट दिने व्यवस्था भएमा प्रतिस्पर्धा गर्ने समयमा नै सो यकिन भएको हुनुपर्दछ। खरिद सम्झौता गर्दा कर छुटको रकम निर्माण व्यवसायीलाई भुक्तानी नहुने सुनिश्चितता रहनुपर्दछ।

२०. सार्वजनिक खरिद व्यवस्थापन

२०.१. डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने खरिद सम्झौतामा मूल्य समायोजनसम्बन्धी व्यवस्थालाई ऐनमा नै स्पष्ट गर्नुपर्दछ।

२०.२. खरिद सम्झौता तथा कार्यतालिकाबमोजिम कार्य नगर्ने निर्माण व्यवसायी एवं आपूर्तिकर्ता र सोको कार्यान्वयनसँग सम्बन्धित कर्मचारीलाईसमेत जिम्मेवार बनाउनुपर्दछ।

२०.३. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

२०.४. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२०.५. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

२०.६. सार्वजनिक निकायले मालसामान खरिद गर्दा पैठारीकर्ताले भन्सार विन्दुमा घोषणा गरेको मूल्यमा लाग्ने महसुललगायतका कर, ढुवानी, अन्य खर्च, लगानी आय आदि जोडी कायम हुने मूल्यमा सोझै खरिद गर्न मिल्ने गरी कानुनी व्यवस्था मिलाउनुपर्दछ।

२०.७. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिएबमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश बेहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

२०.८. कुनैपनि सेवा खरिदपश्चात् प्रतिस्पर्धा नगरी वार्षिक मर्मतसम्भार करार गर्नुपर्ने भएमा खरिदकै समयमा सो विषयसमेत यकिन गरी प्रतिस्पर्धा गराउनुपर्दछ। साथै प्रोप्राइटरी सामान खरिद गर्दा त्यसमा प्रयोग हुने मुख्य एवं सहायक सामग्रीको परिमाणको आवश्यकता, मूल्य र निश्चित अवधिसमेत यकिन गरी लागत अनुमान तयार गर्नुका साथै सोअनुसार प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ।

सूचना प्रविधि

२१. कानुनी तथा अन्य व्यवस्था

२१.१. विद्युतीय कारोबार र सूचनाको सुरक्षा, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङको उपयोग, विद्युतीय प्लेटफर्महरू लगायत सबै प्रकारका सूचना प्रविधि क्षेत्रलाई लागु हुने गरी आवश्यक कानुनी व्यवस्था गर्नुपर्दछ।

२१.२. सूचनाको गोपनीयता, साइबर सुरक्षाको निगरानी, सूचना प्रविधिसम्बन्धी लेखापरीक्षण तथा सङ्कट व्यवस्थापन र निरन्तर सेवा सञ्चालनका लागि आवश्यक व्यवस्था गर्नुपर्दछ।

२१.३. विद्युतीय प्रणाली विकास र विद्युतीय यन्त्र उपकरण खरिदको नर्म्स र लागत अनुमान तयार गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक प्रबन्ध गर्नुपर्दछ।

२१.४. सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान गरी डिजाइन, विकास र मर्मतसम्भार सम्बन्धमा पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरी प्रणाली तयार गर्नुपर्दछ।

२२. प्रयोग र सुरक्षा

२२.१. विभिन्न सार्वजनिक निकायहरूले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्यमा सुधार गरी निरन्तर ब्याकअपसहितको एकीकृत डाटा सेन्टरको विकास गरी सबै निकायले सेवा लिन सक्ने व्यवस्था गर्नुपर्दछ।

२२.२. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

२२.३. सूचना प्रविधिलाई प्रभावकारी बनाउन, नियन्त्रण र सुरक्षामा एकद्वार प्रणाली लागु गर्न उत्प्रेरकको व्यवस्था गरी छुट्टै ज्ञान केन्द्र (नलेज सेन्टर) स्थापना गर्नुपर्दछ।

२२.४. सरकारी निकायले सञ्चालन गर्ने सबै सूचना प्रणालीको आधिकारिक निकायमा दर्ता तथा नवीकरणको व्यवस्था मिलाई भल्नराबिलिटी एसेसमेन्ट एण्ड पेनेट्रेसन टेष्ट (भीएपीटी) लगायतका परीक्षण गरेर मापदण्ड पूरा भएपछि मात्र प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्दछ।

२२.५. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना-भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२२.६. डिजिटल भुक्तानीलाई प्रवर्धन गर्न सुरक्षित, सुलभ र सजिलो प्रणाली विकास गरी सबै प्रकारका भुक्तानी विद्युतीय माध्यमबाट हुने व्यवस्था गर्नुपर्दछ।

२२.७. सार्वजनिक निकायले प्रयोग गरेका वेबसाइट र मोबाइल एप्लिकेसनमा एकरूपता कायम गरी विद्युतीय माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण हुनुपर्दछ।

२२.८. सबै सरकारी निकायमा सूचना प्रविधिको पूर्वाधार तयार भई सञ्चालनमा रहेको अवस्थामा सूचना प्रविधि लेखापरीक्षण गर्न आवश्यक जनशक्ति तथा पूर्वाधार निर्माण गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

२३. मानव संसाधन व्यवस्थापन

२३.१. मागको आधारमा क्षमता विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ। बहुसीपयुक्त जनशक्ति तयार गर्न स्वदेशी तथा विदेशी तालिम प्रदान गरी जनशक्तिको ज्ञान, सीप क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२३.२. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

२३.३. सार्वजनिक संस्थान, आयोग, बोर्ड तथा प्रतिष्ठानको जनशक्तिको आवश्यकताको निर्धारण गर्दा छरितो र प्रविधियुक्त संरचनाका आधारमा दरबन्दी एवं पदपूर्ति हुनुपर्दछ।

२३.४. राष्ट्रसेवकमा सेवासँग सान्दर्भिक विषयको ज्ञान र सीप वृद्धि गरी कार्यकुशलता अभिवृद्धि गर्न आवधिकरूपमा न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ।

२३.५. सार्वजनिक प्रशासनमा संलग्न जनशक्तिको सेवा प्रवेशको लागि विशिष्टीकृत योग्यता कायम गर्ने एवं कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२३.६. निजामती सेवा ऐनको व्यवस्था विपरीत न्यूनतम सेवा अवधि नपुगी सरुवा गर्दा प्रशासनिक खर्चमा वृद्धि एवं कतिपय अवस्थामा जिम्मेवारी वहनमा समेत कमजोरी देखिएकोले यस्तो प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ। आधारबेगर समय नपुग्दै सरुवा गरेमा निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा १२ बमोजिम कारबाही गर्नुपर्दछ।

२४. सार्वजनिक सेवा प्रवाह

२४.१. निजामती प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनमा आबद्ध गरी सेवा प्रवाह छिटो, छरितो, पारदर्शी र अनुमानयोग्य बनाउन फेसलेस ब्युरोक्रेसी र विद्युतीय शासन, एकल सेवा केन्द्रको अवधारणा लगायतलाई कार्यान्वयन गर्नुपर्दछ। केही विशिष्टीकृत ज्ञान सहितको कार्यका लागि समयको लचकता, प्रोत्साहनसहितको एकभन्दा बढी कार्यालयको जिम्मवारी दिने व्यवस्था गर्नुपर्दछ।

२४.२. सेवा प्रवाहको प्रभावकारिताको लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। सेवाग्राहीको समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्यतालाई समेत ध्यान दिई सेवा प्रवाह तय गरिनुपर्दछ। सार्वजनिक निकायले सेवा प्रवाह गर्दा प्रमाणयोग्य कागजातहरूको सुरु प्रशोधनमा मात्र निःशुल्क गर्नुपर्दछ।

२४.३. सार्वजनिक सेवा प्रवाहको गुणस्तर, समयसीमा, शुल्क र यसको प्रक्रिया व्यवस्थित बनाई छरितो र अनुमानयोग्य सेवा प्रवाह प्रणाली लागु गर्नुपर्ने देखिन्छ। राजस्व रकम भुक्तानी गरिसकेपछि सेवा प्रवाह ढिलो लिँदा पनि जरिबाना र थप शुल्क लिने कार्यमा पुनरावलोकन हुनुपर्दछ।

२४.४. अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

सुशासन

२५. भ्रष्टाचार नियन्त्रण र सुशासन

२५.१. सार्वजनिक सेवाहरूलाई विद्युतीय माध्यमबाट उपलब्ध गराई सेवाप्रवाह छिटो, छरितो र अनुमानयोग्य बनाउनुपर्दछ।

२५.२. सार्वजनिक सेवा प्रवाहमा सामाजिक जवाफदेहिता सहित नागरिकको निगरानी प्रणालीलाई मजबुत बनाउनुपर्दछ।

२५.३. पदीय आचरण, निष्ठा अभिवृद्धि हुने कार्यसंस्कृतिको विकास गरी सार्वजनिक सदाचारिता प्रवर्धन गर्नुपर्दछ।

२५.४. शंकास्पद तथा आपराधिक क्रियाकलाप र वित्तीय कारोबारसँग सम्बन्धित सूचना नियमन तथा कार्यान्वयन गर्ने निकायबिच समन्वय र सहकार्य गर्ने व्यवस्था गर्नुपर्दछ।

२५.५. वैदेशिक तथा आन्तरिक भ्रमण गर्दा औचित्य पुष्टि हुने गरी मात्र गरिनुपर्दछ। विभिन्न भेला, अवलोकन भ्रमणको सार्थकता निर्णय गर्ने पदाधिकारीले निर्णयमा नै उल्लेख गर्नुपर्दछ।

२५.६. वैदेशिक भ्रमणको निर्णय भएपछि मात्र भ्रमणसम्बन्धी व्यवस्थापकीय कार्य गर्नुपर्दछ। वैदेशिक भ्रमण खर्चमा मितव्ययिता ल्याउन यथासमयमा नै निर्णय गर्नुपर्दछ।

२६. वित्तीय अनुशासन

२६.१. अनुत्पादक खर्चमा नियन्त्रण, सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्न उच्च पदस्थ पदाधिकारी स्वयं मितव्ययी, मर्यादित र उदाहरणीय रूपमा प्रस्तुत हुनुपर्दछ। त्यस्तै बैठक, सभा सम्मेलन, भेला, उत्सव लगायतका विविध खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२६.२. स्वीकृत बजेट तथा कार्यक्रमको आधारमा उच्च प्रतिफल र गुणस्तर कायम हुने गरी खर्च गर्नुपर्दछ। सूचक निर्धारण गरी वित्तीय उत्तरदायित्व वहन गरिनुपर्दछ।

२६.३. वित्तीय अनुशासन कायम गर्न निकायको कार्यप्रकृति अनुरूप आचारसंहिताको व्यवस्था तथा सोको परिपालना हुनुपर्दछ।

२६.४. कर, भन्सार महसुलसँग सम्बन्धित विवादको टुङ्गो कानुनमा निर्धारित समयमा नै हुनुपर्दछ। लेखापरीक्षणबाट औँल्याइएका कतिपय विषयहरू निर्धारित समयभित्र फर्स्यौंट नगर्दा एकातर्फ राजस्व गुम्नुका साथै अर्कोतर्फ सम्बन्धित लगानीकर्ता हतोत्साहित हुने अवस्था रहने हुँदा यसको निराकरण कानुनद्वारा तोकिएको अवधिमा नै गर्नुपर्दछ। सोबमोजिम नगर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

२७. जवाफदेहिता र निष्ठा प्रवर्धन

२७.१. नैतिक पूर्वाधार निर्माण गर्न विद्यालय तहदेखि नै नैतिक शिक्षाका विषय समावेश गर्नुपर्दछ।

२७.२. सेवा प्रवाहमा संलग्न पदाधिकारी र कर्मचारीलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउनुपर्दछ।

२७.३. सार्वजनिक पद धारण गरेका सबै पदाधिकारी तथा कर्मचारीको सेवा सुविधालाई पारदर्शी गरिनुपर्दछ।

२७.४. सार्वजनिक सेवा प्रवाहका कार्यमा पारदर्शिता तथा जवाफदेहिताको प्रत्याभूति हुने गरी सूचनाको संप्रेषण तथा सार्वजनिकीकरण हुनुपर्दछ।